# अध्याय - एक

## परिचय

विगतमा विभिन्न वैवाहिक पद्धति हावी थिए । यी मध्ये केही पद्धति रुपान्तरण हुदै हालसम्म कायम छन् । केही नयाँ पद्धति जन्मने र विकास हुने क्रममा छन् । पक्कै पनि भविष्यमा यस्तो क्रम जारी रहनेछ । यसका साथै वर्तमान विश्वचित्र नै विभिन्न धर्मावलम्बी, साँस्कृतिक समूह र जनसमुदायमा विभिन्नपद्धति अन्तर्गत वैवाहिक सम्बन्ध स्थापित गर्ने गरिन्छ । वैवाहिक सम्वन्ध भित्रको घनिष्टता, स्थायित्व, लेनदेन, र अन्य अन्तर्क्रियाका साथै दम्पतिको बालबच्चा, परिवारका अन्य सदस्य, नातागोता र मित्रगणसँगको सम्वन्ध पनि भिन्न भिन्न रहेको पाईन्छ ।

फेरी, कुनै खास समाज र जनसमुदायमा समेत स्थापित वैवाहिक पद्धति स्थिर नभएको भेटिन्छ । कुनै पद्धति बढी ग्राह्य बन्दै जाने क्रममा हुन्छन भने कुनैले क्रमशः वैधता गुमाउदै गएका हुन्छन् । यसरी कालान्तरमा स्थापित वैवाहिक पद्धतिको रुपान्तरण भएको छ र नयाँ विवाह पद्धति स्थापित हुदै गएका छन् ।

विवाह पद्धतिमा यस्तो भिन्नता किन छ ? स्थापित विवाह पद्धतिमा परिवर्तन किन हुन्छ ? नयाँ विवाह पद्धति किन स्थापित, वैध र मान्य हुन पुग्छन् ? के पद्धतिगत भिन्नताको पछाडी 'दैवि' वा 'प्राकृतिक' कारण छ ? वा 'परम्परा' यस्तो भिन्नताको उपयुक्त र यथेष्ट व्याख्या हो ? यदि परम्परा उपयुक्त र यथेष्ट व्याख्या हो भने विवाह पद्धतिमा आएको र भविष्यमा आउने परिवर्तनको व्याख्या कसरी गर्न सकिन्छ ?

नेपालमा पनि यहाँ विभिन्न विवाह पद्धति कायम छन् । यी मध्येको एउटा पद्धति हो 'मागी' विवाह, जसलाई परिवार र नजिकका नातागोताद्वारा रचित र संरक्षित विवाह भन्न सकिन्छ । अर्को विवाह पद्धति हो 'प्रेम' विवाह, जुन विवाह गर्ने केटा र केटीको ईच्छाअनुसार हुन्छ ।

यिनका साथै पनि अन्य विशिष्ट विवाह पद्धति विद्यमान छन् । जस्तै जारी विवाह, विधवा-विधुर विवाह , बालविवाह, शृंखलायुक्त विवाह, बहुविवाह, (बहुपति र बहुपत्नि प्रथा अन्तर्गत), एकल विवाह, क्रमबद्ध एकल विवाह, आदि-आदि । यी विभिन्न पद्धतिका आ आफ्नै छुट्टै परिवेश छन् । (मिश्र, चैतन्य, (२०१०) ।

समाज मानवीय अन्तरसम्बन्ध, अन्तरसंघर्ष, आपसी सहयोग, सदव्यावहारबाट अगाडी बढिरहेको छ या अस्तित्वमा छ अथवा मानवीय अन्तरसंम्बन्धको जालो नै समाज हो । प्रत्येक समाजको सामाजीक संरचना लाई अस्तित्वमा राख्न समाजको विभिन्न इकाइहरुको आपसी प्रकार्यात्मक सम्बन्धको खाँचो हुन्छ । ती विभिन्न इकाइहरु (पक्षहरु) जस्तै जात-जाति, धर्म, संस्कृति, विवाह, परिवार, नाता,सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक संगठनहरु आदिको आपसिक अन्तरसंम्बन्धबाट नै समाज सुचारु रुपले समय सापेक्ष अगाडी बढिरहेको हुन्छ । यी उल्लेखित सुक्ष्म तथा वृहत संस्थाहरु मध्ये विवाह र परिवार ऐतिहासिक संस्थाहरु हुन । जसलाई सामाजिक संरचना को बलियो खम्वा को रुपमा लिन सकिन्छ । सिंगो सामाजिक संरचनाको निरन्तरताको लागि परिवारको नै महत्वपुर्ण स्थान  छ । जो विवाह पछि मात्र सम्भव हुन्छ । यि सामाजिक संरचनाका भागहरु  सृष्टिको उषाकालिन समयदेखि अहिले सम्म परिवर्तन हुँदै आइरहेको छन र परिवर्तनिय छन् । जुन कुरा समाज विकाश को नियम नै हो । अगाडिका सामाजिक मुल्य, मान्यता र प्रचलन लाई आजको भौतिकबादी चिन्तनले विस्तारै विस्थापित गर्दै नया अवधारणा  सोच र मान्यताको विकास हुदैछ । परिणामस्वरुप विवाह प्रतिको सामाजिक मुल्य, मान्यता, संस्कार,प्रचलनमा परिवर्तित धारणा आई कानुन आधार र मानवीय तर्कको आडमा संम्बन्ध विच्छेद गर्न सकिने व्यवस्था भए अनुरुप सम्बन्धविच्छेदको वृद्धि पनि भइरहेको छ ।  विवाहको इतिहासलाई हेर्ने हो भने यसको सुरुवात विना भेदभाव सामुहिक यौनसंम्बन्ध बाट आज एकलगामी विवाहमा परिणत भएको छ । जुनकुरा लाई Herbert Spencer, Sir John Lubbock जस्ता Sociologist ले स्वीकार नगरे पनि प्राय सबै Sociologist हरु यस सिद्धान्तमा सहमत  छन्  (थपलिया,शान्ता, (२०४८) ।

संम्बन्धविच्छेद विभिन्न समाजको आ-आफ्नो परम्परागत रितिथिती र कानुनी दुवै आधारमा गर्न सकिए तापनि आजको लोककल्याणकारी राज्यको अवधारणा सृजित भइसकेको अवस्थामा हरेक कार्य कानुन अनुसार मात्र हुने जसबाट कुनै पक्षपनि मर्का नपर्ने सैद्धान्तिक मान्यता भए बमोजिम कानुनीरुपमा भएको संम्बन्ध विच्छेदले मात्र आधिकारिकता पाउने गरेको छ । यसको मतलव कुनै जात -जातीको आ -आफ्नै समुदायमा परम्परागतरुपमा गरिएको संम्बन्धविच्छेदले मान्यता पाउंदैन भन्न खोजेको भने होइन । जे होस यस अध्ययनमा संक्षिप्तरुपमा विभिन्न जात -जातीहरुको परम्परागत रुपमा हुदै आएको संम्बन्ध विच्छेदको प्रचलन र प्रकियालाई उद्धृत गर्दै कानुनी आधारमा भए गरेका सम्बन्धविच्छेदलाई मात्र व्यापक रुपमा अध्ययन अनुसन्धान गरिएको छ ।

सामाजिक अध्ययनका विषयहरु मध्ये सम्बन्धविच्छेद पनि एउटा हो । सम्बन्धविच्छेद आफैमा नराम्रो कुरा भने होइन तर यसले व्यक्ति, परिवार र समाजलाई केही न केही रुपमा

सकारात्मक या नकारात्मक प्रभाव पारेकै हुन्छ । यसलाई बुझ्न प्रत्येक समाजको आर्थिक, सामाजिक, राजनैतिक र सास्कृतिक संरचना बारे अध्ययन गरिनु नितान्त जरुरी हुन्छ । त्यसमा संलग्न विभिन्न इकाईको आपसिक अन्तरसम्बन्ध र प्रभावबारे गहिरो र विश्लेषणात्मक अध्ययन गरिनुपर्छ साथै यसका कारण र प्रभाव लाई बुझ्न यसैलाई प्रभावित गरिराखेका सामाजिक चलहरु को संम्बन्धलाई पनि बुझ्नु पर्छ । त्यसै गरी शिक्षा, रोजगार, चेतना, आधुनिकीकरण, पारस्परिक विश्वासमा कमि, कठोर धार्मिक सामाजिक मुल्य मान्यता र प्रचलन, उच्च महत्वकांक्षा, आदि आदि कारणबाट भएको सम्बन्ध विच्छेद एउटा पारिवारिक विषय भए पनि यसलाई त्यस समाजको राज्यव्यवस्था, अर्थव्यवस्था र सामाजिकव्यवस्थाले प्रभाव पारेको हुन्छ ।

## १.१. अध्ययनको पृष्ठभुमि

विवाह र परिवार सामाजिक संरचनाको बलियो खम्वाको रुपमा धेरै अगाडीदेखि स्थापित र विकसित हुदै आएका छन् । सृष्टिको प्रारम्भमा मानवमा यौनसंम्बन्ध  स्वतन्त्र र स्वच्छन्दरुपमा पशुसमान थियो । जंगली र प्राकृतिक अवस्थाबाट मानव सभ्यता र सांस्कृतिक युगमा परिवर्तन भए पछि स्वतन्त्र र स्वच्छन्दरुपमा हुदै आएको यौन सम्बन्धलाई वैध र व्यवस्थित गर्न विवाह संस्थाको प्रादुर्भाव भयो । विवाह बाट नै परिवारको सृजना भयो । जसले सिंगो समाजको स्वरुपलाई अगाडि बढाउदै समाजिक र सांस्कृतिक निरन्तरतालाई कायम राख्छ । तसर्थ जब एउटा समाजको सामाजिक, सांस्कृतिक, आर्थिक र राजनैतिक संरचनाबारे अध्ययन गर्नु पर्छ भने परिवारलाई केन्द्रविन्दुमा राखी अध्ययन गर्नुपर्छ । यसरी परिवारलाई अध्ययन गर्ने क्रममा त्यहाँ विचलन ल्याउन संम्बन्धविच्छेदले पनि ठुलो भुमिका खेल्छ । यसर्थ समय-सापेक्षरुपमा परिवारले नै समाजको सामाजिक सांस्कृतिक लगायत यावतपक्षहरुलाई निरन्तरता दिंदै र केही परिवर्तन गर्दै समाजलाई आफ्नो अस्तित्वमा राखिराखेको छ । आज समाज पविर्तन को क्रममा अति पितृप्रधान सोचबाट विस्तारै पछि हटि महिला शिक्षाको विकास, सचेतिकरण, महिला जागरण तथा सशक्तिकरण हुदै लैंगिक समानताको मुलप्रवाहिकरणको अवधारणा आई पारिवारिक सदस्यहरुको दक्षता, क्षमता र योग्यतालाई प्रस्फुटन गर्न गराउन दिने सोच, अभिभावकको कठोर नियन्त्रणबाट मुक्त, आत्मनिर्णय गर्न सक्ने क्षमताको विकास भई पारिवारिक सदस्यहरुको साझा भुमिकाको मान्यता र प्रचलनलाई नै समाजले विस्तारै स्वीकारेको देखिन्छ ।

यसरी सामन्तीयुगका सोच, मान्यता र व्यवहारहरु क्रमश:परिवर्तन हुदै पुजिबादी तथा मानवताबादी सोच,मान्यता र व्यावहारमा रुपान्तरण हुदैछन् । जसबाट विववाहो प्रचलन, तरिका र प्रकृयामा समेत परिवर्तन आएर संम्बन्धविच्छेदको प्रचलन, तरिका र प्रकियामा समेत नयां आयाम आएको छ

। यहि परिवर्तित सन्दर्भमा नै वैवाहिक सम्बन्धको विच्छेदवारे यस अध्ययनमा वैज्ञानिक तरिकाले अध्ययन गरिएको छ । मानवलाई अत्यावश्यक पर्ने अत्यधिक प्रचलनका शब्दहरु गांस, बांस र कपासको साथसाथै यौन सम्बन्ध पनि एक हो । शिकारी युग तिर फर्केर हेर्ने हो भने बास र कपासको बरु त्यति महत्व देखिदैन जति यौन आवश्यकताको महत्व देखिन्छ । किन कि यो नैसर्गिक एवं प्राकृतिक आवश्यकता हो र यसविना सृष्टिको संचालन असम्भव छ । तसर्थ यौन सम्बन्धलाई वैध तथा मानवीय बनाउन र समाजलाई अस्तित्वमा राख्न विवाह परम्परादेखि चलिआएको एक अत्यन्तै महत्वपुर्ण र अपरिहार्य सामाजिक संस्था हो । यसले पुरुष र स्त्रीलाई एक सुत्रमा बांध्ने काम गर्छ । साच्चै भन्ने हो भने यो लोग्ने र स्वास्नी बीचको बलियो गठबन्धन हो । यहि बलियो गठबन्धनलाई नै संम्बन्धविच्छेदले तोड्ने काम गर्छ । सम्बन्धविच्छेदलाई हिन्दुदर्शन मा हेर्ने हो भने सामान्यतया स्वीकृति दिएको भने पाइँदैन, (मनुस्मृति) बरु बहुविवाहलाई मान्यता दिएको पाइन्छ । तर पाश्चात्य मुलुकमा भने विवाहलाई सम्झौता या करारको रुपमा अंगिकार गरेको हुनाले सम्बन्धविच्छेद सजिलै हुन्छ । समाज विकास र परिवर्तन हुने क्रममा विस्तारै हरेक ठाउंमा भौतिकबादी चिन्तन र परिवर्तनले गर्दा आत्मनिर्णयको अधिकार, स्वतन्त्रता र मानवअधिकारका नाराहारु गुञ्जायमान भईरहेका छन् । जसले गर्दा मानविय सोचमा नै आमुल परिवर्तन आएको छ । शिक्षा, सचेतना, रोजगार, शहरीकरण, औधोगीकिकरणको विकास र पारिवारिक संरचना मा आएको परिवर्तन, जीवनशैली मा आएको परिवर्तनले गर्दा परम्परागत रुपमा चल्दै आएको विवाहपद्धति र केही कठोररुपको संम्बन्धविच्छेदमा लचिलोपना आई परिवर्तन भएको छ ।

सम्बन्धविच्छेद लाई विभिन्न राज्य व्यवस्था,अर्थव्यवस्था तथा सांस्कृतिक पृष्ठभुमि अन्तर्गत राखेर हेर्ने हो भने समाज विकासको लामो कालखण्डपछि सम्बन्धविच्छेद गर्न सकिने कानुनी अवधारणाको विकास भएको छ । परम्परागत समाजमा राज्य भित्र भएको राजनिति, कानुन, सम्प्रभुता जस्ता तत्वहरु आधुनिक राज्यव्यवस्थामा फरक रहेको पाइन्छ । यसमा खास गरी अर्थव्यवस्था र त्यसभित्रका वर्गले राजनीति, संस्कृति, शिक्षा आदिमा प्रभाव छोडेको हुन्छ । जस्तो Tributory Economy मा परम्परागत मुल्य मान्यताको संरक्षण र विकासमा जोड दिई रहेका कार्य त्यसबेला सामुहिक रुपमा गरिन्थ्यो । राज्य व्यवस्थाको नियन्त्रण अन्त्यन्तै कम थिया । स्थानिय तथा पारिवारिक नियम र स्थानीय वासिन्दाको स्वार्थ अनुरुपको पद्धति विद्यमान थियो । त्यति बेला सम्बन्धविच्छेदको लागी कुनै आधार खडा थिएन । त्यस अवस्थामा जातीय, प्रान्तीय तथा धार्मिक आधारमा आ(आफ्ना नियमहरु सम्पादित हुन्थे । समाज परम्परागत मान्यतामा आधारित थियो । परिणामस्वरुप आ आफ्नो जात, धर्म र संस्कृति अनुसार सम्बन्धविच्छेदका नियमहरु बन्न थाले तर

आजको Capitalistic Economy मा आएर यि नियमहरु परिवर्तन भएका छन् । हरेक ठांउको जात, धर्म, संस्कृति राजनीति, कानुन, आदिमा राज्यको नियन्त्रण र निर्देशन रहेको छ । केन्द्रिय नियम र खुल्ला अर्थव्यवस्थाको विकास भएको छ । स्थानीय र पारिवारिक नियम र प्रचलनमा हस्तक्षेप भई सबैलाई मान्य र लागु हुने गरी बनाइएको एउटै कानुनी प्रावधान छ । जसबाट समस्या समाधानार्थ कानुनी आधारमा संम्बन्धविच्छेद गर्न सकिने व्यवस्था प्रत्येक राज्यले अवलम्वन गर्नुपरेको छ ।

अंग्रेजी शब्द "Diovorce" Latin भाषाको "Divortimu" बाट लिइएको हो यसलाई शब्द विन्यास गर्दा Dis को अर्थ apart र verter को अर्थ to turn भन्ने हुन्छ । तसर्थ Diovorce is the dissolution of the ties of marriage (Encyclopedia, Britanica Vol-3).

यसबाट के स्पष्ट हुन्छ भने विवाहद्धारा स्थापित सम्बन्ध को विघटन नै संम्बन्धविच्छेद हो । Blacks Law Dictionary का अनुसार "The legal separation of husband and wife effected by the judgement of decree of a court, & either totally dissolving of the marriage relation of suspending its effect so far as concern the combination of the parties" (Black Law Dictionary 5th Eddition.).

Hindu Marriage Act सन १९५५ का अनुसार "विवाह विच्छेद भन्नाले कुनै पक्षका विवाह उपरान्त दुराचारका कारण अधिनियममा वर्णित अन्य कुनै कारणबाट न्यायलयद्धारा विवाह बन्धनको विघठन वा समाप्ती हो" (आचार्य, २०५७) ।

यसैगरी नेपाल को कानुनविद, संविधानवेत्ता तथा न्यायधिस श्री टोप ब. सिंहको कानुनी शब्दकोश अनुसार "विवाह विच्छेद भन्नाले अदालती फैसलाद्धारा या त पुर्णतया वैवाहिक सम्बन्ध भंग गरी वा पक्षहरुका बीच जहांसम्म सहवासको सम्बन्ध छ त्यसको प्रभाव निलम्बन गरी लोग्ने-स्वास्नीको पृथकीकरण हो" (सिंह,२०३८, पृ. ५४६) ।

यसरी माथि उल्लेखित अर्थ र परिभाषाबाट सम्बन्धविच्छेद के रहेछ भन्ने बारेमा थाहा पाइसकेपछि यो कुरा प्रष्ट हुन्छ कि सम्बन्धविच्छेद हुन सुरुमा पारिवारिक विघटन हुन्छ । Divorce कै समिप्यमा अर्थ दिन खोज्ने Seperation, Annulment र Desertion बारेमा पनि संक्षिप्तरुपमा उल्लेख गरौ । अझ बढि प्रष्ट हुन्छ ।

'Seperation' सम्बन्धविच्छेद गर्नुअगावैको अनौपचारिक अवस्था हो । यस अवस्थामा लोग्ने स्वास्नी पृथकरुपमा बसेपनि यौन सम्बन्ध भने हुनसक्छ । यो परिवारमा आएको क्षणिक झगडा,

आ-आफ्नो विचारमा अडिग र असमझदारीको कमिबाट सृजित हुन्छ । अर्को अवस्थामा छ 'Annulment' यसमा कानुनले तोकेको सिमा भन्दा वाहिर गएर विवाह गरिन्छ । फलस्वरुप वैवाहिक सम्बन्ध खण्डन हुन सक्छ । जस्तै जवरजस्ती गरिएको विवाह, दोस्रो विवाह आदि । यसमा सम्बन्धविच्छेद हुन्छ नै भन्न नसकिए पनि विच्छेद गराउन चाहे हुन्छ । सजिलो शब्दमा भन्दा यसलाई Voidable Marriage भन्न सकिन्छ । पुनः Divorce को निम्ति अर्को पुर्वावस्था छ । जसलाई Desertion भनिन्छ ।यस अन्तर्गत निश्चित समयसम्म परिवारबाट लोग्ने स्वास्नी मध्ये कुनै एक वा दुबैले परिवारलाई र आफुहरु एक आपसमा जानकारी नदिइ गायव हुन्छन् या हराउंछन् ।

उल्लेखित अर्थ र परिभाषाबाट ज्ञात हुन्छ कि सम्बन्धविच्छेद विभिन्न कानुनी आधारमा हुन सक्छन् । तापनि विभिन्न परम्परागत मान्यता, प्रचलनका आधारमा पनि सम्बन्धविच्छेद हुन्छन् । प्रमुख सवाल के हो भने परम्परागत सामाजिक प्रचलनका आधारमा भएका सम्बन्धविच्छेदबाट संम्बन्धविच्छेद पछिको स्थिती , वालबच्चाहरुको संरक्षणमा त्यति ध्यान नदिएको पनि हुन सक्छ । जसबाट एउटा पक्ष साह्रै मर्कामा पर्ने, अर्कोले लाभ उठाउने पनि हुन सक्छ । तर कानुनी रुपमा भएको सम्बन्धविच्छेदले प्रत्येक पक्षको मुल्यांकन गरी निर्णय र निर्देशन दिने सैद्धान्तिक मान्यता भए बमोजिम सबैमा न्यायिक पक्षको समानुपातिक व्यवस्था हुने अनुमान गर्न सकिन्छ ।

नयाँ मुलुकी ऐन २०२० लागु भए पश्चात विभिन्न जातजाती वा वर्ग समुदायमा उनी हरुको रीत अनुसार गरिने सम्बन्धविच्छेदलाई मान्यता नदिइए पनि रितीरिवाज या प्रथा अनुसार निम्न प्रकारका सम्बन्ध विच्छेद अझै पनि समाज कतै कतै पाइन्छ (थपलिया, २०४८) ।

उदाहरणको लागि **नेवारी** समाजमा छ भने : ग्वेः लित, विगु, पाचुके, सुपारी फर्काउने , **शेर्पा** समाजमा पेतु, वा टः, **लिम्बु** समाजमाः खेमजोङ्ग, न्याङजोङ, **गुरुङ्ग र मगर** समाजमा : सिन्को धागो, सिङ्गो पाङ्गो, छुट्टानाम । **तामाङ्ग** समाजमाः राङ गराउने, राङ राङ्गला, दोहोरो लिखत गरी छोड्नु , **सतारमाः** अपान किङकेकिन ( पानको पात च्यात्ने) , **मुस्लिम** समाजमा : तलाक क) तलाके रजाई ख) तलाके वाइन ग) तलाके मुगलज आदि-आदि ।

यी सम्बन्धविच्छेदलाई समष्टीगतरुपले विष्लेषण गर्दा यस्ता सम्बन्धविच्छेदको तरिका चारप्रकारको भएको पाइन्छ । औपचारिक कार्य गरेर, लिखित रुपमा, मौखिक रुपमा या भनेर, जारी, पोइल, सगाइबाट ।

यसरी समाजमा रहेको विभिन्न जातजाती वा वर्ग समुदायमा उनीहरुको रीत अनुसार सम्बन्धविच्छेद गरिने परम्परा भए पनि नया मुलुकी ऐन २०२० लागु भए पश्चात सबै जातजातीले

कानुनी आधारमा नै सम्बन्धविच्छेद गर्न सक्ने व्यवस्था भए बमोजिम लोग्ने र स्वास्नीले कस्तो कस्तो अवस्थामा र कुन कुन कारणहरुको सिर्जना भएमा सम्बन्धविच्छेद हुन्छ र त्यसपछिको दायित्व र अधिकारबारे समेत आउदो शिर्षकमा चर्चा गरिने छ । तर यस अध्ययनको शीर्षक "सम्बन्धविच्छेदको कारण र प्रभाव", भएकोले त्यसतर्फ नै बढी केन्द्रित भइने छ ।

### १.२ समस्याको कथन

संम्बन्धविच्छेद एउटा सामाजिक घट्ना हो । यो विशेषतः व्यक्तिहरुविचमा घट्ने भएपनि यसको कारक तत्व स्वयं व्यक्ति मात्र नभएर समाज पनि हुन्छ । यसले संम्बर्न्धित व्यक्ति, परिवार र समाजलाई समेत प्रभाव पारेको हुन्छ । सर्वप्रथम त सम्बन्ध विच्छेदले परिवारमा विघटन ल्याउँछ । हुन त यसले कतिपय अवस्थामा व्यक्तिमा सकारात्मक प्रभाव पारे पनि प्राय यसबाट नकारात्मक प्रभाव नै पर्छ । जसबाट सिंगो समाज नै यसबाट अछुतो रहन सक्दैन । यस्ता प्रभाव ( असर) हरुबारे अध्ययन गर्नु नितान्त जरुरी भएपनि प्रारम्भमा त सम्बन्धविच्छेदका कारणहरु के के हुन रु के कस्ता सामाजिक, आर्थिक, सांस्कृतिक पृष्ठभुमि बोकेका व्यक्तिहरुमा यसको दर बढि या कम हुन्छ र साथै यसमा उमेर, शिक्षा, पेशा जस्ता पक्षहरुले के कस्तो प्रभावकारी भुमिका खेल्छन् र परिचित, अपरिचित, आकस्मिक, सामान्य परिचित व्यक्ति बीच विवाह, विवाहको प्रकार, परिवारको रुप, यौन सम्बन्ध जस्ता पक्षहरुले यसमा कस्तो प्रभाव पारेको छ रु जस्ता पक्षहरुलाई समस्याको रुपमा लिई अध्ययन गरिनुपर्छ । यस का अतिरिक्त शहरीकरण, औधोगिकीकरण, दम्भ, स्वतन्त्रता, मानवअधिकार, चेतना, रोजगार जस्ता पक्षहरुबाट पनि सम्बन्धविच्छेद मा के कस्तो प्रभाव परेको छ र त्यसबाट बच्चाहरुमा परेको दुख, कष्ट, पारिवारिक अवहेलना, उनीहरुको व्यावहारमा देखापरेको परिवर्तन, उनीहरुप्रति समाजको दृष्टिकोण आदिले गर्दा उनीहरुमा के कस्तो प्रभाव परेको छ भन्ने जान्नुपर्ने हुन्छ । (कान्तिपूर दैनिक, २०६९) ।

सम्बन्धविच्छेद हुन के कस्ता कारणहरु कस्तो कस्तो अवस्थामा हुन्छ भन्ने कुरालाई प्रष्ट पार्न विवाह र परिवार जस्ता सामाजिक संस्थाहरुमा आएको परिवर्तनवारे समेत गहन अध्ययन र विश्लेषण हुनु पर्छ । झिना मसिना कुराहरुले पनि परिवारमा विखण्डन ल्याउछ । साथै पुरानो मुल्य र मान्यता बोकेका र नयां मुल्य र मान्यता बोकेका पारिवारिक सदस्यहरुबीच समायोजनको स्थिती देखा नपरे, पैसाको तुजुक र पेशाको अहंले पारिवारिक सदस्यहरुमा अविश्वास, घृणा र ईर्श्या जगाएमा पनि संम्बन्धविच्छेद हुन सक्ने सथिती आइपर्छ । त्यसै गरी कोही लहडमा विवाहलाई अत्यन्तै सामान्य रुपमा लिई सनकको भरमा सम्बन्धविच्छेद गर्नसमेत पछि नपरेको, नदेखिएको

होईन । जसले गर्दा कानुन केवल खेलौना बन्छ र कसैको जीवन वरवाद हुन्छ । (अन्नपूर्ण पोष्ट दैनिक, २०७१) ।

आज विश्वको परिवेशलाई हेर्दा तुलनात्मक रुपमा पश्चिमेली देशहरु भन्दा पुर्वीय देशहरुमा संम्बन्धविच्छेदको दर कमै छ । आज पश्चिमेली देशहरुमा सम्बन्धविच्छेद अप्रत्यशित रुपमा बढिरहेको छ । लण्डनमा गरिएको एक सर्वेक्षण अनुसार गत साल १० महिनाको अवधिमा बेलायतको उच्च अदालत “Lord Chancellor Department” मा मात्र २१ ह्जार जोडीले संवनधविच्छेदको लागी मुद्धा दायर गरेका छन् । एक अध्ययनले जनाएअनुसार बेलायतमा सम्बन्धविच्छेद गर्नेहरुको संख्या हरेक वर्ष ४० प्रतिशतले वृद्धि भएको छ । विशेषत पारपाचुके प्राय (केही देशहरुमा बाहेक) सबै देश र वर्गमा भए पनि पश्चिमेली राष्ट्रहरु र अति उच्च वर्गमा बढि भएको देखिन्छ । आज सिनेउद्योगको अग्रणी संस्था मानिने Holloywood सम्बन्धविच्छेदबाट सर्वाधिक प्रभावित क्षेत्र मानिएको छ।

यसरी सम्बन्धविच्छेदको दर पाश्चात्य मुलुक र पुजीबादी मुलुकमा मात्र बढिरहेको छैन । यो समाजबादी मुलुकहरुमा समेत तिव्ररुपमा बढीरहेको छ । तत्कालीन सोभियतसंघ पनि संयुक्त राज्य अमेरीकाको पारपाचुकेको परिणती दरकै झण्डै हाराहरीमा (प्रति पांच दम्पतीमा एकको पारपाचुके) मा थियो । सन् २०११ को सम्बन्धविच्छेको प्रतिबेदन अनुसार स्वेडेन मा सम्बन्धविच्छेको दर सवैभन्दा बढी ५४.९ प्रतिशत छ । त्यस पछि अमेरिका को ५४.८ प्रतिशत र भारतको सबैभन्दा थोरै १.१ प्रतिशत सम्बन्धविच्छेदको दर छ । (कान्तिपुर दैनिक, २०६८) पुर्विय सभ्यता र संस्कृतिले प्रभावित जापानमा समेत पारपाचुकेको नियती दर आज तिब्र स्तरमा बढीरहेको छ । (राजधानी दैनिक, २०७०)

नेपालमा पनि सम्बन्धविच्छेदको दर बढ्दो छ भनी उल्लेख गर्न अत्युक्ति नहोला । सन् १९९६ मा स्वास्थ्य मन्त्रालयको सर्वेक्षणमा महिलाहरुमा लिइएको तथ्यांक अनुसार संम्बन्धविच्छेद गर्ने ०.१ प्रतिशत र छुट्टिएर बस्ने १.६ प्रतिशत महिलाहरु प्रतिहजार मा छन् । आज आएर यस्तो घट्ना बढेर समाजशास्त्रीलाई समेत झस्काएको छ । आर्थिक वर्ष २०७१÷०७२ मा काठमाण्डौ जिल्ला अदालतले ८१५ वटा र ललितपुर जिल्ला अदालतले ५१८ वटा सम्बन्धविच्छेद सम्बन्धी मुद्धा दर्ता भएको मा काठमाण्डौ जिल्ला अदालतमा २९८ मुद्धा अहिले पनि फैसाला भएको छैन। जसको संख्या अघिल्लो वर्षमा ७६० दर्ता भएको मुद्धामा ४५१ वटा सम्बन्धविच्छेद सम्बन्धी मुद्धा फैसला गरेको थियो (नेपाल समाचारपत्र २०७२)।

महिला हेल्प लाइन (ल्याक LACC) हरेक साल महिलाहरुको समस्या हरु दर्ताहुने क्रममा ४० प्रतिशत सम्बन्धविच्छेदको घट्ना दर्ता भएका छन् । “Domestic Violence is the major cause behind growing divorce rate” Basanti Shrestha. (An advocate at the legal Aid and consultancy Center) (LACC). यसै सन्दर्भमा ल्याकमा दर्ता हुन आएका सम्बन्धविच्छेदका मुद्दाहरुमा सबै भन्दा बढि नेवार समुदायका महिलाहरु देखिएको छ । उपत्यकामा नेवार समुदायको वाहुल्यता बढि भएको हुनाले पनि बढि हुन सक्ने ल्याकले बताएको छ । सन २०१५ को June महिनादेखि सन २०१६ को February महिनासम्म ५०० वटा सम्बन्धविच्छेदका मुद्दाहरुमा क्रमश नेवार ३३ प्रतिशत, क्षेत्री २८ प्रतिशत र ब्राम्हण ११ प्रतिशत समुदायको रहेको देखिन्छ । त्यसै गरी “सम्बन्धविच्छेद गर्ने प्रवृति बढ्दो” शीर्षकमा राजधानी दैनिक लेख्छ कि कानुनी परामर्शकेन्द्र महिलाहक हेल्पलाइन (ल्याक) मा गएको दुईवर्षमा ५८१७ को समस्या संख्यामा ३० प्रतिशत सम्बन्धविच्छेदको घट्ना दर्ता भएका थिए (कान्तिपुर दैनिक, २०७३)।

यसै सन्दर्भमा उपत्यकाको ३ जिल्ला मध्येको थोरै जनसंख्या भएको भक्तपुरमा समेत २०७२÷०७३ को आर्थिक वर्षमा ३०१ वटा सम्बन्धविच्छेदका मुद्दाहरु दर्ता हुनुले पनि नेपालमा सम्बन्धविच्छेदको दर बढ्दो छ भनी अनुमान गर्न सकिन्छ । यसर्थ सेती अंचलको विभिन्न ५ वटा जिल्लाहरु मध्ये कैलाली जिल्लामा आ.व.२०७२÷०७३ को अवधिमा अदालती तथ्यांक हेर्दा २८ वटा संम्बन्धविच्छेदका मुद्धा फैसला भै सकेका छन भने ५३ वटा मुद्दाहरु मिलापत्र र वाँकी केही मुद्धाहरु फैसलाको पर्खाइमा रहेका छन् । (अदालति डायरीबाट) उल्लेखित मुद्दाहरुलाई अध्ययन गर्दा कैलाली जिल्लामा चौधरी जातिमा सवैभन्दा वढी सम्बन्धविच्छेदका मुद्दाहरु देखिए भने ब्राम्हणजातीहरु दोस्रो स्थानमा र तथाकथित तल्ला जातीहरुमा भने सम्बन्धविच्छेदको मुद्दा अत्यन्तै न्युन रुपमा भएको देखिन्छ ।

जे होस सम्बन्धविच्छेद एउटा नितान्त सामाजिक समस्या भएकाले यसले. अपरोक्ष या परोक्षरुपमा स्वयं यससंग संबन्धित व्यक्ति, परिवार र समाजलाई प्रभाव पार्छ नै । यसका पछाडि विभिन्न सामाजिक, आर्थिक र सांस्कृतिक कारणहरु हुन्छन् । उदाहणार्थ उमेरको फरक, आर्थिक अभाव, शैक्षिक असमानता, यौन असंतुष्टी, विवाहको रुप/प्रकार मादकपदार्थ सेवन, समझदारीमा कमि, अनुत्तरदायीपन, लोग्नेको दोस्रो विवाह आदिहरु हुन सक्छन् । तसर्थ यस संवन्धी घट्नाहरु किन बढिरहेको छ र त्यसले व्यक्ती, परिवार र समाजलाई पारेको प्रभाववारे बुझ्न कैलाली जिल्लामा यो अध्ययन सुरु गरिएको हो ।

### १.३ सम्बन्धविच्छेद र माना चामल लिइ अलग हुनु

सम्बन्धविच्छेद लोग्ने स्वास्नीको बीच कानुनी तथा सामाजिक दुवै रुपमा हुने गर्छ यसमा विवाहका बन्धनहरु सबै तोडिन्छन् । यसै शब्दसंग सामिप्यता राख्न खोज्ने तर सम्बन्धविच्छेद हुनु पुर्वाधारको रुपमा रहेको अवस्थालाई माना चामल लिइ अलग हुनु वा अलग भान्सा गर्नु भनिन्छ । नेपाली समाजमा कानुनी रुपमा नभएर व्यावहारिक रुपमा माना चामल लिइ अलग भान्सा गरी बसेको प्रशस्त मात्रामा भेटिन्छ । तर त्यहां सम्बन्धविच्छेद भने भएको हुदैन । यसर्थ यी दुइमा रहेको सुक्ष्म भिन्नतालाई यहां देखाइएको छ ।

| सम्बन्धविच्छेद गर्नु | माना चामल लिइ अलग हुनु |
|---|---|
| ➢ यसमा पति-पत्नी बीचको बैवाहिक सम्बन्धहरु सबै तोडिन्छन् । | ➢ वैवाहिक सम्बन्धहरु तोडिदैनन् । |
| ➢ यसमा प्राय लोग्नेलाई सम्पुर्ण परिस्थती बुझेर स्वास्नीलाई भरणपोषण गर्नु वा नगर्नु पर्ने हुन्छ । र बच्चाहरुको अवस्थामा पनि यो लागु हुन्छ । | ➢ यसमा अनिवार्य रुपमा लोग्नेले आफ्नो औकात अनुसार स्वास्नीलाई भरणपोषणको व्यावस्था गर्नुपर्छ । |
| ➢ यसमा पुनर्मिलनको संभावना अत्यन्तै न्युन हुन्छ । | ➢ पुनर्मिलन हुने संभावना हुन्छ । |
| ➢ वैवाहिक सम्बन्ध तोडिएर अविवाहित सरह हुदां पुनर्विवाहको संभावना प्रवल हुन्छ । कानुन बाट टाढा भइहाल्छन् । | ➢ विवाहित सरह नै हुन्छन् । पुनर्विवाह गरे कानुनले त्यस विरुद्ध कदम उठाउन सक्छ । |

नेपाली समाजलाई हेर्ने हो भने सम्बन्धविच्छेदको अवस्था भन्दा माना चामल लिइ अलग हुने अवस्था बढि छ । यसरी छुट्टिएर बस्दा आर्थिक समस्या लगायत अन्य कारोबारमा महिला नै सर्वेसर्वा हुन्छन भने अर्कोतिर पुरुषले प्राय अर्की श्रीमती ल्याएर बसेको हुन्छ । तर महिलालाई भने परपुरुषसंग सम्बन्ध राख्ने अधिकार सामान्यतया हाम्रो समाजले दिदैन । जे होस उमेरलाई आधार मानेर भन्दा खेरी सम्बन्धविच्छेद २० देखि ३५ वर्ष भित्रमा बढी हुन्छ भने छुट्टिएर बस्नेको उमेर

सामान्यतया ४५ वर्ष नाघिसकेको हुन्छ । माना चामल लिइ अलग बस्ने कामले सम्बन्धविच्छेद नहुनबाट धेरै राहत मिलेको छ ।

### १.४ सम्बन्धविच्छेदको निम्ति कानुनी प्रावधान र प्रकियाहरु

प्रत्येक समाजमा सम्बन्धविच्छेद सम्बन्धी व्यावस्था आ-आफ्नो जात-जातीको प्रचलन र मान्यता बमोजिम हुदै आएको कुरा माथि नै उल्लेख गरिएको छ । यि प्रचलन र मान्यताहरु कानुन निर्माण पुर्व र पश्चात धेरैथोरै रुपमा अझैपनि प्रत्येक समाजमा विद्यमान नभएको भने होइन । यद्यपी समाजविकासको कममा वि.स.१९१० को मु.ऐ. निर्माण भएपछि सम्बन्धविच्छेद गर्न सकिने कानुनी आधार खडा गरेको थियो । जुन ‘पारपाचुके गर्न्या’ (वि.स. १९१० को मुलुकी ऐन पारपाचुके गर्न्या को महल पेज नं. २४२) को महलमा उल्लेख गरिएको छ । उक्त मु.ऐ.मा नेवार जातीको लागि भने सम्बन्धविच्छेदको स्पष्ट व्यावस्था थियो । (पुर्ववत, नेवार जातीको ऐन नं. २५) तर लोग्ने विरामी हुदा वा स्वास्नीको ग्रह दशाले पिरयो छाड्छु भनी दुवैको मंजुरी विना पारपाचुके गराउन हुंदैन भन्ने व्यावस्था थियो । ततपश्चात विभिन्न पटक संशोधित हुदै वि.स. २०२० मा बनेको नयां मुलुकी ऐनले सवै जात-जाती र धर्ममा आस्था राख्ने मानिसहरुका लागि समान आधारमा सम्बन्धविच्छेद गर्न सकिने कानुनी आधार खडा गरयो । जस अन्तर्गत मुलुकी ऐनको भाग १२ ‘श्रीमान श्रीमतीको’ महल र भाग १७ ‘विहावारीको महल’ मा यस सम्बन्धी व्यावस्था गरिएको छ ।

#### १.४.१ प्रावधान

मुलुकी ऐन २०२० को एघारौ संसोधनको महल १२ अनुसार निम्न अवस्थामा सम्बन्धविच्छेद हुन सक्छ ।

श्रीमतीले श्रीमानलाई निजको मंजुरी वेगर लगातार ३ वर्ष वा सो भन्दा बढि समयदेखी छोडी अलग बस्ने गरेमा वा लोग्नेको ज्यान जाने अंगभङ्ग हुने वा अरु कुनै ठुलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम वा जाल प्रपञ्च गरेमा वा श्रीमतीलाई निको नहुने यौन संबन्धि रोग लागेमा आदि आदि अवस्थामा त्यस्तो श्रीमती सित श्रीमानले सम्बन्धविच्छेद गर्न पाउंछ ।

श्रीमानले अर्को श्रीमती ल्याएमा वा राखेमा वा श्रीमतीलाई घरबाट निकालेमा वा खानलाउन नदिएमा वा श्रीमतीको खोजखबर नलिई हेरविचार नराखी लगातार तीनवर्ष वा सो भन्दा बढी समय देखि श्रीमतीलाई छोडी अलग बस्ने गरेमा वा श्रीमतीको ज्यान जाने, वा अरु कुनै ठुलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम वा जाल प्रपञ्च गरेमा आदि आदि अवस्था मा श्रीमान सित श्रीमतीले सम्बन्धविच्छेद गर्न पाउंछे ।

लेखिए बाहेक अरु अवस्थामा दुवै थरीको मञ्जुरी भएमा श्रीमान श्रीमतीको सम्बन्धविच्छेद हुनसक्छ । श्रीमतीले अर्कोसंग विवाह गरेमा त्यस्तो श्रीमान श्रीमतीको सम्बन्ध स्वतः विच्छेद हुन्छ (मुलुकी ऐन एघारौं संशोधन ऐन २०५९ द्वारा संशोधित) ।यसै गरी विवाहबारीको महलको १७ नं. अनुसारः श्रीमान वा श्रीमती मध्ये कसैको उमेर अठार वर्ष नपुगी विवाह भएको रहेछ र सन्तान पनि जन्मेका रहेनछन भने अठार वर्ष उमेर नपुगी विवाह भएकोले अठार वर्ष पुगेपछि मञ्जुरी नगरे त्यस्तो विवाह वदर हुन्छ ।

सधवा, विधवा वा सम्बन्धविच्छेद भइसकेकी महिलालाई कन्या हो भनी वा विवाहित, विदुर वा सम्बन्धविच्छेद भइसकेको पुरुषलाई विवाह भएको थिएन भनी ढांटी विवाह भएकोमा त्यसरी झुक्यानमा पारी विवाह गर्नेले मञ्जुर नगरे विवाह वदर हुन्छ ।

### १.४.२ प्रकृया

माथि उल्लेखित प्रावधान अनुसार सम्बन्धविच्छेद गर्न चाहने पुरुष र महिलाले निवेदन दिने अड्डामा पनि भिन्न भिन्न व्यावस्था गरी महिलालाई बढि सुविधा प्रदान गरिएको छ । यसरी सम्बन्धविच्छेद गर्न चाहनेले कारण खोली संबन्धित अड्डामा निवेदन दिनुपर्छ । यसमा महिलाले पुरुषसंग सम्बन्ध विच्छेद गर्न चाहेमा सोझै मुद्दा हेर्ने अदालतमा निवेदन दिन सक्छ भने पुरुषले वा महिला पुरुष दुवैको मंजुरीले सम्बन्धविच्छेद गर्न चाहे सम्बन्धित गा.वि.स. या न.पा. मा निवेदन दिनुपर्छ । यसरी निवेदन पर्न आए सो गा.वि.स. र नगरपालिकाले सकभर दुवै पक्षलाई सम्झाई बुझाई मिलापत्र गराउनु पर्छ । यद्यपि सम्झाउंदा बुझाउंदा मिलापत्र गर्न मानेनन् वा मिलापत्र गराउन सकिएन भने र विवाह कायम राख्न भन्दा सम्बन्धविच्छेद गराउन उचित ठहराएमा निवेदन परेको एक वर्ष भित्र आफ्नो राय समेत संलग्न गरी प्राप्त निवेदन संबन्धित जिल्ला अदालतमा पठाउनु पर्छ । (श्रीमान श्रीमतीको महलको १ नं. को 'क' यसरी निवेदन परेपछि अदालतबाट सम्बन्धविच्छेद हुने ठहरायमा मात्र लोग्ने स्वास्नीको सम्बन्धविच्छेद हुन्छ ।

मुलुकी ऐन २०२० को दशौ संसोधन अनुसार श्रीमान श्रीमतीको महलमा सम्बन्धविच्छेद पछि महिलाहरुको व्यवस्थाका बारेमा जुन व्यवस्था थियो । त्यसलाई एघारौ संशोधनले पुर्ण रुपमा खारेज गरी मुलुकी ऐन २०२० को एघारौ संशोधन अनुसार श्रीमान श्रीमतीको महलको १ नं. बमोजिम श्रीमान श्रीमतीको सम्बन्धविच्छेद हुने भएमा अदालतले निजहरु बीच अंशवण्डा गर्न लगाएर मात्र सम्बन्धविच्छेद हुने निर्णय गर्नुपर्छ । सम्बन्धविच्छेद हुने पुरुषले नै अंशवण्डा गर्न आदेश दिई त्यस्तो पुरुषको भागमा पर्ने अंश र सो अंशबाट सम्बन्धविच्छेद गर्न महिलाले पाउने अंशको अन्जाम गरी अंशवण्डा नभए सम्मको लागि त्यस्ती महिलाको जिविकाको निमित्त

मासिकरुपले खर्च भराई दिनुपर्छ । अंशबण्डा भइसके पछि सम्बन्धविच्छेद भएकी महिलाको अंशमा परेको सम्पत्तिमा निजको हक हुनेछ । त्यस्ती महिलाले अर्को विवाह नगरेमा वा अर्को विवाह गरेको भए पनि कुनै सन्तान नभएमा निजको शेष पछि निजले पाएको त्यस्तो अघिल्लो श्रीमान पट्टिका सन्तान भए, त्यस्तो सन्तानले र त्यस्तो सन्तान नभए मात्र अघिल्लो श्रीमानले पाउने छ भन्ने व्यावस्था उल्लेख छ । तर उक्त महलकै ४ (ख) र ४ (ग) मा समेत यसबारेमा थप कुराहरु उल्लेखित छन् ।

माथि जे कुरा लेखिएको भएपनि सम्बन्धविच्छेद हुने महिलाले श्रीमानसंग अंश नलिई वार्षिक वा मासिक खर्च भराई लिन चाहेमा पाउछे तर त्यस्तो खर्च अर्को विवाह नगर्दा सम्मको लागि मात्र हो । यस खर्च भराउने सन्दर्भमा अदालतले श्रीमानको सम्पत्ति र आयस्ताको आधारमा तोक्ने गर्छ । (मु.ऐ. श्रीमान श्रीमतीको महलको ४ 'ख' नं. साथै उक्त महलको ४ (क) बमोजिम श्रीमानको वण्डा गर्ने सम्पत्ति नभएर अंश नपाएकी महिलाले श्रीमानबाट खान लाउन खर्च भराउन चाहेमा र त्यस्तो श्रीमानको आम्दानी आयस्ता भएमा अदालतले त्यस्तो आयस्ताको आधारमा खान लाउन खर्च भराई दिनुपर्छ । यो व्यावस्था पनि त्यस्ती महिलाले अर्को विवाह नगरेसम्मको लागि मात्र हो (पुर्ववत ४ 'ग' नं.) ।

अव महिलाको व्यवस्था बारे चर्चा गरेपछि कानुनी रुपमा सम्बन्धविच्छेद गरे पश्चात बालबच्चाको स्थिती बारे पनि उल्लेख गरौ । सम्बन्धविच्छेद पछि ५ वर्ष मुनिका नावालकलाई आमाले पाल्न चाहेमा आमाले र नचाहेमा बाबुले पाल्नु पर्छ । यहां छनौट गर्ने प्रथम अधिकार आमालाई दिइएको छ र ५ वर्ष माथिका नावालकलाई आमा पोइल नगएर आफैले पाल्न चाहेमा आफैले पाल्न पाउने र नचाहेमा बाबुले पाल्नु पर्ने, दुवैको मंजुरी भए दुवै मध्ये कुनै एकले पाल्न पाउछंन । यसरी आमाले पाल्दा बाबुले आफ्नो आम्दानी अनुसार नावालकलाई खान, लाउन , शिक्षा र औषधि उपचार समेत को लागि मुनासिव खर्च दिनु पर्छ । आमाले नपाली बाबुले त्यस्तो बालक पालेको रहेछ र आमाको आयस्ता बाबु भन्दा बढि रहेछ भने अड्डाले अवस्था विचार गरी आदेशद्धारा तोकिएबमोजिम त्यस्तो महिलाले पनि नावालकको खान, पान, शिक्षा र औषधी उपचारको खर्च व्यहोर्नु पर्ने व्यवस्था भएको ले आफ्नो छोराछोरी प्रति आमा बाबुको समान दायित्व ऐनले सिर्जना गरिदिएको छ ।

**१.५ अध्ययनका उद्देश्यहरु**

समग्र रुपमा यस अध्ययनको उद्देश्य सम्बन्धविच्छेद गर्नु पर्ने कारणहरु के के हुन ? र यसबाट परेका प्रभावबारे अध्ययन गर्नु रहेका छन् । यसका विशिष्ट उद्देश्यहरु निम्न लिखित छन् ।

**क) संम्बन्धविच्छेदकर्ताको सामाजिक र आर्थिक अवस्थाहरु को वर्णन गर्ने ।**

**ख) संम्बन्धविच्छेदका कारण र त्यसबाट समाजमा परेका प्रभावबारे थाहा पाउने ।**

**१.६ अध्ययनको महत्व**

सम्बन्धविच्छेद एउटा परिवार वा लोग्ने स्वास्नी बीच घट्ने घटना हो । यो विभिन्न कारणहरुबाट सृजित हुन्छ । यसले स्वयं व्यक्ति, परिवार र समाजलाई समेत केही न केही प्रभाव पारेकै हुन्छ । तसर्थ यो व्यक्तिगतरुपमा घट्ने घटना भएपनि यो सामाजिक बिषय बन्छ । यो समस्या यदि डरलाग्दो रुपमा फैलिदै गए यो प्रत्येक समाज र राष्ट्रकै चिन्ताको विषय हुन्छ । तसर्थ समयमै यसको कारण बुझी परिणामबारे बाहिर प्रकाशमा ल्याउन यस्तो विषयमा समाजशास्त्रीय अध्ययनको निकै टडकारो आबश्यकता खड्किएको छ । जसबाट समस्याको जडसम्म पुगी शैद्धान्तिक र व्यवहारिकरुपमा ठोस उपाय निकाल्न सहयोग मिलोस ।

सम्बन्धविच्छेद सम्बन्धी नेपालमा अहिलेसम्म अत्यन्तै न्युन रुपमा मात्र समाजशास्त्रीय अध्ययन भएको देखिन्छ । यसका अलावा यस संदर्भमा सरकारी तथा गैरसरकारी संस्थाबाट झन कुनै पनि बैज्ञानिक अध्ययन आधारित अनुसन्धान भएको देखिदैन । यसै सिलसिलामा यस अध्ययनले कैलाली जिल्लाको सामाजिक समस्याप्रतिको अध्ययनलाई प्रारम्भ गरेको छ । यस सन्दर्भमा सम्बन्धविच्छेदकर्ताहरुको उमेर, शिक्षा, पारिवारिक संरचना, विवाहको रुप तथा प्रकार, पेशा, आदिको उल्लेख गरी त्यसबारे विश्लेषण गरिनेछ । जसबाट सम्बन्धविच्छेद हुनुको कारकतत्वलाई उजिल्याउनु र यस बाट स्वयं व्यक्तिको आफ्नो जीवन र बालबच्चाहरुमा परेका प्रभावबारे नै यसमा अध्ययन र विश्लेषण गर्ने प्रयास गरिनेछ । अध्ययनलाई बढि सैद्धान्तिक र व्यवहारिक ज्ञान दिलाउन सम्बन्धविच्छेदको ऐतिहासिक पृष्ठभुमि, विभिन्न जात जातिमा हुदै आएको परम्परागत मान्यता र प्रचलनहरु बारे उल्लेख गर्दै सम्बन्धविच्छेदको लागि कानुनी प्रावधान र प्रकृया, सम्बन्धविच्छेद पछि पहिला र वालबच्चा समेतको व्यावस्था स्पष्ट पार्ने प्रयत्न गरिनेछ । जसले गर्दा संम्बन्धित विषयमा चासो राख्ने जिज्ञासु महानुभावहरुको निम्ति यो अध्ययन सहयोगी बन्न सक्नेछ । जसबाट निक्लिएको निष्कर्षले समाजशास्त्री/मानवशास्त्री, नीति निर्माता लगायत विभिन्न संघ संस्थाहरुलाई आ-आफ्नो क्षेत्रबाट ठोस कदम चाल्न यस अध्ययनले सहयोग गर्न सक्ने छ ।

## १.७. अध्ययनको साङ्गठानिक ढाँचा

यस अध्ययनको सम्पुर्ण भागलाई प्रमुख रुपमा “सात” वटा अध्यायमा विभाजन गरिएको छ । जस मध्ये पहिलो अध्यायमा सृष्टिको उषाकालिन समयदेखि विवाह, परिवार, सामाजिक संगठन, सामाजिक समबन्ध बारे संक्षिप्त रुपमा उल्लेख गर्दै यी सामाजिक इकाइहरुमा आएको नयां अवधारणा र परिवर्तनले खेलेको भुमिकाबारे उल्लेख गरिएको छ । विषेशतःकानुनी रुपमा भएको सम्बन्धविच्छेदलाई नै अध्ययनको विषय मान्दा यस संबनधि कानुनी प्रावधान र प्रकियाको समेत उल्लेख गरिएको छ । यसका अलावा नेपालका केही प्रमुख जात-जातीहरुको सम्बन्धविच्छेद सम्बन्धी परम्परागत मान्यताहरुलाई पनि संक्षिप्त रुपमा प्रकाश पारिएको छ ।

अध्याय-दुई अन्तर्गत सन्दर्भ सामग्रीहरुको अध्ययन गरिएको छ । यस अन्तर्गत पुर्व-साहित्यहरुको समिक्षा गर्दै यस सम्बन्धी गरिएका अनुभव मिश्रित अध्ययन लाई मध्यनजर राख्दै तिनीहरुमा नसमेटिएका कुराहरुलाई यस अध्ययनमा समेट्न ती अध्ययनहरुबाट थप विकल्पहरुको ग्रहण गरिएको छ । साथै सम्बन्धविच्छेदलाई विभिन्न सैद्धान्तिक दृष्टिकोणमा ढाली संक्षिप्त रुपमा व्याख्या विश्लेषण गरिएको छ ।

अध्याय-तीन मा अध्ययनको समग्रता र त्यसबाट लिइएको नमुनाको बारेमा उल्लेख गर्दै यस अध्ययनमा प्रयोग गरिएका तथ्यांकको स्रोत र प्रकृति , तथ्यांक संकलनका विविध विधिहरु, अध्ययनको सीमा र तथ्यांक संकलनको कममा आइपरेका कठिनाइहरु बारे उल्लेख गरिएको छ ।

अध्याय-चार अन्तर्गत सिंगो अध्ययनमा लिइएका विभिन्न प्रकृत्तिका तथ्यांकलाई विवेचना र विश्लेषण गर्दै तिनीहरुलाई तालिकीकरण गरी देखाइएको छ । जस अन्तर्गत सम्बन्ध विच्छेदकर्ताहरुको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्थाहरुको उल्लेख गर्दै सम्बन्ध विच्छेदका कारण र त्यसबाट बालबच्चाहरुमा परेको प्रभाव बारे उल्लेख गरिएको छ ।

अध्याय-पाँच अन्तर्गत समाजमा प्रायःजसो सम्बन्धविच्छेद हुने विभिन्नकारणहरु र त्यसबाट परिवार समाज तथा सम्बन्धविच्छेद भएका व्यक्तिमा कस्ता प्रभाव पर्छ भन्ने कुरा प्रस्तुत गरिएको छ । साथै ति  कारणहरु र प्रभावहरुको स्थितीलाई तालिकामा पनि प्रस्तुत गरिएको छ ।

अध्याय-छ मा यस अध्ययनलाई अझ सुक्ष्मरुपमा नियाल्नको लागी केही वैयक्तिगत अध्ययन हरुलाई उदाहरण स्वरुप प्रस्तुत गरिएको छ ।

अध्याय-सात मा समग्र अध्ययनको सारांश र निचोड दिंदै प्रस्तुत अध्ययनको आधारमा केही ठोस तथा प्रकियागत सुझावहरु दिइएको छ र अन्तमा अध्ययन गर्दा प्रयोजन भएका सन्दर्भ सामाग्रीहरु र अध्ययनको लागी प्रयोग गरिएको प्रश्नावलीहरु  प्रस्तुत गरिएको छ ।

# अध्याय - दुई

## २.१.अवधारणा र सिद्धान्तको पुनरावलोकन

सम्बन्धविच्छेदलाई शैद्धान्तिक दृष्टिकोणबाट हेर्दा प्रकायवादी दृष्टिकोण, मार्क्सवादी दृष्टिकाण, अन्तक्रियावादी दृष्टिकोण, महिलावादी दृष्टिकोण, सामाजिक मनोवैज्ञानिक दृष्टिकोण, द्वन्दवादी दृष्टिकोण आदि दृष्टिकोणबाट विश्लेषण गर्न सकिन्छ । जसको संक्षिप्त व्याख्या तल गरिएको छ ।

२.१.१. प्रकार्यात्क दृष्टिकोणबाट हेर्दा समाज एउटा संरचना हो । यसमा मानविय अन्तरसम्बन्ध रहेको छ । अथवा समाजभित्र विभिन्न पक्षहरु हुन्छन । जसको आपसिक प्रकार्यले नै समाज चलिरहेको हुन्छ । यसमा एउटा पक्ष वा एकाइमा नै विचलन आएमा सिंगो सामाजिक संरचनाको प्रकार्यत्मक सम्बन्धमा नै हलचल अन्तरसम्बन्धमा परिवर्तन आउदा लोग्ने स्वास्नीको दाम्पत्य जीवन तोडिन्छ । जसबाट व्यक्ति, परिवार र समाज प्रभावित हुन्छ । अझ स्पष्ट र संश्लेषित शब्दमा भन्ने हो भने लोग्ने स्वास्नी बीचको प्रकार्यात्मक सम्बन्ध बलियो हुन्छ, त्यहां सम्बन्धविच्छेद कम हुन्छ भने जहां र जुन समाजमा लोग्ने स्वास्नी बीचको प्रकार्यात्मक सम्बन्ध खुकुलो हुन्छ, त्यहां सम्बन्धविच्छेदको दर अपेक्षाकृत बढी हुन्छ ।

२.१.२. मार्क्सवादी दृष्टिकोणका अनुसार सम्बन्धविच्छेदलाई हेर्दा समाजविकासको कममा शहरीकरण, ओधौगिकीकरण तथा पुंजीवादी पद्दतिको विकास हुदै जांदा आधुनिकीकरणको विकास हुन्छ । त्यति बेला सामाजिक मुल्य मान्यता, प्रचलनहरुमा विस्तारै ह्रास आउदै गर्छ । समाजमा अर्थ (धन, दौलत) को महत्व आकासिदै जान्छ । मानिसहरु अर्थोपार्जनको निम्ति घरदेखि धैरै टाढा समेत जानुपर्ने हुन्छ । यसमा शिक्षा, पेशा आदिको कारणले पनि महिलाहरु आफ्नो अधिकारप्रति सचेत र विभिन्नकोणबाट शसक्त हुन्छन् । धनोपार्जन गर्न महिला र पुरुषहरु आ–आफ्नो कामतिर लाग्छ्न । जसले गर्दा लोग्नेस्वास्नी वीचमा सामिप्यता कम हुन जान्छ । फलस्वरुप एक आपसमा हेर्ने दृष्टिकोणमा संकालु प्रवृति बढ्न गई आपसिक सदभाव र समझदारीको दुरी टाढा हुदैं जान्छ । जसको कारण पारिवारिक झगडा हुन्छ र सम्बन्धविच्छेदको सिथिति आउन पुग्छ । अर्कोतिर परिवारका सदस्यहरुमा पुराना मुल्यमान्यता र नयां मुल्यमान्यता बोकेका बीच आपसी द्धन्द हुन्छ र सम्बन्धविच्छेदको स्थिति आउन सक्छ । बृद्धहरुलाई आदरभावको दृष्टिले नहेरी श्रम विभाजनमा आधारित कार्यप्रणालीको कोणबाट हेरीन्छ । परिवारमा एक थरीको स्वतन्त्रता, अधिकारको माग र

प्रयोग हुन्छ भने अर्को थरीबाट नियन्त्रण र निर्देशन गर्ने चाहना हुन्छ । यसका अतिरिक्त औद्योगिकरणले रोजगारको निम्ति मानिसहरु शहर पस्छन् । जहां उत्पादनलाई प्रधानता दिइएको हुन्छ । तव विभिन्न उत्पादनले व्यक्तिको औकातभन्दा बढीका बस्तुको माग सृजना गर्दा परिवारमा एक अर्का प्रतिको चाहना र निर्भरता बढी हुन्छ र सम्बन्धविच्छेद हुन जान्छ । जे होस मार्क्सवादी दृष्टिकोणमा वेमेल द्वन्द गराउने तत्व नै अर्थलाई (आर्थिक व्यवस्थालाई) मान्न  सकिन्छ ।

२.१.३. अन्तरक्रियावादी दृष्टिकोणका अनुसार व्यक्तिले जहिले पनि अरुप्रतिको आफ्नो धारणा बनाउन संबन्धित व्यक्तिको व्यावहार र क्रियाकलापहरुको व्याख्या गर्छ । त्यसपछि उसले त्यस व्यक्तिप्रति कस्तो व्यावहार गर्नुपर्छ भन्ने सोची त्यही अनुसारको व्यावहार गर्छ । यसरी एक आपसमा व्यक्तिले आफ्नो बोध बनाई त्यहि अनुसारको कार्य गर्छ र एक आपसमा ती कार्य घटनाहरुलाई नियालेर भविष्यमा गर्ने आफ्नो क्रियाकलापलाई पहिल्यै तय गर्छ । तव लोग्ने स्वास्नी बीच या परिवारमा एकले अर्कोलाई राम्ररी बुझ्न नसक्नु या गलत अर्थ लगाई आपसमा समझदारी नभई टकराव हुनु या दुईजना या परिवारभित्र विवाद भई एकले अर्कोको कुरा नबुझि स–साना कारणबाट आपसिक कटुता र बैमनस्यता उब्जन गई पारिवारिक विखण्डन हुन जान्छ । फलतःसम्बन्धविच्छेद हुन्छ । अर्कोतिर अन्तरक्रियावादीहरुले समाज र संरचनाको विवादलाई पनि उठाउछन् । संरचना समाजको एउटा भाग भएकोले प्रत्येक समाजमा संरचनाको एउटा निश्चित भुमिका हुन्छ । यो सामाजिक संरचनामा सामाजिक भुमिका, प्रतिष्ठा, समुह र नोकरशाही संगठनहरु हुन्छन् । यसमा व्यक्तिले आफ्नो स्वः को आधारमा व्यावहार गर्दा आपसिक तिक्तता हुन्छ र यसबाट सम्बन्धविच्छेद हुन पुग्छ ।

२.१.४. महिलावादी दृष्टिकोणमा सम्बन्धविच्छेदलाई हेर्दा महिलाअधिकार या महिलाहरुको मुक्ति समाजमा महिलाहरुका पक्षमा भएका सुधारका कमिक पाटाहरु र विकासहरुलाई बढि ध्यान दिनुपर्छ । विशेषत सन १९७५ देखी आज विश्वमा विकसित देश लगायत हाम्रो जस्तो अल्पविकशित या अविकसित देशमा महिला शिक्षा, पेशा, अवसर, महिला जागरण तथा सचेतना हुदै लैगिक समानताको विभिन्न पक्षहरुलाई व्यावहारमा विस्तारै उतार्ने कार्य भैरहेको छ । जसबाट महिलामा आत्मनिर्भरता, निर्णय गर्ने क्षमता, समानता र स्वतन्त्रताको अधिकारबाट महिलाको न्यायिक हक एकदमै बलियो खम्वाको रुपमा रहेको छ । जसको कारण महिलाहरुमाथि गरिएको अत्याचार, शोषण र दमन विरुद्ध उनीहरु डटेर प्रतिकार गर्न सक्ने हुदा परिवारमा जसले जे भन्यो त्यही सहेर बस्ने सथिति छैन । यि विभिन्न कारणले गर्दा कतिपय अवस्थामा सम्बन्ध राम्रो हुन्छ भने कतिपय अवस्थामा सम्बन्धमा विग्रह हुन्छ । र सम्बन्धविच्छेद हुन जान्छ । दृष्टान्तको रुपमा पश्चिमी

मुलुकमा महिलाहरु बढि स्वतन्त्र हुनु र आफ्नो अधिकार प्रयोग गर्नुले सम्बन्धविच्छेदको दर बढि छ भने हाम्रो जस्तो जहां शिक्षा, रोजगार, सचेतना जस्ता पक्षहरु छैनन त्यहां सम्बन्धविच्छेदको दर कम छ ।

२.१.५. द्वन्दवादी दृष्टिकोणबाट सम्बन्धविच्छेदलाई हेर्दा जब कुनै केटा या केटी विशेषतः आपसिक प्रेमबाट वैवाहिक सुत्रमा वाधिन अन्तरजातिय विवाह गर्छन तव परिवारमा सामाजिक द्वन्द उत्पन्न हुन सक्छ । किनकि एउटा पक्षको मुल्य मान्यता, सोचाई र अर्को पक्षको मुल्यमान्यता र सोचाईसंग मिल्दैन । यसका अलावा केटा पक्ष र केटीपक्षहरुको जातिय व्यवस्था र सांस्कृतिक भिन्नताको कारणबाट पनि द्वन्द उत्पन्न हुन सक्छ । जसबाट परिवार टुट्न सक्छ । यसै गरी पति पत्नी बीचमा आपसिक सदभाव, विश्वास र सहमति नभई एक अर्काप्रति दुराव, संका र प्रतिरोध उत्पन्न हुन गई आ–आफ्नो मान्यता, सोचाई र उद्देश्यहरुमा अडिग भए भने दाम्पत्य जीवनमा द्वन्द हुन जान्छ । र अन्ततोगत्वा उनीहरुको सम्बन्धविच्छेद हुन जान्छ । यसका अलावा पतिपत्नीमा एकअर्काप्रतिको शारीरिक (रुप, रंग, आंगिक बनोट) पक्ष र मानसिक (रुचि, बुद्धि, मुल्य, स्मृति, तर्क ) पक्षमा विवाहपश्चात थाहा भयो या वैवाहिक सम्बन्ध सुमधुर तरिकाले कायम राखी निरन्तरता दिनमा माथी उल्लेखित शारीरिक तथा मानसिक पक्षहरु बीच भिन्नता भयो भने ती लोग्ने स्वास्नी एकअर्काको साथ समायोजित हुन सक्दैनन् । परिणामस्वरुप आपसिक द्वन्द उत्पन्न भई दाम्पत्य जीवनमा सम्बन्धविच्छेद हुन्छ ।

यसरी उल्लेखित विभिन्न दृष्टिकोणबाट लोग्ने स्वास्नीबीचको सम्बन्धविच्छेदलाई हेर्न सकिए पनि यी दृष्टिकोणहरु आफैमा पुर्ण र आलोचनाबाट मुक्त भने छैनन । हरेक दृष्टिकोणमा सम्बन्धविच्छेदलाई विभिन्न रुपमा व्याख्या र विश्लेषण गर्न सकिन्छ । फरक त्यति हो कसैले यसलाई Micro-level बाट कसैले Middle level बाट र कसैले Macro level perspective बाट व्याख्या र विश्लेषण गर्छन् । जे भए पनि लोग्ने स्वास्नीको दाम्पत्य जीवनमा बिखण्डन ल्याउने काम विवाह विच्छेदले ल्याउने हुदा जुनसुकै level को perspective बाट व्याख्या विश्लेषण गर्दा पनि लोग्ने स्वास्नीबीचको आपसिक मनमुटाव शारिरीक तथा मानसिक पक्षहरुमा जानी या नजानी सिर्जाएको समस्या, शहरीकरण, पारिवारिक अन्तरकलह वा झगडा, औधोगिकिकरण, आधुनिकीकरण पद्दतिको विकास, जातिय, र सांस्कृतिक भिन्नता आर्थिक तथा सामाजिक स्तरीकरणको अहंता, घरेलु हिंसा, रोजगार, यौनसम्बन्धमा असन्तुष्टि, आपसिक समझदारीमा कमी, संका–उपसंका आदिका कारणबाट नै अन्ततोगत्वा सम्बन्धविच्छेद हुन्छ । परिणामस्वरुप व्यक्तिगत तथा सामाजिक प्रकार्यमा इकाइहरुबीचको प्रकार्यात्मक एकताको सम्बन्ध टुट्छ । यस सिथितिमा सिंगो सामाजिक संरचनाको

सन्तुलन विग्रन्छ । र सामाजिक संरचनामा असर पर्छ । यसर्थ सम्बन्धविच्छेद लगायत अन्य समाजसंग संबनधित सामाजिक समस्या भएका विषयहरुलाई सही रुपमा सैद्धान्तिक आधारशिला अन्तर्गत विश्लेषण गर्नुपर्दा प्रमुखरुपमा प्रकार्यवादी दृष्टिकोण र द्वन्द्ववादी दृष्टिकोणलाई एक आपसमा अन्तरसंबन्धित गराएर हेरिएमा सम्बन्धविच्छेद लगायत अन्य सामाजिक समस्याहरुको सैद्धान्तिक आधार भेटाउन सकिन्छ ।

## सन्दर्भ साहित्यको पुनरावलोकन

### २.२. पुर्वसाहित्य समिक्षा

सम्बन्धविच्छेद व्यक्ति-व्यक्तिबीचमा घट्ने घटना भएपनि यो नितान्त रुपमा सामाजिक अध्ययनको विषय हो । प्रत्येक सामाजिक अध्ययनका विषयहरुमा बैज्ञानिक तरिकाले सोधखोज गर्दा त्यस बिषयको सैद्धान्तिक पक्ष र मुलभुत मान्यताहरु, त्यससंग सम्बन्धित गरिएका विभिन्न अध्ययनहरु, त्यसबाट निस्किएका निष्कर्ष र ती अध्ययनहरुमा नसमेटिएका अपर्याप्त पक्षहरुलाई विशेष रुपमा महत्व दिइन्छ । जसबाट नयांनयां तथ्यहरुको खोजी गर्नु या खोजी गरिएका तथ्यहरुमा के के परिवर्तन आयो या आएन भनी छुट्याउनु हो । यसै संन्दर्भमा जब सम्बन्धविच्छेदको बारेमा शोध खोज गरिन्छ तब विवाह, परिवार, सांस्कृतिक प्रचलन, सामाजिक संगठन, विद्यमान कानुन प्रणाली जस्ता पक्षहरुबारे अध्ययन गरिनु नितान्त जरुरी हुन्छ । विवाहबाट नै सम्बन्ध कायम हुने र यसमा विचलन आए सम्बन्धविच्छेद हुने हुदा यो विचलन आउन नदिन विवाह पुर्व र विवाह पश्चात दाम्पत्य जीवनका बारेमा अत्यन्तै सुझबुझ र समझदारीपन अपनाउनु पर्ने हुन्छ ।

नेपाल र भारत दुवै देशमा अत्यधिक मात्रामा हिन्दु धर्मशास्त्रको प्रभाव परेकोले भारतमा सर्वप्रथम Hindu Marriage Act 1955 ले सम्बन्धविच्छेद गर्न पाउने अवस्थाको सृजना गर्‍यो । तर पश्चिमेली देशहरुलाई हेर्ने हो भने बेलायतमा The Matrimonial Cause Act 1857 पास भए पछि सम्बन्धविच्छेदको कानुनी व्यवस्था भयो । France मा सन 1789-95 को फ्रान्सेली क्रान्तिदेखि, German मा 1896 देखि अमेरिकामा Uniform marriage & divorce act 1970 as a mended in 1971, 1973 को section 303 (4) (5) मा समेत सम्बन्धविच्छेदको व्यावस्था भयो । जसबाट सामान्यतया विश्वव्यापी रुपमा नै सम्बन्धबिच्छेदको कानुनी व्यावस्था भयो । हाम्रो देशको परिपेक्ष्यमा हेर्ने हो भने सम्बन्धविच्छेदको प्रचलन कहिले देखि भयो भन्न गाह्रो छ । किनकी नेपाल बहुजातीय देश भएकोले यहाका विभिन्न जात-जातीमा आ-आफ्नै किसिमका प्रचलन र मान्यता

अनुसार सम्बन्धविच्छेद गरिएको पाइन्छ । कानुनी रुपमा भन्ने हो भने यसको व्यावस्था सुरेन्द्रको पालामा बनेको वि.स. १९१० को मुलुकी ऐन मा नै भएको पाइन्छ । उक्त ऐनमा नेवार जातको लागि छुटै व्यावस्था समेत गरेको थियो । (१९१० को मुलुकी ऐन को २५ नं) तर वि.स. २०२० को मु.ऐ. ले सबै जात-जातीको लागि निश्चित आधारमा सम्बन्धविच्छेद गर्न पाउन व्यावस्था गरेको छ ।

यसरी प्रारम्भमा विवाहलाई एउटा पवित्र गठबन्धन र संस्कारको रुपमा लिइए पनि विवाह र परिवारप्रतिको दृष्टिकोणमा परिवर्तन आई सम्बन्धविच्छेदलाई सम्झौताको रुपमा लिइन थालियो जसको आधार तथा प्रकृयालाई कानुनमा नै व्यवस्था गरियो । विस्तारै शिक्षा, शहरीकरण, औधोगिककरण र आधुनिकीकरणको विकास र प्रभावले सामाजिक मुल्यमान्यता र सोचाईमा आएको परिवर्तन, पुंजीबादी सोचको विकास, चेतनाको विकास जस्ता कारणले गर्दा यसको प्रबृति बढी रहेको विभिन्न अध्ययनहरुले देखाउदै आएका छन् ।

सम्बन्धविच्छेद संबन्धि भएका विभिन्न वैज्ञानिक अध्ययनहरुको निष्कर्ष र तिनीहरुले अपनाएका तरिका बारे उल्लेख गर्दा Harvey J. Lock (सन १९५१) ले गरेको अध्ययनमा Both men and Women tended to many at a younger age than did the non-divorced (Those still married). Another interesting finding concerning age & divorced is that among the divorced the difference in the age of husband and wife is greater than it is among the non-divorced. यस अध्ययनमा सम्बन्धविच्छेद गर्न व्यक्तिहरु युवाअवस्थामा बढि देखिन्छन र सम्बन्धविच्छेदकर्ताहरुको विवाह गर्दा तुलनात्मक रुपमा उमेर समेत कम हुने हुदा यसमा बैवाहिक उमेरको प्रभाव रहने कुरा देखिन्छ ।

Kuppusway, ले सन १९५७ मा गरेका अध्ययनमा करिव एक तिहाई उत्तरदाताहरुले महिलामा हुने बांझोपन को कारणले मात्र विवाहलाई विच्छेद गर्न नहुने, अर्को एक तिहाई भन्दा बढि उत्तरदाताहरुले विविध कारणबाट प्रजनन कायम राख्न असक्षम भई सन्तान उत्पादन गर्न नसक्ने लोग्ने वा स्वास्नीसंग सम्बन्धविच्छेद गर्न पाउने तर्कलाई अगाडि सारेका छन् । यस अध्ययनमा अधिकांश उजुरीहरु दम्पत्तिहरुको (श्रीमान–श्रीमती वीच) प्रजनन असक्षमतालाई दर्शाइ गरिएको थियो । यस अध्ययनबाट जैविकिय कारण बढि भएको देखिन्छ ।

American Sociologist Bumpass & Sweet को अध्ययनमा "Association between divorce & age at starting marital life-child birth, family structure etc. May hold true with controls for such variables as husband and wifes education occupation & income,

suggestion that factors directly associated with divorce may be fruitful area for sociological research” (Bumpass: Lamy L. Sweet, Jenesa “Differential in marital instability, Amecical sociological review 1970.) यसमा सम्बन्धविच्छेदसंग संबनधित विभिन्न चलहरु बीचको अन्तरसम्बन्ध र अन्तरप्रभावलाई विश्लेषण गर्दै श्रीमान–श्रीमतीको वैवाहिक सम्बन्धविच्छेदमा वैवाहिक उमेर, वालबच्चाको जन्म, पारिवारिक संरचना, श्रीमान श्रीमतीबीचको शिक्षा, पेशा, आय आदिले पार्न सक्ने प्रभावलाई विभिन्न सामाजिक पृष्ठभुमिका आधारमा विश्लेषण गर्नुपर्ने तथ्यलाई अगाडि सारिएको पाइन्छ ।

त्यस्तै (आचार्य, २०५५) ले पोखरा उपमहानगरपालिकालाई क्षेत्र बनाई गरेको अध्ययनमा संयुक्त परिवार, मागी विवाह, कम उमेरमा गरेको विवाह, सरकारी जागिर भएको श्रीमान र गृहिणी महिला र मध्यम वर्ग का व्यक्तिहरुमा सम्बन्धविच्छेदको दर बढी भएको देखिन्छ ।

यसरी माथि उल्लेखित गरिएका विभिन्न अध्ययन–अनुसन्धानहरुबाट प्रष्ट हुन्छ कि सम्बन्धविच्छेद नितान्तरुपमा सामाजिक विषय हो । यसले विवाहित दम्पत्तिको वैवाहिकसम्बन्ध तोडिदा व्यक्तिदेखि समाजका विभिन्न पक्षहरुमा प्रभाव पार्छ । यसका कारणहरु एउटा सर्वमान्य रुपमा नभई विभिन्न र आपसमा जेलिएका छन् । जसमा विभिन्न पक्षहरु समाहित हुन्छन । यसलाई गहिरो र विश्लेषणात्मक रुपमा सामाजिक अध्ययन अनुसन्धान र विश्लेषण गर्नु पर्छ । यसका अतिरिक्त सम्बन्धविच्छेदले समाजमा बढि प्रभाव पारे पनि दाम्पत्य जीवनमा एउटा पक्षको अनावश्यक दवाव, स्वतन्त्रताको माग, कुटपिट, झगडा, संकालु प्रवृति, हेलचेक्र्याई, यौन असक्षमता जस्ता कारणबाट सृजित समस्या मा त यसले सकारात्मक प्रभाव नै पार्छ । तर यदि ति व्यक्तिहरुको दम्भ र महत्वकांक्षाको कारणले बालबच्चा भइसकेको भए त परिवार मै सामाजिक तथा आर्थिक समस्याहरु सृजित नहोलान भन्न सकिंदैन । अर्को कुरा एक पक्षलाई आफ्नो बालबच्चाबारे चिन्ता लागी जीवनमा नै त्यसको छांयाले ढक्ढक्याउने गर्न सक्छ भने अर्को पक्षको बालबच्चा प्रति त्यति चासो स्थिति बुझि त्यसको यथार्थतालाई समाज समक्ष प्रस्तुत गर्नु अनुसन्धानकर्ताहरुको दायित्व देखिन्छ ।

सम्बन्धविच्छेद हुनु भन्दा अगाडी श्रीमान, श्रीमतीको विवाह हुनैपर्ने अनिवार्यता भएकोले ती श्रीमान श्रीमती भिन्न भिन्न या एउटै समाजका व्याक्ति, भिन्न भिन्न जात या समान जातका र भिन्न भिन्न परिवारका हुन्छन् । जव ती पुरुष र महिलामा विवाहद्धारा श्रीमान श्रीमतीका रुपमा एउटा परिवारको स्थापना हुन्छ । तब ती दुई व्यक्तिहरुको वैवाहिक सम्बन्धले एक अर्काको परिवारको सदस्यहरुविच नाताको सृजना गर्छ र आपसिक सहयोग र सदभावको स्थिती उत्पन्न

गराउछ । फलस्वरुप परिवारमा हर्ष, खुसी, विश्वास र सहयोग बढाउंछ । यस्तो अवस्थामा जब दम्पतीहरुविच फाटो बढ्छ या पारिवारिक कलह मच्चिन्छ तब सम्बन्धविच्छेदको स्थिती देखा पर्छ । यसमा विभिन्न कारकतत्वहरुले भुमिका खेलेको हुन्छन । जसबाट स्वयं सम्बन्धविच्छेदकर्ता मात्र नभएर उनीहरुको व्यक्तिगत जीवन, बाल वच्चा र परिवारमा समेत नकारात्मक प्रभावहरु पर्छन् । यसरी परेको नकारात्मक प्रभावले सामाजिक संरचनामा विभिन्न अवरोध र विकृतिहरु पैदा गराउछं । तसर्थ यसको कारणहरुको खोजी गरी यसलाई (सम्बन्धविच्छेद) सकेसम्म न्युनीकरणमा झार्न या यस्तो अवस्था उत्पन्न नै हुन नदिन त्यहि अनुरुपको व्यावस्थापनपक्षलाई व्यवसथित गर्न सक्नुपर्छ ।

प्रत्येक देशको प्रत्येक ठाउं केही न केही रुपमा भुमण्डलीकरण बाट टाढा छैन् । यस संदर्भमा समाज आज विविध पक्षबाट जटिल बनेको वा बन्दैछ । यी जटिलताले नै मानिसमा सम्बन्धविच्छेदको दर पनि बढिरहेको छ । यसबाट सम्बन्धविच्छेद कि त सामाजिक मुल्य मान्यता र प्रचलनबाट हुन्छ भने कि त कानुनी तौर तरिका बाट हुन्छन् । तर जसरी भए पनि आखिर सामान्यतया सुमधुर र सुचारुरुपमा चलिरहेको दाम्पत्य जीवन सम्बन्धविच्छेदको अवस्थामा भताभुङ्ग हुन्छ । घर परिवारमा समायोजन हुन नसक्नु, ढाटी विवाह, कम उमेरमा भएको विवाह, भावनात्मक रुपमा बहेर गरेको विवाह, वाध्यताबश गरिएको विवाह, विवाह पश्चात लोग्ने स्वास्नीको सामिप्यताको दायरा फराकिलो हुनु, बढी तडकभडक र आपसी विश्वासमा संकट उत्पन्न आदि आदि कारणले सम्बन्धविच्छेद हुने कुरा अध्ययन क्षेत्रबाटै पत्ता लाग्यो । जसबाट सम्बन्धविच्छेदकर्ताको परिवार र समाजप्रतिको आफ्नो दायित्व अत्यन्तै कम भएको देखिन्छ । यि विविध पक्षहरुबारे तथ्यगत रुपमा विश्लेषण गर्नु अगाडी यसै संन्दर्भमा अन्तराष्ट्रिय जगतमा विभिन्न विद्धानद्धारा गरिएका अध्ययनको निष्कर्षलाई प्रस्तुत गरौं ।

Green (सन १९६४) “The promximate reason for the divorce rate is the prevalence of extravagant expectations in marriage but ultimate explanation is to be found in the social forces which undermined the traditional family’s structure"

Goode (सन् १९५६) “Instability, not support, authority, complex, drinking, homelife, values, illicit, relations and desertation as the chief causes of divorce”

Chaudhary (सन १९८८) "Marriage dissolution and divorce are not caused by a single factor. Divorce may be explained in terms of several factors such as social, biological, psychological and economic."

माथि उल्लेखित विभिन्न साहित्यहरुको अध्ययन गर्दा सम्बन्धविच्छेदका कारणहरु विभिन्न देखिएका छन् । जसमध्ये Goode (सन १९५६) ले गरेको अध्ययनमा दम्पती विच रहेको असक्षमता, असहयोगीपन, सामाजिक मान्यतामा देखिएको फरकपन, घरायसी निर्देशन, मादक पदार्थ सेवन आदि कारणबाट सम्बन्धविच्छेद हुन्छ । त्यस्तै Green (सन १९६४) का अनुसार विवाह पछि दम्पतीहरुमा हुने बढी अपेक्षा र महत्वकांक्षाले गर्दा पारिवारिक वेमेल सिर्जाउछ भने Chaudhary (सन १९८८) का अनुसार सम्बन्धविच्छेद हुन सामाजिक, जेविकिय, मनोवैज्ञानिक र आर्थिक कारणहरुलाई बढि जोड दिई व्याख्या गरिएको पाइन्छ ।

यसरी सम्बन्धविच्छेद संबन्धि विभिन्न विद्धानहरुले गरेको अध्ययनको निष्कर्षलाई सोधकर्ताले गरेको अनुसन्धानको निष्कर्षसंग तुलना गर्दै सम्बन्धविच्छेदका कारणहरु खोजी गर्ने सिलसिलामा केही कारणहरुमा समानता देखिएका छन भने केही कुराहरुमा भिन्न र नितान्त नयां कारणहरु पनि देखिएका छन् । तर स्मरणयोग्य कुरा के छ भने हरेक समाज, जात जाती, समय, परिस्थिती र सन्दर्भले यसमा महत्वपुर्ण भुमिका खेलेको हुन्छ ।

हाम्रो समाज पितृसत्तात्मक सोच, मुल्य, मान्यता अनुसार चल्ने हुंदा हरेक कार्यमा पुरुषहरुकै हैकम बढी देखिन्छ । परिणामस्वरुप समाजका आर्थिक, सामाजिक र सांस्कृतिक पक्ष या कार्यहरुमा पुरुषहरुको नै अधिपत्य बढी रहंदा शिक्षित र आत्मनिर्भर महिलाहरु बाहेक अधिकांश महिलाहरु लोग्नेसंग नै निर्भर हुने र सम्बन्धविच्छेद पछि समेत समाजमा पुनर्स्थापित हुन पुरुषलाई जस्तो सजिलो उनीहरुलाई छैन । यस्तो अवस्थामा महिलाहरुलाई विभिन्न सृजित अप्ठ्यारा परिस्थितीहरुसंग उनीहरुले मुकाविला गर्नुपर्ने हुन्छ । यसै सम्बन्धमा J.N. Chaudhary को अध्ययनको निष्कर्ष छ । Some couple pass through some bitter experiences, some couple find that a period of separation permits them to become fond of each other. But after an interval of good will they again become hostile. In this way their positive & negative feeling seem to alternate. (J.N. Chaudhary op. cit P. 120) यसरी जे.एन. चौधरीको अनुसार सम्बन्धविच्छेदकर्तामा सम्बन्धविच्छेद पछि एउटै अवस्थाको मात्र सिर्जना नगरी विभिन्न अवस्थाको सिर्जना गर्छ । जसबाट समष्टीमा सकारात्मक या नकारात्मक अनुभव भएको देखिन्छ । यसर्थ सम्बन्धविच्छेद पछिका अवस्थाहरुमा या स्वयं सम्बन्धविच्छेदकर्ताको या उनीहरुका

बालबच्चाको उचित लालनपालन र शिक्षा दिक्षाको स्थिती होस् । यसले केही न केही समस्याहरु उब्जाएकै हुन्छ । यि विविध पक्षहरुलाई समावेश गर्दै यस अध्ययनमा तालिका सहित देखाइएको छ ।


पेशा जीवनयापन गर्नको लागी महत्वपुर्ण कुरा हो । पेशा सिधै अर्थव्यावस्थासंग जोडिएको हुन्छ । यसले सामाजिक अन्तरक्रियाको अवस्था लाई पनि प्रभाव पार्छ । पेशाले गर्दा नै हरेक व्यक्तिको जीवनयापनको निमित्त उसले गर्ने व्यावहार, उसको सोचाई, उसको आचरण र उसको हरेक समस्याहरुसंग जुध्ने तरिका र त्यसलाई विश्लेषण गर्ने क्षमता फरक फरक हुन्छ । यसर्थ पेशाले वैवाहिक जीवन मा प्रभाव पार्नु पनि स्वभाविकै हो । यस सन्दर्भमा Burgess & Locke ( सन १९५०) भन्छन् "Various studies seems to show that divorce is relatively high among persons engaged in occupation necessitaing frequent absence from home involving intimate contact with the opposite sex, and controlled relatively little by community" (Burgess and Locke, Family 1950 p.634) यस भनाईबाट पनि के प्रष्ट हुन्छ भने परिवारका दम्पत्तिहरु विभिन्न पेशाको शिलशिलामा घरबाट बाहिर गएमा विपरित लिंगीहरु संग सम्पर्क बढ्न जान्छ । जुन समयमा तिनीहरु समुदायबाट सापेक्षिक रुपमा नियन्त्रित हुदैन । त्यति बेला दम्पतीहरु विच आपसिक माया, सदभाव, प्रेम जस्ता कुरामा दुरता आउछ र सम्बन्धविच्छेद हुन्छ । यसरी Burgess and Locke ले पेशागत कारणले घरबाट टाढा भएका दम्पतीहरुविचमा बढी सम्बन्धविच्छेद भएको कुरा उल्लेख गर्छन् । यसरी पेशासंग सम्बन्धविच्छेदको के सम्बन्ध हुन्छ भन्ने कुराको सामान्य जानकारी पाइसके पछि शोधकर्ताको अध्ययन अनुसार पेशा र सम्बन्ध विच्छेद को सम्बन्धलाई हेरौं ।

मानव सभ्यताको सुरुवातदेखि आजसम्म मानविय जीवनलाई बढि प्रभाव पार्ने पक्ष नै आर्थिक पक्ष हो । यहि आर्थिक पक्ष वा अवस्थाले गर्दा नै परिवारमा सुख र दुखको अनुभव हुन्छ । आर्थिक अवस्थाको कारण नै आजको यो संसारलाई हेर्ने, बुझ्ने र विश्लेषण गर्ने दृष्टिकोणहरु फरक फरक हुन्छ । यसै सन्दर्भमा सम्बन्धविच्छेदमा पनि यसको प्रभाव हुन्छ भन्ने हेतुले यस उपशिर्षक अन्तर्गत यी दुइवीचको सम्बन्धलाई हेर्न खोजिएको छ । यस सन्दर्भमा Udry Richard (सन १९७७) मा गरिएको अध्ययनको सारांश के देखिन्छ भने "More divorce accure in the higher classes" (Udry, Richard, the American journal of sociology 1966,72 Pp 203-209) त्यसै गरी Winch & Goodman (सन १९६६) का अनुसार "The higher the socio economic status

of a groups the lower their divorce and separation rates" (Winch & Goodman, in selected studies in marriage & the family 1966, p-572)

यिनीहरुका अनुसार (Udry Richard) उच्च वर्गमा बढि सम्बन्धविच्छेद को घट्ना घट्छ भने Winch & Good man का अनुसार जति व्यक्तिहरुको सामाजिक आर्थिक हैसियत बढि हुन्छ त्यति तिनीहरुको सम्बन्धविच्छेद र पृथकीकरणको दर निम्न हुन्छ । आर्थिक अवस्था र सम्बन्धविच्छेदको स्थितीबारे पाश्चात्य विद्धानहरुको निष्कर्ष थाहा पाएपछि हाम्रो अध्ययन क्षेत्रको आर्थिक अवस्था र सम्बन्धविच्छेदबारे उल्लेख गरौ ।

## २.३. अवधारणागत आधार




विवाह अघि सम्बन्धविच्छेदका कारणहरुमा केटा या केटी दुवैको या दुईमध्ये एकको कम उमेरमा विवाह हुंदा जीवनमा विवाहको उदेश्य, महत्व लगायत विविध पक्षहरुमा उनीहरुबाट दीर्घकालिन सोच बनाइएको हुंदैन । विस्तारै उमेर लगायत विविध पक्षहरुको परिपकवतासंग श्रीमान श्रीमति बीचको धारणा सोचाई फराकिलो हुदै गए सम्बन्धविच्छेदको स्थिति आउन सक्छ । त्यसैगरी विवाह अघि केटा या केटीले अथवा उनीहरुका परिवारले आ-आफ्नो छोराछारीको विभिन्न पक्षका कमीकमजोरीहरुलाई लुकाई विवाह गर्छन या गराउछंन भने ती आ-आफ्ना लुकाइएका कमीकमजोरी विवाह पश्चात एक आपसमा थाहा भए दाम्पत्य जीवनमा फाटो आउन सक्छ ।

त्यसैगरी विवाह पछिका विभिन्न कारणहरुमध्ये सामाजिक असमानता र सांस्कृतिक भिन्नता पनि पर्दछन् । यहां सामाजिक असमानता भित्र जातीय स्तरीकरण, पारिवारिक संरचना र पृष्ठभुमि शिक्षा, पेशा लगायत अन्य पक्षहरु पर्छन भने सांस्कृतिक भिन्नता भित्र रहनसहन नैतिकता विश्वास, मुल्यमान्यता आदि पर्छन । जसबाट श्रीमान श्रीमती बीचमा या उनीहरुको पारिवारिक स्तरमा आपसिक समान्यजस्यता नभई आपसिक बेमेल र असहज स्थिति उत्पन्न हुन्छ जसबाट सम्बन्ध विच्छेद हुन पुग्छ । त्यसैगरी श्रीमान श्रीमति बीचको उमेरको फरकपनले पनि उनीहरुमा बोल्ने, सोच्ने हरेक कुरालाई विष्लेषण गर्ने कुरामा फरक आउछ । त्यस्तै परिवारमा आर्थिक अभावको कारण त्यसको निवारणार्थ लोग्ने विदेश तथा स्वदेशमै केही टाढा काम गर्न जांदा श्रीमान श्रीमति सामिप्यतामा कमी हुनु, त्यसअवस्थामा आ-आफ्ना नैतिकता र कर्तव्यलाई पन्छाई परस्त्रीगमन र परपुरुष गमन तिर लाग्नु आधुनिक दम्भ या उच्च महत्वकांक्षाले आ-आफ्नो मानसपटलमा डेरा जमाई लचिलो कानुनी आधारबाट सम्बन्धविच्छेद गर्न पुग्नु विवाहपश्चात सम्बन्धबिच्छेदका कारणहरु हुन ।

# अध्याय - तिन

## अनुसन्धान विधि

### ३.१ वर्णनात्मक अनुसन्धान ढाँचा

यस अध्ययनमा विशेषरुपमा वर्णनात्मक र विश्लेषणात्मक पद्दति अपनाइनेछ । किन कि संम्बन्धविच्छेद कर्ताहरुको अदृश्य रुपमा रहेको सामाजिक, आर्थिक र सांस्कृतिक पक्षहरु तथा उनीहरुका सन्तानहरुको समेत विवरण प्रस्तुत गरी त्यससंग संम्बद्ध तथ्यांक एवं सुचनाहरुको विश्लेषण गरी सम्बन्धविच्छेद हुन कुनकुन पक्षहरु बढि जिम्मेवार छन् भनी आफ्नो दृष्टिकोण समेत प्रस्तुत गरिने हुंदा यस अध्ययन बर्णनात्मक र विश्लेषणात्मक पद्दतिमा बढी आधारित छ ।

त्यसै गरी यस क्षेत्रमा आजसम्म कुनै पनि सरकारी या गैरसरकारी क्षेत्रबाट यस विषयमा खोजी गरी अध्ययन अनुसन्धान नगरिएको हुंदा संम्बन्ध विच्छेदको कारण र त्यसबाट विशेषत बालबच्चामा परेको प्रभाव र स्वयं सबन्धविच्छेद कर्ताहरुको बैयत्तिक अध्ययनलाई सुक्ष्म तरिकाले प्रथम पटक उजागर गरिने हुदा यो अध्ययन केही हदसम्म अन्वेषणात्मक पद्दतिमा पनि आधारित रहनेछ ।

### ३.२ अध्ययन क्षेत्रको छनौट र औचित्य किन?

अध्ययन क्षेत्र कैलाली जिल्लालाई लिइएको छ । सुदूरपश्चिमाचल विकास क्षेत्र अन्तर्गत पर्ने सेती अञ्चलको ५ वटा जिल्ला हरु मध्ये कैलाली जिल्ला भौगोलिक क्षेत्रफल शिक्षा, स्वास्थ्य, रोजगार, यातायात, संचार, शहरीकरण, लगायतअन्य पक्षहरुमा समेत तुलनात्मक रुपले अन्य जिल्ला भन्दा माथिल्लो श्रेणीमा पर्छ । भौगोलिक बनोट र विविध कारणले गर्दा पनि कैलाली जिल्लामा पहिल्यै देखि बसाई सराई गरि आएका र अहिले समेत आउने कम जारी रहेको छ । यि विविध पृष्ठभुमीको सेरोफेरोमा विधमान पारिवारिक सम्बन्ध विभिन्न पक्षहरुबाट प्रभावित भएको हुनसक्ने अनुमान गर्न सकिन्छ । जसबाट पारिवारिक विखण्डन समेत हुन सक्ने हुन्छ । यसर्थ तुलनात्मक रुपमा उल्लेखित अन्य जिल्लाहरु मध्ये यस जिल्लामा बढि सम्बन्धविच्छेदका घट्नाहरु घट्छन् भन्ने बलियो अनुमान तथा मान्यताका आधारमा यस जिल्लालाई अध्ययन क्षेत्र बनाइएको हो ।

साथै यस क्षेत्रको छनौट र औचित्यमा आजसम्म यस जिल्लामा सम्बन्धविच्छेद बारे कुनै पनि व्यक्ति, संस्था र सरकारी स्तरबाट सैद्धान्तिक तथा स्थलगत अध्ययन समेत नहुनु, सोधकर्ता

स्वयं यसको नजिकको जिल्लावासी भइ विशेष रुचिको विषय समेत भएकोले यस सम्बन्धी बैज्ञानिक अध्ययन गरी वास्तविकताको पहिचान गर्न/गराउन यस क्षेत्रलाई छनौट गरिएको हो ।

### ३.३ जनसंख्या र नमुना

यस सोधपत्रको समग्रता कैलाली जिल्ला अदालतबाट कानुनी रुपमा आर्थिक वर्ष २०७२÷०७३ मा सम्बन्धविच्छेदका मुद्धा दर्ता भइ फैसला भई वैवाहिक सम्बन्ध विच्छेद गरिसकेको दम्पत्तिलाई लिइएको छ । यसरी अध्ययन अनुसन्धान गर्ने क्रममा माथि उल्लेखित अवधिभित्र कानुनी रुपमा फैसला भैसकेका २८ वटा मुद्दाहरु मध्येबाट यहां नमुनाको रुपमा २० वटा मुद्दाहरु लिईएको छ । यो अध्ययनमा Purposive or Judgemental Random Sampling विधिको प्रयोग गरिएको छ ।

### ३.४ तथ्याङको श्रोत र प्रकृति

यस अध्ययनको निम्ति प्राथमिक तथ्याङ्कको श्रोत अन्तर्गत स्वयं सम्बन्धविच्छेदकर्ताहरु, उनका परिवारका सदस्यहरु र छिमेकका जान्ने बुझ्ने र उनीहरुका बारेमा थाहा जानकारी भएका व्यक्तिहरुसंग सम्पर्क राखी तथ्याङ्क संकलन गरिएको छ । यसैगरी द्धितिय स्रोत अन्तर्गत अदालती अभिलेख र अन्य संबन्धित विविध संदर्भ सामग्रीहरुलाई लिइएको छ । यसका अतिरिक्त यस अध्ययनको प्रकृति गुणात्मक र संख्यात्मक दुवै रहेको छ ।

### ३.५ तथ्यांक संकलन का प्रविधिहरु

माथी उल्लेखित विविध स्रोत मार्फत यस अध्ययनमा विभिन्न तथ्यांक संकलन विधि प्रयोग गरिएको छ । जसलाई यहां क्रमश प्रस्तुत गरिएको छ ।

#### ३.५.१ प्रश्नावली साथै अन्तर्वार्ता

सामाजीक अनुसन्धानका निम्ति प्रश्नावली तथा अन्तर्वार्ता अति महत्वपुर्ण विधि हो । यस अध्ययनमा प्रश्नहरुको श्रृंखला निर्माण गरी उत्तरदाताहरु समक्ष प्रस्तुत गरिनेछ । यस प्रश्नावलीको प्रमुख उद्देश्य यसको माध्यमबाट उत्तरदाताले प्रश्नमा उल्लेख गरे वमोजिमको उत्तर आफ्नै किसिमले आफै भन्ने वा लेख्ने हुंदा यथार्थ तथ्यको जानकारी बाहिर आउंन सहयोग गर्नेछ । त्यसैगरी अन्तर्वार्ताको क्रममा अगाडी नै निर्माण गरी तयार पारिएका प्रश्नहरु अनौपचारिक रुपमा छलफल गरी घट्नाका परिवेश, समय र अवस्था अनुसार उत्तरदाताहरुसंग समस्याको अलि जडसम्म पुगी गुढकुराको जानकारी लिईएको छ । यसरी तथ्याङ्ग लिंदा नमुना छनौटका २० वटा मुद्धा संग संबर्नधित, श्रीमान २० र श्रीमती २० गरी ४० जना सम्बन्धविच्छेद कर्ता संग छुट्टाछुट्टै

सुचना लिने सन्दर्भमा ६ जना पुरष र ५ जना महिलाहरुलाई भेट्न सकिएन । यी भेट्न नसकिएका दम्पतीहरुमा कुनै मुद्धामा श्रीमान र कुनै मुद्धामा श्रीमती आवद्ध थिए । तसर्थ यिनीहरुका बारेमा त्यहि छोडपत्र भएका श्रीमान या श्रीमतीबाट र उनीहरु का बारेमा थाहा पाउने उनीहरुकै घर परिवारका पारिवारिक सदस्य , नजिकको छिमेकी र नातापर्नेहरुबाटै आवश्यक कुरहरु थाहा पाईएको थियो । प्रश्नावली परिशिष्टमा राखिएको छ ।

### ३.५.२ वैयक्तिक अध्ययन

सम्बन्धविच्छेद जस्तो वैयक्तिक जीवनसंग संबनधित विषयहरुको अध्ययनको लागि अन्तरवार्ता, अवलोकनका साथसाथै वैयक्तिक अध्ययन पनि एउटा उत्तम विधि हो किनकी वैयक्तिक अध्ययनमा कुनै पनि सामाजिक इकाइको संपुर्ण पक्षको अध्ययन गरिन्छ । जुन घट्नाको गहिराईसम्म पुगी अत्यन्तै सुक्ष्म र विस्तृत रुपमा अध्ययन हुन्छ । यसमा औपचारिक तथा अनौपचारिक विधिबाट अध्ययनको विषयसंग सम्बन्धित सम्पुर्ण पक्षको अध्ययन गरिएको छ । यस विधिको प्रमुख उद्देश्य नै कसरी किन, के कति कारणले विवाह गरी संबन्धविच्छेद भयो भन्ने बारेमा सुक्ष्म तथा विस्तृत अध्ययन गर्नु हो । यस सोधमा ५ वटा संबन्धविच्छेद गरेका दम्पतिहरुलाई लिईएको छ । साथै यस वैयक्तिक अध्ययनमा संरचित तथा असंरचित अन्तर्वार्ता पद्धति पनि अपनाइएको छ ।

## ३.६ तथ्यांक विश्लेषण र प्रष्तुतीकरण

प्रश्नावलीको माध्यमबाट अन्तर्वार्ता, अवलोकन र बैयक्तिक अध्ययन विधिको प्रयोग गर्दा सामान्यतया तथ्यांक प्रकृतिगतरुपमा गुणात्मक हुन्छ । तर तथ्यांक संकलनको प्रक्रिया सम्पन्न गरिसके पछि विभिन्न तरिका अनुसार संकलन गरिएका तथ्यांकहरुलाई भिन्न भिन्न प्रकृतिका शीर्षहरुमा विभाजन गरी भिन्न भिन्न रुपमा तालिकीकरण गरिएको छ । यसरी तालिकीकरण गर्दा अनुपातिक तह संकलित तथ्यहरुलाई वर्गीकरण र विश्लेषण गरिएको छ । तथ्यांकलाई विश्लेषण गर्दा विवाह गर्दाको उमेर , विवाहको रुप तथा प्रकार, शिक्षा, पेशा, पारिवारिक संरचना आदिमा सम्बन्धविच्छेदकर्ताहरुको तथ्यांकको स्थितीलाई विभिन्न तालिकामा बर्गीकरण गरी निष्कर्षमा पुग्नका लागि प्रतिशत, दर तथा प्रति तालिकीकरणमा पनि देखाइएको छ ।

## ३.७. अध्ययनको सीमा

हरेक अध्ययन अनुसन्धानको निम्ति समय, स्रोत र साधनको नितान्त आबश्यक हुन्छ । यिनै समय, स्रोत र साधनको सिमितताका कारण नै अध्ययन अनुसन्धानमा विभिन्न सिमाहरु खडा

भएका हुन्छन । तसर्थ यस अध्ययनमा पनि आफ्नै किसिमका सिमाहरु रहनु स्वाभाविकै हो । जुन सिमा हरु निम्न अनुसार छन् ।

यस अध्ययनले केवल कैलाली जिल्लामा परेका अदालती तथ्यांकको आधारमा आ.व.२०७२÷०७३ अवधिका मुद्धाहरु समेटेको छ । जसमा कानुनीरुपमा भएका सम्बन्धविच्छेदहरु मात्र छन् ।

यस अध्ययनमा संगणना पद्धितिलाई अपनाउन खोजिएपनि विविध कारणबश नमुना छनौट पद्दतीलाई अपनाइयो । यो अध्ययनलाई यसले समेट्न सक्दैन् । यस अध्ययनमा खास ठाउंलाई मात्र आधार बनाएर गरिएको हुनाले नेपालभरी यसलाई सामान्यीकरण गर्न सकिन्छ भन्न सकिदैन ।

सबै अनुसन्धानको रुपरेखा अन्तर्गत यस अध्ययनलाई ढांचागत रुपमा विकसित गर्न नसकि विशेषत वर्णनात्मक र विश्लेषणात्मक पक्षलाई मात्र बढि जोड दिइएको छ ।

यस अध्ययनले आन्तरिक वैधता प्राप्त गर्न सकेपनि निश्चित क्षेत्र भित्र गरेकोले बाहय वैधता प्राप्त गर्न सक्दैन ।

यस अध्ययनलाई पुर्णरुपमा सैद्धान्तिक रुपरेखा मा समेत राख्न सकिएको छैन । साथै निश्चित समय र सन्दर्भमा गरिएका मानवीय सम्बन्धका विषयहरुले समय, काल क्रमपछि सधै समाजमा त्यहि किसिमको सम्बन्ध र प्रभाव पार्दछन भन्न सकिदैन ।

### ३.८ तथ्यांक संकलनको क्रममा आइ परेका कठिनाइहरु

विवाह श्रीमान श्रीमतीबीच हुने एउटा व्यक्तिगत मामला हो । वैवाहिक सम्बन्धबाट स्थापित सम्बन्ध तोडिनु नै विवाह विच्छेद भएकोले यो सामाजीक समस्या बन्छ । तथापी के कति कारणले किन यस्तो भयो भन्ने कुरा संबन्धित व्यक्तिलाई बढि थाहा हुन्छ । यसबारे जानकारी प्राप्तगर्न समाजको तल्लो तह सम्म पुगी व्यक्तिगत जीवनमा घटेका कुराहरु बुझ्नु आफैमा कठिनाई पुर्ण कार्य हो । यसरी व्यक्तिगत जीवनका पक्षहरुमा घटेका घटनाहरुको सत्यतथ्य बुझ्ने सिलसिलामा विभिन्न कठिनाईहरुसंग लुकामारी गर्नु परेको शोधकर्ताको महशुस छ ।

प्रारम्भमा त कानुनी रुपमा अदालतबाट भएका सम्बन्धविच्छेदका फैसलाहरुलाई अध्ययन गर्नुपर्ने भएका कारण सम्बन्ध विच्छेदकर्ताको ठेगाना पत्ता लगाउनु रह्यो । त्यस सन्दर्भमा कैलाली जिल्ला अदालतको फैसला डायरिमा केवल सम्बन्धविच्छेदकर्ताको नाम मात्र रहेको पाइदा ठेगाना थाहा पाउन २०७० देखि २०७३ सम्मका फैसला-मिसिल हेर्नु पर्ने अनिवार्य रह्यो । त्यसमा पनि महिलाले पुनर्विवाह गरेको , लोग्ने मान्छे प्राय विदेशिने र बसाइसराई गरेको पाइएको ले संबनधित

व्याक्तिलाई भेट्न केही समय वढि पनि लाग्यो । उत्तरदाताहरुलाई विश्वश्त गराएर उनीहरुलाई सोघेको प्रश्नहरुको सहि उत्तर पत्तालगाउन पनि केही अप्ठ्यारो परेको थियो । उत्तर दिने कममा केही उत्तरदाताले बानीव्यहोरा, अवस्थिति, कृयाकलाप अनुरुपको उत्तर नदिनु, लोग्ने स्वास्नी दुवैले दिएको उत्तरमा मेल नखाई आफ्ना कमि कमजोरीहरुलाई ढाकछोप गर्ने स्थिति देखिएकोले सहि उत्तरको अपेक्षा राख्दै संबन्धित व्यक्तिले दिएको उत्तरलाई पुष्टि पुनर्पुष्टि गर्न ति संवन्धित व्यक्तिका परिवार, साथीभाई र छरछिमेकहरुसंग अनौपचारिकरुपमा प्रश्नहरु राखी दिइएको उत्तरको वैधता प्राप्त गर्न कोशिश गरिएको छ ।

त्यसै गरी नेपाली समाजमा अश्लिल रुपमा लिइने यौन सम्बन्धी कुरालाई यस अध्ययनको तथ्यांक संकलन गर्ने कममा प्रश्नको रुपमा उठाइएको थियो । किनी सम्बन्धविच्छेदका विभिन्न कारणहरु मध्ये यौन संतुष्टिको अभाव पनि एक हो । जसबारे उत्तरदाताहरु संग प्रश्न गर्दा कमांक अनुसार (प्रश्नपत्रमा भए अनुसार नसोधी उत्तरदातालाई नियालेर ) घुमाई फिराई, भुमिका बांधी प्रश्नहरु गरिएको थियो । जुन अत्यन्तै अप्ठ्यारो महसुस भयो । उत्तरदातामा परिवारका संपुर्ण व्यक्ति जम्मा हुदां खुला प्रश्न राख्न त्यहांको चलन र सामाजिक मान्यता अनुरुप अप्ठ्यारो हुंदा अपेक्षा गरे भन्दा थप समय बढी लागेको थियो ।

# अध्याय - चार

## सम्बन्ध विच्छेदकर्ताहरुको पारिवारिक र वैयक्तिक पृष्ठभूमिः

सम्बन्धविच्छेद व्यक्तिगत घट्ना भए पनि अन्ततोगत्वा यो सामाजिक घट्ना हो । विवाहद्धारा नै कुनै दम्पत्ती विच वैवाहिक सम्बन्ध कायम रहिरहेको अवस्थामा सामाजिक ईकाइका विभिन्न पक्षहरुको प्रकार्यात्मक सम्बन्धमा तालमेल नमिल्दा दाम्पत्य जीवनमा अवरोध आउछ । समाजको सामाजिक, आर्थिक तथा सांस्कृतिक जस्ता विविध अवस्थाहरुको कारणबाट नै सम्बन्धविच्छेद हुन जान्छ । सामाजिक संरचनाको स्वरुप, जातजातिगत अवस्था, पेशा, शिक्षा, पारिवारिक संरचना, संस्कृति , यौनिक पक्ष र वैवाहिक, स्थिति जस्ता विविध पक्षहरुले सम्बन्धविच्छेद हुनमा प्रभाव पारेको छ । उल्लेखित विविध पक्षहरुलाई केन्द्रविन्दुमा राखेर नै यस शिर्षकमा विश्लेषण गरिएको छ । जसको आधार सोधकर्ताले स्वयं अध्ययन क्षेत्रमा गई तथ्यांक संकलनका विभिन्न तकनिकीहरु प्रयोग गरी लिइएको हो । यस शीर्षकलाई विभिन्न उप शिर्षकहरुमा निम्न बमोजिक देखाइएको छ ।

### ४.१ विवाहको प्रकारः

वैवाहिक सम्बन्धको स्थापना भएर नै सम्बन्धविच्छेद हुने गर्दछ । परम्परागत रुपमा हाम्रो समाजमा मागी तथा सजातिय विवाह अत्यधिक प्रचलनमा थियो । यसै प्रकारको विवाह बाट जन्मेका सन्तानले नै कुल, धर्म र परम्परा अनुसार बैधता प्राप्त गर्थ्यो तर समाज विकासको क्रममा यसमा परिवर्तन आएको छ । विवाह बाट स्थापित सम्बन्धमा कुनै विचलन आए सम्बन्धविच्छेद हुन पुग्ने भएकाले कुन प्रकारको विवाहमा सम्बन्धविच्छेदको स्थिति के कति हुने रहेछ भन्ने तल तालिकामा देखाइएको छ ।

**तालिका नं.४.१.:सम्बन्धविच्छेदकर्ताको विवाहको प्रकार**

| विवाहको प्रकार | दम्पती संख्या | प्रतिशत | विवाहको प्रकार | दम्पति संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| मागी विवाह | १० | ५० | सजातीय | १८ | ९० |
| प्रेम विवाह | ६ | ३० | विजातिय | २ | १० |
| मागी+प्रेम विवाह | ४ | २० | | | |
| जम्मा | २० | १०० | | २० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

उल्लेखित तालिकाबाट मागी विवाह अन्तर्गत ५० प्रतिशत प्रेम विवाह अन्तर्गत ३० प्रतिशत र मागी तथा प्रेम विवाह अन्तर्गत २० प्रतिशत दम्पत्तिहरुमा सम्बन्धविच्छेद भएको देखिन्छ । यहां मागी विवाह भन्नाले बर पक्षका संरक्षक या स्वयं वरले बधुपक्षका संरक्षकहरुसंग कुरा मिलाई जातिय परम्पराअनुसार विवाह सम्पन्न गर्नु हो । जहां केटा र केटी बीचको स्वीकृति वा आपसिक सहमतिलाई गौण मानी निर्णय लिने अधिकार दुवैपक्षको संरक्षकमा निहित हुन्छ । केही मागी विवाहमा घरपविारका मुख्य व्यक्तिहरुले केटा र केटीलाई सोध्दै नसोधी या केटा र केटीको इच्छा विपरित गराईदिएको विवाह हुदा उनीहरुमा आपसिक समझदारी हुन सक्दैन फेरी उमेर बढ्दै जादा उनीहरुको सामाजिक तथा आर्थिक स्थितिमा परिवर्तन आई एकले अर्कालाई कम मुल्यांकन गर्ने प्रवृति देखिई, आपसमा त भन्दा म के कम भन्ने भावना उत्पन्न भएर सम्बन्धविच्छेदको स्थिति देखिएको छ । प्रेम विवाहमा पनि एउटा पक्षले अर्को पक्षको सामाजिक र आर्थिक जस्ता पक्षहरु बुझ्न नसक्नु, कम उमेरको समयमा नै प्रेम गर्दा दुवै पक्ष अत्यन्तै भावनात्मक रुपले प्रेमको गहिराईमा डुब्नु, जसको कारण दिर्घकालिनरुपमा एक पक्षले अर्को पक्षको बारेमा बुझ्न असमर्थ हुनु, प्रेममा गरिएको र देखाएको लचकता र उदारताले विवाहपछि एकले अर्कोलाई संकास्पद तरिकाले हेर्नु र एक अर्काको सामाजिक सांस्कृतिक र आर्थिक भिन्नताले गर्दा वैवाहिक सम्बन्ध विचैमा टुटेको पाइयो । ढाँटी गरेर गराएको विवाहबाट पनि सम्बन्धविच्छेद भएको छ । यसका अतिरिक्त शिक्षा, उमेर र आर्थिक स्थितिका सम्बन्धमा एकले अर्कालाई ढाट छल गरी गराएको विवाहबाट पनि सम्बन्ध विच्छेद भएको छ । त्यसै गरी मागी र मागी साथै प्रेम विवाहमा समेत केही कुराहरु ढाटी गरेको, एक आपसको घरपरिवारसंग समझदारी हुन नसक्नु, श्रीमान श्रीमति विच विश्वासको कमि ,आपसिक द्वन्द हुनु र श्रीमानले जांडरक्सी सेवन गरी आर्थिकरुपमा असक्षम हुनुजस्ता कुराहरु पनि विच्छेद गराउनमा मुख्य रहेको पाइएको  छ । त्यसैगरि विजातिय विवाहमा प्रेम विवाह भएकोले परिवारको सहमति नहुनु, बुहारीलाई अत्यन्तै अपहेलनाको निकृष्ट दृष्टिले व्यावहार गर्नु रहेको पाइएको छ ।

### ४.२. परिवारको संरचनाः

जब श्रीमान श्रीमति वैवाहिक सुत्रमा गाँसिन्छन् तव परिवारलाई सुचारुरुपले अगाडि बढाउन परिवारका विभिन्न सदस्यहरुको सोचाई चाहना, व्यावहारमा सामिप्यता वा एकरुपता हुनुपर्छ कथंकदाचित ती विविध सोचाई, चाहना र व्यावहारमा मेल नखाए पारिवारिक रुपमा मत भिन्नता सुरुभई विशेषत श्रीमान श्रीमति बीचको सम्बन्ध खलबलिन पुग्छ । पारिवारिक संरचना र सम्बन्ध विच्छेदको स्थिति तलको तालिकामा निम्न बमोजिम देखाईएको छ ।

**तालिका नं.४.२.सम्बन्धविच्छेदकर्ताको पारिवारिक संरचना**

| पारिवारिक संरचना | विवाहगर्दाको समयमा | | सम्बन्धविच्छेद गर्दाको समयमा | |
|---|---|---|---|---|
| | दम्पत्ति संख्या | प्रतिशत | दम्पत्ति संख्या | प्रतिशत |
| संयुक्त परिवार | १४ | ७० | १० | ५० |
| एकात्मक परिवार | ६ | ३० | १० | ५० |
| जम्मा | २० | १०० | २० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथि उल्लेखित तालिकाले देखाए अनुसार विवाह गर्दाको समयमा संयुक्त परिवार ७० प्रतिशत देखिई सम्बन्धविच्छेद गर्दाको समयमा ५० प्रतिशत मात्र देखिन्छ । २० प्रतिशत संयुक्त परिवार घटि एकात्मक परिवारमा परिणत भएको छ। संयुक्त परिवारमा सम्बन्धविच्छेद हुनुमा पुरानो मान्यता र प्रचलन र नया सोचाई र चाहना बीच तालमेल नरही पारिवारिक झगडा, चुक्लिबाजी, सामुहिक जिम्मेवारी र कर्तव्यको अभाव, बुहारीलाई आफ्नो घरको सदस्यको रुपमा व्यावहार नहुनु, बुहारीले पनि त्यहि अनुसारको व्यवहार नदर्शाउनु आदि जस्ता पक्षले सम्बन्धविच्छेद भएको पाइयो । त्यसैगरि विवाह गर्दा एकात्मक परिवार ३० प्रतिशत बाट बढेर सम्बन्धविच्छेदगर्दा ५० प्रतिशत पुगेको पाईयो । एकात्मक परिवारमा बढि सम्बन्धविच्छेद हुनुको कारण लोग्ने स्वास्नी दुबै पारिवारिक नियन्त्रणबाट केही छुटकारा पाउने, परिवार लाई आफुले नै संचालन गर्नु पर्ने, आत्मनिर्भर हुन कामको खोजीमा भारत लगायत स्वदेश मै केही टाढा जानुपर्ने या कामको सिलसिलामा बाहिर जानुपर्ने स्थिति आइपरेको देखिन्छ। त्यस अवस्थामा ति दम्पतिहरुको अन्य पुरुष तथा महिला संगको यौन संपर्क मादक पदार्थको सेवन , स्वतन्त्रता, अरुको नक्कल गर्ने प्रवृति, श्रीमान श्रीमतीविच एक अर्काको आचरण चरित्रमा संका उपसंकाको कारण पारिवारिक झगडा उत्पन्न भई सम्बन्धविच्छेदको स्थिति देखा परेको देखियो ।

## ४.३ विवाह र सम्बन्धविच्छेद गर्दाको उमेर

विवाह प्रत्येक व्यक्तिको जीवनको महत्वपुर्ण घट्ना हो । हाम्रो पुर्वीय संस्कृति अनुसार विवाह एउटा महत्वपुर्ण संस्कार भएकोले जीवनमा विवाह एकै पटक गर्नुपर्छ । यसर्थ परिवर्तित समयलाई मध्यनजर राख्दा विवाहमा उमेरले महत्वपुर्ण भुमिका निभाउछं । सानै उमेरमा विवाहित

व्यक्तिलाई वास्तवमा विवाह केहो भन्ने कुरा अवगत नै हुदैन । जब व्यक्ति वैवाहिक सुत्रमा बाधिन्छ तव उसले वास्तविक जीवनबबारे बुझ्ने , परिस्थितिहरुसंग संघर्ष र संझौता गर्दै अगाडि बढ्नु पर्ने हुन्छ । यस्तो समय र परिस्थितिमा संघर्ष र संझौता विना व्यक्ति अगाडि वढ्न खोजेमा परिवारमा बेमेल भई पारिवारिक कलह र झगडा उत्पन्न  हुन्छ । अन्तत सम्बन्धविच्छेदको स्थिति समेत आउछ । यसका अतिरिक्त वैवाहिक जीवनमा उमेरको फरकले पनि हरेककुरालाई सोच्ने , विशलेषण गर्ने, खाने, घुम्ने, अरुप्रति व्यावहार दर्शाउने लगायतका मनोवैज्ञानिक प्रभाव समेत व्यक्तिहरुमा परेको हुन्छ । विवाह गर्दाको उमेर र सम्बन्ध विच्छेदको स्थिति लाई तल तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका नं. ४.३. :सम्बन्धविच्छेदकर्ताको विवाह गर्दा र सम्बन्धविच्छेद गर्दाको उमेर**

| उमेर बर्षमा | विवाह गर्दा | | | | सम्बन्धविच्छेद गर्दा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | श्रीमान | | श्रीमती | | श्रीमान | | श्रीमती | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १५वर्षभन्दा कम | | | ४ | २० | | | | |
| १५-२० | १० | ५० | ८ | ४० | १ | ५ | २ | १० |
| २०-२५ | ६ | ३० | ४ | २० | ६ | ३० | १० | ५० |
| २५-३० | ३ | १५ | ३ | १५ | ८ | ४० | ४ | २० |
| ३० वर्ष भन्दा माथि | १ | ५ | १ | ५ | ५ | २५ | ४ | २० |
| जम्मा | २० | १०० | २० | १०० | २० | १०० | २० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

उल्लेखित तालिका अनुसार अनुसार २० प्रतिशत महिलाहरुको विवाह १५ वर्ष भन्दा कम उमेरमा नै भएको देखिन्छ । जुन विवाह सजातीय र मागी पनि हुन सक्छ । हाम्रो देशको कानुनले बालविवाहलाई निषेध गर्न दण्डनीय बनाएपनि सामाजिक मुल्य, मान्यता र प्रचलनले गर्दा सानै उमेरमा विवाह भएको देखिन्छ । जसले उल्लेखित तालिकामा दोस्रो स्थान ओगटेको  छ । समष्टीमा

भन्दा ६० प्रतिशत भन्दा बढी महिलाहरुको २० वर्ष भन्दा कम उमेरमा नै विवाह भएको छ । तुलनात्मकरुपमा महिलाहरुको भन्दा पुरुषहरुको उमेर विवाह गर्दा बढि भएको देखिएको छ । यसरी सम्बन्धविच्छद र विवाहको उमेरमा आपसिक सम्बन्ध देखिन्छ भने कम उमेरमा गरको विवाह दिगो रहन सक्दैन । उमेरको चढावसंगै व्यक्तिमा नया नया लहरहरु, इच्छा र आकांक्षाहरु उत्पन्न हुन्छ । आफु कैद भएको ,आफ्नो जीवन तेतिकै खेर गएको, समकालिन साथीहरुलाई देख्दा इर्ष्या र विद्रोहको स्थिति उत्पन्न भएको संबनधित पक्षहरुले बताएका छन् ।

उल्लेखित अध्ययनमा एउटा case १४ वर्षको उमेरमा नै २९ वर्षको केटा संग विवाह भयो जसमा १५ वर्षको फरक थियो भने अर्को case मा १५ वर्षको उमेरमा २८ वर्षको केटासंग विवाह भयो । पहिलो केटा कुनै अपराधमा कैद भोगी निस्केको थियो भने दोस्रो केटा भारतमा जागीर गरी अगाडी २ जना केटी विवाह गरी ती केटीहरुले छोडेका थिए । यसले के सन्देश दिन्छ भने उमेरको फरकले पनि सोचाई मनोरन्जन र अन्य विविधकुरामा असमभ्रुदारी को स्थिति देखाउछ ।

त्यसै गरी ६० प्रतिशत महिलाहरुको विवाह कम उमेरका नै भएको देखिन्छ । जहां पुरुषको सांखिक प्रतिशत १० प्रतिशत देखिन्छ । जे होस माथी नै उल्लेख गरेअनुसार विर्भिन्न कारणले यस उमेरमा गरेको विवाह गरी बढी सम्बन्धविच्छेद भएको देखिएको छ भने २० देखि २५ वर्षभित्र गरेको विवाहमा तुलनात्मक रुपले बढी स्थायित्व देखिएको छ । यसमा महिलाको उमेर २० भन्दा कम भएको हुदा महिलाहरुबाट नै अधिकांश असामान्य स्थितीको सृजना गरी सम्बन्धविच्छेद भएको छ । सबभन्दा कम सम्बन्धविच्छेद २५ देखि ३० वर्षमा हुने देखियो । साथै ३० वर्ष भन्दा माथिको उमेरमा पुरुषहरुमा देखिएको सम्बन्धविच्छेद भने श्रीमति परपुरुषहरु संग गमन गरेको प्रत्यक्ष, देख्नु, राजनितीमा संलग्न हुनु, मादक पदार्थ सेवन गर्नु, अत्यन्तै कम उमेरको केटी विवाह गर्दा उसको विचार चाहना संग तालमेल नहुनु, केटी माइत बस्ने गरेको पुरुष सम्बन्धविच्छेदकर्ता हरु बताउछन । महिला संवन्धविच्छेदकर्ताहरु भने लोग्ने परिवार प्रति गैर जिम्मेवार भएको बताउँछन् ।

### ४.४ साक्षरता र शैक्षिक स्थितिः

मानव जीवनमा महत्वपुर्ण प्रभाव पार्ने विभिन्न पक्षहरु मध्ये शैक्षिक पक्ष पनि एक हो । शिक्षा यस्तो ससक्त पक्ष हो जसले व्यक्तिलाई सही र उपयुक्त मार्गनिर्देशन गर्दछ तर शिक्षा र सम्बन्ध विच्छेदको सम्बन्धलाई यसले सही र उपयुक्त मार्ग निर्देशन मात्र गर्छ भन्न सकिदैन । तसर्थ

सम्बन्धविच्छेदमा शिक्षाको सम्बन्धलाई सकारात्मक तथा नकारात्मक दुवै रुपमा देख्न सकिन्छ । शिक्षाले गर्दा नै व्यक्तिहरुको वीचमा पारस्परिक समभ्रदारी भइ पारिवारिक मेलमिलाप, सहयोग, सहिष्णुता को विकास हुन्छ । आपसिक सम्बन्ध अत्यन्तै प्रगाढ तथा बलियो हुन्छ भने अर्कोतिर शिक्षाले गर्दा ने व्यक्तिहरुमा सचेतता जागी आफ्नो अधिकारको प्रयोग गर्न या गर्न खोज्नु पुराना संकुचित मुल्य मान्यता र प्रचलनलाई नया मुल्यमान्यताले विस्थापित गरी नया अवधारणा अनुसार चल्न खोज्दा परिवारमा द्धन्दको स्थिति सृजित भई सम्बन्ध विच्छेद हुन पुग्छ । आज समाज विकासको क्रममा मानवजाति जति जति शिक्षीत, सचेत हुदै गएको छ । त्यति त्यति विवाहको अवधारणामा परिवर्तन आई सम्बन्धविच्छेदको दर बढिरहेको छ । तर  देश, काल परिसथिति अनुसार शिक्षा र सम्बन्धविच्छेदको सम्बन्ध अवश्य पनि फरक पर्छ तसर्थ कतै यसको प्रभाव सकारात्मक पर्छ भने कतै नकारात्मक । जे होस शिक्षाले सम्बन्धविच्छेदमा यति नै यस्तो प्रकारको यतिदरमा प्रभाव पार्छ भन्न भने सकिदैन । अत कैलाली जिल्लामा शिक्षा र सम्बन्धविच्छेदको संवन्ध र स्थिति लाई तलको तालिकामा देखाइएको छ ।

**तलिका नं. ४.४ : सम्वन्धविच्छेदकर्ताको साक्षरता र शैक्षिक स्थितिः**

| साक्षरता÷ शैक्षिक स्थिति | विवाह गर्दाको शैक्षिक स्थिति | | | | सम्बन्धविच्छेद गर्दाको शैक्षिक स्थिति | | | |
|---|---|---|---|---|---|---|---|---|
| | श्रीमान | | श्रीमती | | श्रीमान | | श्रीमती | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| लेखपढ गर्न नसक्ने | १ | ५ | ६ | ३० | - | - | ३ | १५ |
| प्रा.वि. | २ | १० | ४ | २० | - | - | १ | ५ |
| नि.मा.वि. | ५ | २५ | ८ | ४० | २ | १० | ६ | ३० |
| मा.वि. | ८ | ४० | १ | ५ | १२ | ६० | ७ | ३५ |
| उच्च मा.वि. | ३ | १५ | १ | ५ | ४ | २० | २# | १० |
| स्नातक तह | १ | ५ | - | - | २ | १० | १* | ५ |
| जम्मा | २० | १०० | २० | १०० | २० | १०० | २० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

# उच्च मा.वि.मा  पढीरहेको तर उत्तिर्ण भइ नसकेको

* स्नातकतह प्रथम वर्षमा अध्ययनरत

माथिको तालिका अनुसार समष्टिगतरुपमा अध्ययन क्षेत्रका सम्बन्धविच्छेद कर्ताहरुको वैवाहिक सम्बन्धमा बाधिने समयमा शिक्षाको स्थिति नाजुक देखिन्छ । वैवाहिक सम्बन्धमा बाघिने समयमा पुरुषहरुको सबभन्दा बढी संख्या मा.वि. तहमा अध्ययनरत या त्यही स्तरबाट विधालय छोडेका देखिन्छन् । महिलाहरुको सबभन्दा बढी संख्या नि.मा.वि तहमा अध्ययनरत या त्यहि स्तरबाट छोडेका देखिन्छन् । स्तातकतहमा अध्ययनरत पुरुषहरुको स्थिति भने सुन्य फेला परेको छ । महिलाहरुको विवाह कम उमेरमा नै हुने हुदा वैवाहिक सुत्रमा बाधिने समयमा मा.वि. तहमा अध्ययनरत महिला केवल ३ जना मात्र रहेका छन । त्यसै गरी आजको समाज जुन शिक्षा विना अन्धकारमय हुन्छ र व्यक्तिले सहि मार्गलाई पछ्याउन सक्दैन त्यस्तो समयक्रममा पनि अध्ययन क्षेत्रमा पुरुष तथा महिला दुवै सम्बन्धविच्छेद कर्ताहरु वैवाहिक सुत्रमा बाधिने समयमा उच्च मा.वि. पास नगरेको अवस्था देखिनु अत्यन्तै दुखदायी कुरा हो ।

यसै शिलशिलामा सम्बन्धविच्छेदगर्दाको स्थिति र शिक्षालाई हेर्दा शिक्षा भएर भन्दा नभएर वा कम भएका व्यक्तिहरुमा सम्बन्धविच्छेदको स्थिति बढी देखिन्छ । ३० प्रतिशत महिलाहरु त लेखपढ गर्न समेत सक्दैनन भने उच्च शिक्षाको स्थिती त अत्यन्तै नाजुक छ । यस्तो अवस्थामा विशेषत आर्थिक तथा सामाजिक कारण जिम्मेवार छन् । महिला त लेखपढ गर्न समेत सक्दैनन् भने उच्च शिक्षाको स्थिति त अत्यन्तै नाजुक छ । यस्तो अवस्थामा विशेषत आर्थिक तथा सामाजिक कारण जिम्मेवार छन् । अध्ययनको क्रममा प्राय महिलाहरु निम्न वर्गका, आफना बाबुआमा लगायत अन्य पीरिवारिक सदस्यहरु पनि शिक्षित नभएको , परम्परागत मान्यता र प्रचलनमा हुर्केको पाईयो । त्यसै गरी पुरुषहरु समेत करिव ६० प्रतिशत मा.वि. स्तरको शिक्षासम्म मात्र सिमित रहेको पाईयो भने ५ प्रतिशत पुरुषहरु पनि निरक्षर छन् । संवन्धविच्छेद कर्ताहरु मध्ये महिला सम्बन्धविच्छेदकर्ता (५ प्रतिशत) ले स्नातकतहमा पढ्दै गरेको पाईयो जबकि स्नातकतहमा अध्ययनरत पुरुष सम्बन्धविच्छेदकर्ताको स्थिति पनि ५ प्रतिशत नै रहेको छ ।

उल्लेखित तालिकालाई विश्लेषण गर्दा वैवाहिक संवन्धको समयमा पुरुषले हासिल गरेको शिक्षाको स्तर सम्बन्धविच्छेदको अवस्थामा आउदा फड्को मारेको देखिदैन ।केवल १५ प्रतिशत पुरुषहरु मात्र नि.मा.वि तहबाट मा.वि. तहसम्म पुगेको देखिन्छ । अर्कोतिर महिला

सम्बन्धविच्छेदकर्ताहरुको वैवाहिक सम्बन्धमा गासिने समयको शिक्षा, सम्बन्धविच्छेदको समयसम्म आइपुग्दा पुरुषको तुलानामा अगाडी देखिन्छ । उनीहरु नि.मा.वि. तहबाट ३० प्रतिशतले उच्च शिक्षाको तहसम्म फड्को मारेको देखिन्छ । यस सम्बन्धमा पुरुष सम्बन्ध विच्छेदकर्ताहरुले आफुले घरमा काम गरी श्रीमतीलाई कुनै तरहबाट शिक्षामा अवरोध नआओस भनेर सबै बातावरण मिलाई पढाएको बताउछन जव उनीहरुको शिक्षाको स्तर बढ्दै जाने क्रममा अन्य केटाहरुसंग हेलमेल बढाई परिवारमा निहु झिक्ने, बढी स्वतन्त्रता र अधिकारको माग भयो र त्यो कुराबढेर सम्बन्ध विच्छेद हुन पुग्यो । अको तिर महिला सम्बन्ध विच्छेदकर्ता हरु भने लोग्नेले आफ्नो मर्का नबुझेको, संकालु ब्यावहार, विवाह गर्दा गरेको बाचा अनुसार क्यारियर बनाउन अवरोध खडा गर्ने, आफु श्रीमतीको रुपमा नभएर दासीको रुपमा व्यावहार गरेको बताउछन् ।

## ४.५. पेशागत स्थितिः

पेशा जीवनयापन गर्नको लागी महत्वपुर्ण कुरा हो । पेशा सिधै अर्थव्यावस्थासंग जोडिएको हुन्छ । यसले सामाजिक अन्तरक्रियाको अवस्था लाई पनि प्रभाव पार्छ । पेशाले गर्दा नै हरेक व्यक्तिको जीवनयापनको निमित्त उसले गर्ने व्यावहार, उसको सोचाई, उसको आचरण र उसको हरेक समस्याहरुसंग जुध्ने तरिका र त्यसलाई विश्लेषण गर्ने क्षमता फरक फरक हुन्छ । यसर्थ पेशाले वैवाहिक जीवन मा प्रभाव पार्नु पनि स्वभाविकै हो । यस सन्दर्भमा Burgess & Locke ( सन १९५०) भन्छन् “Various studies seems to show that divorce is relatively high among persons engaged in occupation necessitaing frequent absence from home involving intimate contact with the opposite sex, and controlled relatively little by community” (Burgess and Locke, Family 1950 p.634) यस भनाईबाट पनि के प्रष्ट हुन्छ भने परिवारका दम्पत्तिहरु विभिन्न पेशाको शिलशिलामा घरबाट बाहिर गएमा विपरित लिंगीहरु संग सम्पर्क बढ्न जान्छ । जुन समयमा तिनीहरु समुदायबाट सापेक्षिक रुपमा नियन्त्रित हुदैन । त्यति बेला दम्पतीहरु विच आपसिक माया, सदभाव, प्रेम जस्ता कुरामा दुरता आउछ र सम्बन्धविच्छेद हुन्छ । यसरी Burgess and Locke ले पेशागत कारणले घरबाट टाढा भएका दम्पतीहरुविचमा बढी सम्बन्धविच्छेद भएको कुरा उल्लेख गर्छन् । यसरी पेशासंग सम्बन्धविच्छेदको के सम्बन्ध हुन्छ भन्ने कुराको सामान्य जानकारी पाइसके पछि शोधकर्ताको अध्ययन अनुसार पेशा र सम्बन्ध विच्छेद को सम्बन्धलाई हेरौं ।

**तालिका नं. ४.५.सम्बन्धविच्छेदकर्ताको पेशागत स्थिति:**

| पेशाको प्रकार | श्रीमान | | श्रीमती | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| कृषि | ३ | १५ | | |
| गृहिणी | - | - | ६ | ३० |
| बैदेशिक रोजगार नोकरी | ५ | २५ | - | - |
| औषधी व्यावसायी | १ | ५ | - | - |
| सरकारी नोकरी | १ | ५ | १ | ५ |
| सानो व्यापार | १ | ५ | १ | ५ |
| मजदुरी | १ | ५ | - | - |
| प्रहरी | १ | ५ | - | - |
| सिलाई कटाई | - | - | ३ | १५ |
| पढ्ने | ५ | २५ | ५ | २५ |
| गैरसरकारी संस्था | | | १ | ५ |
| प्राईभेट नोकरी | १ | ५ | - | - |
| केही नभएको | १ | ५ | ३ | १५ |
| जम्मा | २० | १०० | २० | १०० |

स्रोत: स्थलगत सर्वेक्षण २०७३

तलिका नं. ४.५ अनुसार पुरुषको पेशामा आधारित रहेर विश्लेषण गर्दा कृषि पेशामा संलग्न, नेपाल देखी बाहिर विभिन्न देशहरुमा अस्थायी रुपमा नोकरी गर्ने र पढ्नमा संलग्न व्यक्तिहरु ५/५ जना (२५ प्रतिशत) व्यक्तिहरुमा सम्बन्धविच्छेदको दर बढि पाइयो । कृषिमा संलग्न व्याक्तिहरुमा

सम्बन्धविच्छेद हुनुमा पारिवारिक कलह, कुटपिट, सौता भित्र्याउनु जस्ता पक्षहरु रहेको पाइयो भने विदेशमा अस्थायी रुपमा नोकरी गर्ने र पढ्नेमा संलग्न व्याक्तिहरुमा एक अर्काको आचरण र चरित्रप्रति संका उपसंका, परपुरुषसंग संलग्न भएको गाउले द्धारा थाहा पाउनु, एक अर्कामा त भन्दा म के कम भन्ने भावना पैदा हुनु जस्ता पक्षहरु रहेको पाइयो । त्यसपछि केही नभएको १ जना (५ प्रतिशत) व्याक्तिहरुमा मादक पदार्थको सेवन, गैरजिम्मेवार प्रवृति र संका उपसंकाले डेरा जमाएको पाइयो । अन्य पेशा अपनाएका व्यक्तिहरुमा महत्वकांक्षा, आपसिक समभ्रुदारीमा कमी जस्ता पक्षहरु भएको देखियो ।

अव स्वास्नी मानिसको पेशामा आधारित रहेर तथ्यांक विश्लेषण गर्दा अधिकांश घरधंन्दा गर्ने महिलामा (३० प्रतिशत) र त्यसपछि केही नभएको (१५ प्रतिशत) महिलाहरुमा सम्बन्धविच्छेद भएको पाइयो । यसलाई Analysis गर्दा पाश्चात्य देशहरुको महिलाहरुमा भन्दा हाम्रो अध्ययनमा विपरित स्थिति देखा परयो । यि गृहिणी महिलाहरुमा आफ्नो श्रीमान संग भ्रै भ्रगडा, संका उपसंका, सन्तान सम्बन्धी असंन्तोष जस्ता कारणहरु देखिन्छन । त्यसपछिपढ्ने महिलाहरु ५ जना ( २५ प्रतिशत) भने आफूलाई ढाटी विवाह गरेको, विवाह गर्दा पढाउछु भन्ने बांचा गरी विवाह पछि पढाइमा रोक लगाएको गुनासो पोख्छन। त्यसैगरी सरकारी नोकरीमा कार्यरत ५ प्रतिशत, गै.स.सं.मा काम गर्ने ५ प्रतिशत, सानो व्यापार गर्ने ५ प्रतिशत महिलाहरु भने लगभग एउटै अर्थमा आफ्ना लोग्ने जड्याहा, कुटपिट गर्ने, परस्त्रीगमन गर्ने, आर्थिक स्थिति कमजोर भएको र कुरा नबुभ्र्ने आदि भएर सम्बन्धविच्छेद गर्नु परेको कुरा बताउछन् ।

**४.६ आर्थिक अवस्था:**

मानव सभ्यताको सुरुवातदेखि आजसम्म मानविय जीवनलाई बढि प्रभाव पार्ने पक्ष नै आर्थिक पक्ष हो । यहि आर्थिक पक्ष वा अवस्थाले गर्दा नै परिवारमा सुख र दुखको अनुभव हुन्छ । आर्थिक अवस्थाको कारण नै आजको यो संसारलाई हेर्ने, बुभ्र्ने र विश्लेषण गर्ने दृष्टिकोणहरु फरक फरक हुन्छ । यसै सन्दर्भमा सम्बन्धविच्छेदमा पनि यसको प्रभाव हुन्छ भन्ने हेतुले यस उपशिर्षक अन्तर्गत यी दुइवीचको सम्बन्धलाई हेर्न खोजिएको छ । यस सन्दर्भमा Udry Richard (सन १९७७) मा गरिएको अध्ययनको सारांश के देखिन्छ भने "More divorce accure in the higher classes" (Udry, Richard, the American journal of sociology 1966,72 Pp 203-209) त्यसै गरी Winch & Goodman (सन १९६६) का अनुसार "The higher the socio economic status of a groups the lower their divorce and separation rates" (Winch & Goodman, in selected studies in marriage & the family 1966, p-572)

यिनीहरुका अनुसार (Udry Richard) उच्च वर्गमा बढि सम्बन्धविच्छेद को घट्ना घट्छ भने Winch & Good man का अनुसार जति व्यक्तिहरुको सामाजिक आर्थिक हैसियत बढि हुन्छ त्यति तिनीहरुको सम्बन्धविच्छेद र पृथकीकरणको दर निम्न हुन्छ । आर्थिक अवस्था र सम्बन्धविच्छेदको स्थितीबारे पाश्चात्य विद्वानहरुको निष्कर्ष थाहा पाएपछि हाम्रो अध्ययन क्षेत्रको आर्थिक अवस्था र सम्बन्धविच्छेदबारे उल्लेख गरौ ।

**तालिका नं. ४.६. सम्बन्धविच्छेदकर्ताको आर्थिक अवस्था:**

| **आर्थिक अवस्था** | **दम्पत्ति संख्या** | **प्रतिशत** |
|---|---|---|
| उच्च वर्ग | ३ | १५ |
| मध्यम वर्ग | ७ | ३५ |
| निम्न वर्ग | १० | ५० |
| जम्मा | २० | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७३

उल्लेखित क्रमश उच्चवर्ग, मध्यमवर्ग र निम्नवर्गको विभाजन विशेषत पुर्ख्यौली सम्पत्ति (जग्गा जमिन) त्यसबाट हुने अन्य पारिवारिक आयश्रोत र पेशाबाट हुने आम्दानीका आधारमा छुट्याइएको छ । यस अन्तर्गत उच्च वर्गमा करिव दशहजार या त्यो भन्दा माथि बढी मासिक आयश्रोत भएका व्यक्तिहरु र निम्न वर्गमा रु आठहजार भन्दा कम प्रतिमहिना आम्दानी भएका व्यक्तिहरुलाई राखिएको छ भने मधयम वर्ग भित्र विचको पक्षलाई समेटिएको छ । यी विभाजित वर्ग मध्ये सबभन्दा कम उच्चवर्गमा ३ जना (१५प्रतिशत), सबभन्दा बढी निम्न वर्गमा १० जना (५० प्रतिशत) र मध्यमवर्गमा ७ जना (३५ प्रतिशत) रहेका छन् । जसअनुसार उच्चवर्गका व्याक्तिहरुमा दाइजो, हरेक पक्षमा उच्च महत्वकांक्षाका कारण सम्बन्धविच्छेदको स्थिति देखियो । मध्यम वर्गमा पेशा र केही शिक्षा प्राप्त गरेको र कृषिमा संलग्न व्यक्तिहरु परे । जसमा शिक्षा र पेशाको कारण उनीहरुको अंतरसंवन्ध मा सामिप्यताको स्थिति कम देखिने, एक अर्काको दुरीमा निकटता नआउदां सौता ल्याइएको, यसै वर्गमा विजातिय विवाह हुदा पारिवारिक रुपमा मान्यता वा सजिलै स्वीकार गर्ने स्थिती नदेखिनु जस्ता कुराहरुका अलावा महिलाहरुमा शैक्षिक स्तरको विकास हुनु, चेतनशिल, जागरुक, स्वावलम्वन र आत्मनिर्भरको स्थितीमा पुग्नु र कानुनी परिवेशको सहज स्थिती वा विवाह

प्रतिको बुझाइमा परिवर्तनका पक्षहरु वढी जिम्मेवार देखिए । निम्न वर्गमा हुने संवन्धविच्छेदमा अत्यधिक मादक पदार्थको सेवनले भएको, आर्थिक अवस्था कमजोर हुनु, रोजी रोटीको लागी अर्काकोमा काम गर्न जादा पनि पुरुषबाट शंका, उपशंका  र कुटपिट हुनु आदि रहेको छ ।

## ४.७ यौन संतुष्टि

यौन आवश्यकता पृथ्वीमा भएका संपुर्ण प्राणीहरुको प्राकृतिक अथवा जैविक आवश्यकता हो । मानव जीवनमा झन यसले महत्वपुर्ण भुमिका राख्छ । यौन सम्बन्ध विना यो सृष्टिको निरन्तरता नै संभव छैन । तर मानव एउटा चेतनशील र सामाजिक प्राणी भएकोले जनावर तथा पशुपंक्षीमा जस्तो अव्यवस्थित तथा स्वतन्त्र स्वन्छन्द रुपमा यौन सम्बन्ध मानवजातिमा हुदैन । यसको निम्ती व्यवस्थित र वैध गराउने काम विवाहले गर्छ । तसर्थ वैवाहिक जीवन भताभुंग हुनुमा अन्य पक्षहरु जस्तै यौन पक्षले पनि ठुलो भुमिका खेल्छ । यद्यपी हाम्रो सामाजिक मुल्य, मान्यता र परम्पराले यस पक्षलाई ढाकछोप गरी गुम्साएर नराखेको त होइन । सोही कुरालाई मध्यनजर राखी सम्बन्धविच्छेदकर्ताहरुमा यौन जीवनबारे पनि प्रश्न राखिएको थियो । जसको विवरण तल तालिकामा देखाइएको छ ।

**तालिका नं ४.७. सम्बन्ध विच्छेदकर्ताको यौन संतुष्टिको स्थितिः**

| **विवरण** | **श्रीमान** | | **श्रीमती** | |
|---|---|---|---|---|
| | **संख्या** | **प्रतिशत** | **संख्या** | **प्रतिशत** |
| पुर्ण संतुष्ट | २ | १० | १ | ५ |
| संतुष्ट | ५ | २५ | ३ | १५ |
| असंतुष्ट | ४ | २० | ७ | ३५ |
| ठिकै | ६ | ३० | ३ | १५ |
| थाहा नभएको | ३ | १५ | ६ | ३० |
| जम्मा | २० | १०० | २० | १०० |

श्रोत : स्थलगत सर्वेक्षण (२०७३)

तालिका नं. ४.७ अनुसार पुरुष उत्तरदाताहरु मध्ये सबभन्दा कम यौन जीवनमा पुर्ण संतुष्ट २ जना (१० प्रतिशत) मात्र रहेका छन् भने क्रमश असन्तुष्टमा ४ जना (२० प्रतिशत), ठिकै भन्नेमा ६ जना (३० प्रतिशत) सन्तुष्ट भन्नेमा ५ जना (२५ प्रतिशत) र थाहा नभएको भन्नेमा ३ जना (१५प्रतिशत) रहेका छन् । यौन पक्षबारे अधिकांशले आफु संतुष्ट नै रहेको  बताए । त्यसमा विश्लेषण गर्दा विशेषत पुरुषहरुसंग हुने सम्बन्धविच्छेदमा यौन जीवनले त्यति प्रभाव नपारेको देखियो ।

महिला उत्तरदाताहरुको सन्दर्भमा यौन सम्बन्धमा असन्तुष्ट रहेको भन्नेमा ७ जना (३५ प्रतिशत), संतुष्ट भन्नेमा ३ जना १५ प्रतिशत, ठिकै भन्नेमा ३ जना १५ प्रतिशत र पुर्णसंतुष्ट भन्नेमा जम्मा १ जना ५ प्रतिशत छन् भने थाहा नभएको भन्नेमा ६ जना ३० प्रतिशत रहेका छन् । यसरी महिलाउत्तरदाताहरुले दिएको उत्तरलाई विश्लेषण गर्दा अधिकांश शिक्षित पेशामा संलग्न र श्रीमान भारत लगायत विदेशमा नोकरी गर्न गएका महिलाहरु यौन असंतुष्टीमा परेका छन् । त्यसैगरी दोस्रो स्थानमा परेको थाहा नभएको भन्नेमा निम्न वर्ग, गृहिणी जस्ता महिला परेका छन् । संतुष्ट र ठिकै भन्नेमा मध्यम वर्ग, सामान्य रोजगार भएका महिलाहरु परेका छन् भने पुर्ण संतुष्ट महिला पेशामा संलग्न, उच्चवर्ग र शिक्षित महिला परेका छन् ।

यसरी यौन सम्बन्ध र सम्बन्धविच्छेद विचको सम्बन्धलाई हेर्दा ३७.५ प्रतिशत महिलाहरुमा यौन असंतुष्ट भनिए पनि पुरुषहरुमा यसको ठीक विपरित देखियो । जे होस सम्बन्धविच्छेद हुनुमा सबै पक्षलाई विश्लेषण गर्दा यौनको मात्र भुमिका छ भनी भन्न नसकिने अध्ययनबाट थाहा भयो । जसलाई उमेरको फरक, शैक्षिक असमानता, आर्थिक अभाव, कुटपिट, सौता, विजातीय विवाह लगायत अन्य पक्षहरुले समेत यसमा प्रभाव पारेको देखियो । तथापी यौन असंतुष्टीको कारणले सम्बन्धविच्छेद भएको नदेखिएको भने होइन ।

### ४.८. विवाह अगाडी श्रीमान÷श्रीमतिवारे जानकारीको स्थितिः

हाम्रो समाज विशेषत परम्परागतरुपमा चल्दै आएकोले मागी विवाहको चलन अत्याधिक थियो । तर समयको प्रवाहसंगै यसमा क्रमिक रुपमा परिवर्तन हुदै आएर प्रेम विवाहले पनि आफ्नो पकड राम्रो संग जमाउदै आएको छ । यी दुबै थरीको विवाहमा केटाले केटीको र केटीले केटाको हरेक पक्षबारे थाहा नै पाउछ भनेर भन्न सकिन्न । जसमा पारिवारिक दवाव या निर्णयको विरुद्धमा जान नसक्नु, अति भावनात्मक रुपमा बहेर विवाह गर्नु या कम उमेर हुदा कुनै सोचविचार नगरी विवाह गर्नु, गराउनु जस्ता पक्षहरु नभएका होइनन् । अझ केटा र केटीको मुख देखादेख नभएर

पनि विवाह सम्पन्न हुन्छ । तसर्थ यी कुरालाई ध्यानमा राखी उत्तरदात्ताहरु समक्ष यससंग संबनधित प्रश्नहरु राखिएको थियो । जसको विवरण निम्न किसिमको छ ।

**तलिका नं ४.८. : विवाह अगाडी श्रीमान÷:श्रीमतिवारे जानकारीको स्थितिः**

| विवरण | श्रीमान | | श्रीमती | |
|---|---|---|---|---|
| शारीरिक | १७ | ७३.९ | १५ | ६२.५ |
| शैक्षिक | ९ | ३९.१ | ११ | ४५.८ |
| आर्थिक | ८ | ३४.७ | ७ | २९.१ |
| सामाजिक | ६ | २६.०८ | ४ | १६.६ |
| सबै थाहा भएको | ६ | २६.०८ | ४ | १६.६ |
| केही थाहा नभएको | ३ | १३.०४ | ९ | ३७.५ |
| जम्मा | ४९ | | ५० | |

श्रोत : स्थलगत सर्वेक्षण (२०७३)

तलिका नं.४.८. अनुसार सम्बन्धविच्छेदकर्ता २० जना पुरुषहरु मध्ये १७ जना (८५ प्रतिशत)ले आफ्नो श्रीमतीको शारिरीक पक्षबारे थाहा पाएका थिए । ९ जना ४५ प्रतिशत ले शैक्षिक पक्षबारे, ८ जना ४० प्रतिशतले आर्थिक पक्षबारे, ६ जना ३० प्रतिशतले सामाजिक पक्षबारे र त्यतिकै संख्या र प्रतिशतले श्रीमतिको सबै पक्षबारे थाहा पाएको र ३ जना १५ प्रतिशतले भने आफ्ना श्रीमतिको कुनै पक्षबारे थाहा नपाएका थिए । यस तालिका विश्लेषणबाट के कुरा ज्ञात हुन्छ भने अध्ययन क्षेत्रका अधिकांश पुरुषहरुले विवाह हुदां केटीको शारिरीक पक्षलाई मात्र तुलनात्मक रुपले जोडदिदा रहेछन् । त्यसपछि क्रमश दोस्रो र तेस्रो स्थानमा शैक्षिक पक्ष र आर्थिक पक्षलाई जोड दिएको देखियो । निष्कर्षमा भन्दा विवाहको जुनसुकै रुप या प्रकार होस्, पहिलो प्राथमिकता भनेको केटाहरुले केटीहरुको शारिरीक पक्षलाई मात्र बढि तुलनात्मक रुपले जोडदिदा रहेछन् । त्यसपछि क्रमश दोश्रो र तेस्रो स्थानमा शैक्षिक पक्ष र आर्थिक पक्षलाई जोड दिएको देखियो । निष्कर्षमा भन्दा विवाहको जुनसुकै रुप या प्रकार होस्, पहिलो प्राथमिकता भनेको केटाहरुले केटीहरुको शारिरीक पक्षमा मात्र बढि ध्यान दिएको पाइयो ।

त्यसैगरी सम्बन्धविच्छेदकर्ता महिलाहरु मध्ये १५ जना ७५ प्रतिशतले केटाहरुको शारिरीक पक्षबारे थाहा पाएका रहेछन । ११ जना ५५ प्रतिशतले शैक्षिक पक्षबारे, ७ जना ३५ प्रतिशतले आर्थिक पक्षबारे र ४ जना २० प्रतिशतले भने सामाजिक पक्षबारे र सवै पक्षबारे थाहा भएको ४ जना २० प्रतिशत र ९ जना ३५ प्रतिशतले भने केटाहरुको कुनै पक्षबारे थाहा नपाएको देखियो । यस तालिका विश्लेषणबाट विवाहमा केटाहरु भन्दा केटीहरु बढी मर्कामा परेको देखिन्छ । किनकी ३ जना केटाहरु विरुद्ध ९ जना केटीहरुलाई आफ्नो जीवनसाथीको बारेमा उल्लेखित कुनैपक्षबारे थाहा पाएका थिएनन्। यसो हुनुको कारण विवाहमा अभिभावकले आफ्नो सन्तानको जीवन साथीको चयन गर्ने अधिकार आफुहरुले प्रयोग गर्नु हो । जसबाट वैवाहिक जीवन स्थायी रहन सक्तैन भन्ने निष्कर्ष पत्ता लाग्यो । त्यसैगरी केटा या केटीले विवाह गर्दा अन्य पक्षहरुभन्दा शारिरीक पक्षलाई जोड दिइ विवाह गर्नु त्यति फलदायी र दिगो हुदैन रहेछ भन्ने कुरा थाहा हुन्छ ।

### ४.९ सम्बन्धविच्छेदकर्ताहरुको आमा बाबुको शैक्षिक स्थितिः

हामीले उत्तरदाताहरुको शैक्षिक विवरणबारे त अगाडी नै उल्लेख गरेका छौ । यस उपशिर्षकमा उत्तरदात्ताहरुको आमाबाबुको शैक्षिक विवरणबारे प्रस्तुत गर्न लागेका छौ । हुन त सम्बन्धविच्छेदकर्ताहरुको आमाबाबुको शैक्षिक विवरण प्रस्तुत गर्न अनिवार्य नभएपनि बच्चाहरु भनेको गिलो माटो भएको र त्यसलाई कुमालेले जस्तो बनाउन चाहयो त्यस्तै बन्छ भन्ने कुरा सबैलाई स्वीकार्य कुरा हो । तसर्थ बालबच्चाहरु सानै देखि नै जति शिक्षित र अशिक्षित, धनी र गरिव आदि आदि विशेषणयुक्त परिवारमा हुर्केका हुन्छन । त्यस्तै किसिमको उसले व्यावहार र आचरण पनि अपनाउछं । यसमा आमाबाबुमा भएको, रहेको शिक्षाको मात्राले धेरै प्रभाव पार्छ । यहि कुरालाई मध्यनजर राखी शिक्षित अशिक्षित आमाबाबुबाट जन्मेका सन्तानहरुमा सम्बन्धविच्छेदका घट्नाहरुको मात्रा के कति फरक पर्दछ भन्ने हेतुले उत्तरदाताहरुको आमा बाबुको शैक्षिक विवरण बारे पनि तथ्यांक संकलन गरिएको थियो । जसलाई तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.९. सम्बन्धविच्छेदकर्ताहरुको आमा बाबुको शैक्षिक स्थितिः**

| साक्षरता/ शैक्षिक स्थिति | पुरुष | | | | महिला | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आमा | | बाबु | | आमा | | बाबु | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| निरक्षर | १५ | ७५ | १० | ५० | १६ | ८० | १४ | ७० |
| साक्षर मात्र | ५ | २५ | ७ | ३५ | ४ | २० | ४ | २० |
| शिक्षित | - | - | ३ | १५ | - | - | २ | १० |
| जम्मा | २० | १०० | २० | १०० | २० | १०० | २० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तलिका नं. ४.९.बाट के प्रष्ट हुन्छ भने पुरुष तथा महिला सम्बन्धविच्छेदकर्ताहरुको बाबु क्रमश ३ जना र २ जना गरी जम्मा ५ जना (१५प्रतिशत) मात्र शिक्षित छन् भने शिक्षित आमाको संख्या सुन्य रहेको छ। जसमा १ जनाको बुबा मा.वि.शिक्षक, २ जना १० पास, १ जना ९ पास र १ जना ८ पास मात्र गरेको छन्। यहां शिक्षितमा ७ कक्षा भन्दा माथिको औपचारिक शिक्षा-दिक्षा पाएकालाई मात्र राखिएको छ भने सामान्य साक्षरमा ७ कक्षासम्म या अनौपचारिक शिक्षामार्फत पढ्न र लेख्न या पढ्नमात्र सक्नेलाई पनि राखिएको छ। निरक्षरमा भने पढ्न समेत नसक्नेलाई राखिएको छ। त्यस्तै पुरुष उत्तरदाताहरुको आमा र बुवा अशिक्षित मा १५ जना र १० जना क्रमशः (७५ प्रतिशत र ५० प्रतिशत) रहेका छन भने साक्षरमात्रमा क्रमशः ५ जना (२५ प्रतिशत) र ७ जना (३५ प्रतिशत) रहेका छन्। शिक्षित आमाको संख्या सुन्य रहेको छ भने शिक्षित बाबुको संख्या ३ रहेको छ।

त्यसै गरी महिला उत्तरदाताको आमाबुबा क्रमशः शिक्षितमा ० र २ जना (१० प्रतिशत) रहेका छन्। जसमा १ जना म्याट्रिक पास, १ जना १० पास रहेका छन्। अशिक्षितमा भने आमा र बुवा क्रमशः १६ जना (८० प्रतिशत) र १४ जना (७० प्रतिशत) रहेका छन। यसैगरी सामान्य साक्षरमा आमा र बुवा क्रमश ४ जना (२० प्रतिशत) र ४ जना (२० प्रतिशत) रहेका छन्। निष्कर्षमा उत्तरदाताको आमा बाबुको अशिक्षित संख्या अत्यन्तै बढि छ। हुन त राष्ट्रिय स्तरमा नै

हाम्रो देशमा शिक्षित संख्या कम  छ । अथवा अध्ययन क्षेत्रका हुनाले आफ्नो सन्तानको वैवाहिक प्रक्रिया र मान्यतामा त्यती लचिलोपन नआउनु या विवाहपश्चात परिवारमा समायोजनको अवस्था कम हुनु पनि सम्बन्धविच्छेदको एक कारक तत्वको रुपमा लिन सकिन्छ ।

## ४.१० दाम्पत्य जीवन अवधि

वास्तवमा पश्चिमी शैलीमा रहेको विवाहको उदेश्य, धारणा र प्रक्रियालाई थाती राखेर भन्ने हो भने हिन्दुदर्शनद्धारा प्रभावित हाम्रो नेपाली समाजमा संगै बाच्ने र संगै मर्ने कसम खाई वैवाहिक गठबन्धनमा बाधिएका जोडीहरुको दाम्पत्य जीवन कुन मोड र कस्तो अवस्थामा आएर चुडिन्छ भन्ने कुराको पुर्वकल्पना स्वयं सम्बन्धविच्छेदकर्ता र उनीहरुको परिवारले समेत अनुमान गर्न गाह्रो हुन्छ । व्यक्ति वा परिवारको चाहना नहुंदा नहुंदै पनि ससाना कुरामा पनि पारस्परिक मेल हुन नगएमा त्यसबाट उत्पन्न मतभेदले यस्तो घट्ना घट्न सक्छ । जसमा, बाध्यता, अहं या महत्वकांक्षाले पनि दाम्पत्य जीवनमा सम्बन्धविच्छेद हुन पुग्छ । तसर्थ अध्ययनक्षेत्रका दम्पत्तिहरुबीच जे जस्तो समस्या आइपरेपनि या जे जस्तो घट्ना घटे पनि कति समयसम्म आफुलाई सहिष्णुतामा ढाली पारस्परिक विश्वास र सौहार्दपुर्ण वातावरणमा संगसंगै बसे रहे भन्ने कुरा जान्न उनीहरुको दाम्पत्य जीवनको अबधिलाई तल तालिकामा देखाईएको छ ।

**तालिका नं. ४.१०. सम्बन्धविच्छेदकर्ताको दाम्पत्य जीवन अवधि**

| अवधि (वर्षमा) | श्रीमान÷श्रीमति | प्रतिशत |
|---|---|---|
| १-२ | ८ | ४० |
| ३-४ | ५ | २५ |
| ५-६ | १ | ५ |
| ७-८ | २ | १० |
| ९-१० | १ | ५ |
| १० भन्दा माथि | ३ | १५ |
| जम्मा | २० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तलिका नं.४.१०. अनुसार २० बटा सम्बन्धविच्छेदको घट्नासंग संबन्धित व्याक्तिहरुको दाम्पत्य जीवनको अवधिमा ८ जना श्रीमान÷श्रीमति (४० प्रतिशत) को दाम्पत्य जीवन १ देखि २ बर्ष सम्म चलेको थियो । यसमा पनि ४ जोडी श्रीमान÷श्रीमतिको १ वर्ष र ८ जोडी श्रीमान÷श्रीमतिको २ वर्ष चलेको थियो । त्यसै गरी क्रमश: ५ जोडी श्रीमान÷श्रीमति (२५ प्रतिशत) को ३ देखि ४ वर्ष, १ जोडी श्रीमान÷श्रीमति (५ प्रतिशत) को ५ वर्ष र २ जोडी श्रीमान÷श्रीमतिको (१० प्रतिशत) को ७ देखि ८ बर्ष र १ जोडी श्रीमान÷श्रीमति (५ प्रतिशत) को १० बर्ष र ३ जोडी श्रीमान÷श्रीमति (१५ प्रतिशत)को देखि १५ देखि २५ बर्षको अबधिसम्म चलेको थियो ।

यसरी सम्बन्धविच्छेदकर्ताहरुको दाम्पत्य जीवन १ देखी २ वर्ष मात्र चल्नुमा विनामंजुरी अथवा उमेरको फरकपन वा एकै पटक देखादेखमा मागी विवाह या प्रेमविवाह हुनु आफुले जे सोची विवाह गरिएको हुन्छ ती कुराहरु पुरा नहुनु जस्ता पक्षहरु रहेका छन् । यसमा विशेषत: कम उमेरका, पढेलेखेका, उच्चवर्ग, जागिर भएका व्यक्तिहरु परेका छन् । त्यसैगरी ३ देखी ४ वर्ष सम्म दाम्पत्य जीवन चलेका व्यक्तिहरुमा आआफ्नो अहं, महत्वकांक्षा, परिवारमा झगडा तथा श्रीमानले सौता ल्याउनु मादक पदार्थसेवन लगायतका पक्षहरु बढी जिम्मेवारी छन् । त्यसै गरी ४ बर्ष भन्दा माथी १० बर्ष सम्म दाम्पत्य जीवन अवधी चलेकामा मादक पदार्थ सेवन, जुवा खेल्ने, परस्त्री, परपुरुष गमन, कुटपिट, आर्थिक अवस्था अत्यन्तै तल झर्नु जसमा लोग्ने स्वास्नीविच आरोप/प्रत्यारोप हुनु जस्ता पक्षहरु जिम्मेवार छन् । १० वर्षदेखि माथि ३० वर्ष सम्मका ५ जोडी दम्पतीहरुमा भने कुटपिट, पर-पुरुषगमन र पर-स्त्रीगमन, मादक पदार्थ सेवन, आआफ्नो मान्यतामा अडिग, खर्चालुपन, जुवा खेल्ने जस्ता पक्षहरु हावी भएर सम्बन्ध विच्छेद भएको देखिन्छ ।

समग्रमा सम्बन्धविच्छेदकर्ताको सामाजिक, आर्थिक र सांस्कृतिक पक्षहरुबारे सारांशमा के भन्न सकिन्छ भने आर्थिक वर्ष २०७२÷०७३ फैसला भएका सम्बन्धबिच्छेदका घट्नाहरुलाई हेर्ने हो भने कैलाली जिल्ला भित्र बसोबास गर्ने धैरै जातजाती मध्ये खास खास जाति भित्र मात्र सम्बन्धविच्छेदको दर र स्थिति बढि देखिन्छ । जसमा चौधरी ३९ प्रतिशत, क्षेत्री ३५.७१ प्रतिशत, दलित १०.७१ प्रतिशत, ब्राहमण जातिमा ७.१४ प्रतिशत, ठकुरी ३.५७ प्रतिशत र जनजाति ३.५७

देखिन्छ भने । उल्लेखित खास जातहरुमा हुने सम्बन्धविच्छेदको वृद्धिबारे आउदो शिर्षकमा चर्चा गरिएको छ र जनसाख्यिक हिसाबबाट हेर्ने हो भने चौधरीहरुको प्रतिशत बढि रहेको छ ।

त्यसैगरी विवाहित दम्पत्ती विवाह गर्दा संयुक्त पविार (७० प्रतिशत) मा भएको देखिए पनि सम्बन्धविच्छेद गर्दा संयुक्त पविार (५० प्रतिशतमा) झरेको देखिन्छ । जसबाट व्यक्ति र परिवारमा केही नराम्रो प्रभाव ( शोधकर्ताको मुल्यांकनमा) परेको देखिन्छ । उमेरको कुरा गर्दा विवाहगर्दा अधिकांश महिलाहरु ५० प्रतिशत २० वर्ष भन्दाकम उमेरमा विवाह गरेका देखिन्छन् । त्यसैगरी जति शिक्षा हासिल गर्दै जान्छन् त्यति सम्बन्धविच्छेदको दर बढी देखिन्छ भने पेशामा कृषि/गृहिणी र केही नभएकामा बढी सम्बन्धविच्छेद देखिन्छ । जहां स्पष्टत अभाव र महत्वकांक्षाले प्रवल भुमिका खेलेको देखिन्छ । वर्गहरु मध्ये निम्नवर्गमा (५१.७ प्रतिशत) सम्बन्धविच्छेद भएको पाइयो । अर्को पक्ष सम्बन्धविच्छेद हुनुमा केही हदसम्म महिलाहरुबाट यौन सम्बन्धमा असंतुष्ट हुनु (४८.२ प्रतिशत) र आफ्ना श्रीमान श्रीमतिको आफुलाई मन नपर्ने व्यावहारबाट दिक्क हुनु पनि देखियो । तर उल्लेखितकुराहरु एक आपसमा अन्तरसंबन्धित नभएका भने होइनन्र । अझ रोचक पक्ष शोधकर्ताको अध्ययन क्षेत्रको जिल्लामा ८ धर्मावलम्वी हरु मध्ये धेरै जसो सम्बन्धविच्छेदहरु हिन्दु धर्ममा घटेको पाईयो । यद्यपी हिन्दुधर्मको अत्याधिक बाहुल्यता र त्यसमा आएको मुल्य र मान्यताको परिवर्तनलाई ध्यान दिन नसकिने भने होइन ।

**४.११.सन्तानको विवरणः**

“साँढेको जुधाई र बाछाको मिचाई” भने झैं श्रीमान श्रीमतीको कारणबाट उनीहरुको स्थिति दयनीय, गम्भिर र सोचनिय भएको छ । यस अवस्थामा उनीहरु “कृत्तिम या जिउदों टुहुरो को रुपमा देखिएका छन् । उनीहरुलाई आमाको न्यानो काख र बाबुको संरक्षणबाट टाढा हुन परेको छ । कतिपय दम्पतिहरुबाट बालबच्चा भएको छ भने कतिपयबाट नभएको या भएर पनि मरेका छन् । यसलाई बुझ्न सोधकर्ताले बटुलेको तथ्यांक यस प्रकारको छ ।

**तालिका नं. ४.११.: सम्बन्धविच्छेद कर्ताहरुको सन्तानको विवरणः**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| बच्चाबच्ची नभएका दम्पति | ७ | ३५ |
| बच्चाबच्ची भएर पनि सधैका लागि गुमाउनु परेका दम्पति | ३ | १५ |
| एक बच्चा/बच्ची भएका दम्पति | ३ | १५ |
| दुई वा सो भन्दा बढि बच्चाबच्ची भएका दम्पति | ७ | ३५ |
| जम्मा | २० | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७३

उल्लेखित तालिका अनुसार बच्चाबच्ची नभएका दम्पति ७ जना देखिए । यसमा यिनीहरुको वैवाहिक जीवन १ देखि ६ वर्ष सम्मको अवधि रहेको पाइयो । बच्चाबच्ची जन्मेर पनि मरेका दम्पतीको संख्या ३ जना देखियो । जसमा १ जना दम्पतिको बच्चा अपांङ्ग भएको र २ वर्ष पछि मरेको, १ जना दम्पतिको २ जना छोरी भएको तर १ जना जन्मेको १५ दिन भित्र मरेकों, भन्ने कुरा लोग्नेले भनेका तर स्वास्नीले होइन भनेका थिए । त्यसै गरी एक बच्चा मात्र भएका दम्पती संख्या ३ र दुई वा सो भन्दा बढी बच्चाबच्ची भएका दम्पति संख्या ७ भेटिए ।

यस बाट के देखिन्छ भने बच्चाबच्ची नभएका दम्पती भन्दा बच्चाबच्ची भएका दम्पतिको संख्या बढी छ । यसबाट अध्ययन क्षेत्रका दम्पतिहरुमा बालबच्चा नभएर मात्र सम्बन्धविच्छेद गरेको नभई अन्य कारणले सम्बन्धविच्छेद भएको भन्ने कुरा प्रष्ट हुन्छ । जसबारे अगाडीको शीर्षकमा उल्लेख गरिएको छ ।

**४.१२ : सम्बन्धविच्छेद कर्ताहरुको छोरा र छोरीको विवरणः**

यसरी बालबच्चा भएका दम्पतिको संख्या विवरण र प्रतिशत थाहा पाईसकेपछि छोरा या छोरी बारेको विवरण पनि तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.४.१२ : सम्बन्धविच्छेद कर्ताहरुको छोरा र छोरीको विवरण:**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| छोरा मात्र भएका दम्पति | ४ | २० |
| छोरी मात्र भएका दम्पति | ६ | ३० |
| छोराछोरी दुवै भएका दम्पति | ४ | २० |
| छोराछोरी दुवै नभएका दम्पति | ६ | ३० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

यस तालिकाबाट छोरा मात्र हुने दम्पति ४ जना, छोरी मात्र हुने दम्पति संख्या ६ जना र छोरा छोरी दुवै हुने दम्पति संख्या ४ जना र छोरा छोरी दुवै नहुने दम्पति संख्या ६ जना रहेका छन् । अध्ययनमा प्राय: छोरीहरु अगाडि जन्मेका र छोराहरु पछि जन्मेका देखिन्छन् । छोराको भन्दा छोरी भएका दम्पतिहरु बढि छन् । यस अवस्थामा १५ प्रतिशत पुरुषहरुले छोरीलाई देख्न नसक्ने तर छोरालाई भेटेमा २,४ रुपैया दिने गरेको महिला सम्बन्धविच्छेदकर्ता बताउंछन् । तर ती दुवै दम्पति अत्यन्तै निम्न बर्गमा पर्ने हुदां उनले दिएको पैसा समस्या टर्ने भन्दा पनि बढि भावनात्मक्ता देखाउने खालको देखिन्छ । ती सबै अत्यधिक मादकपदार्थ सेवन गर्ने व्यक्तिहरु हुन ।अरु ३० प्रतिशत पुरषहरुले आफ्ना सन्तानलाई देखेको समेत छैन भनी बताउंछन् । यसमा ती बच्चाहरु आमाको संरक्षकत्वमा रहेका छन् । जे होस बालबच्चाहरुले पाउनुपर्ने माया केवल औपचारिकतामा नै रहेको छ भन्नुमा अतियुक्ति नहोला । जसबाट बालबच्चामा सकारात्मक भन्दा बढी नकारात्मक प्रभाव बढी परेको देखिन्छ । जुन यसबारे पछि उल्लेख गरिने छ ।

## ४.१३ विवाह पश्चात अस्थायी परिवार नियोजनको साधन प्रयोग गरेको/नगरेको विवरण

यस भन्दा अगाडि सम्बन्धविच्छेदकर्तामा विवाह पछि परिवार नियोजनको अस्थायी विधि प्रयोग गरिएको थियो या थिएन भनि सोधिएको थियो । जसलाई तल तालिकामा देखाईएको छ ।

**तालिका नं. ४.१३ : सम्बन्धविच्छेद कर्ताद्धारा विवाह पश्चात अस्थायी परिवार नियोजनको साधन प्रयोग गरेको/नगरेको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| परिवार नियोजनको अस्थायी विधि प्रयोग नगरेको | १५ | ७५ |
| परिवार नियोजनको अस्थायी विधि प्रयोग गरेको | ५ | २५ |
| जम्मा | २० | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७३

सुरुमा नै प्रश्नपत्र बनाउदां विवाह पछि बालबच्चा नवनाउन, परिवार नियोजनको अस्थायी साधन प्रयोग गरिएको थियो वा थिएन गर्नु भएको भए कसले र किन भन्ने प्रश्न राखिएको थियो । जसमा परिवार नियोजनका अस्थायी विधि प्रयोग गरेको ५ जना भए भने नगरेको १५ जना दम्पतिहरु देखिए । यसबाट सहजरुपमा के थाहा भयो भने अध्ययन क्षेत्रका दम्पतिहरु यसबाट धेरै टाढा रहेको पाइयो । तर अस्थायी विधि प्रयोग गरिएका दम्पतिहरुमा ६० प्रतिशत महिला र ४० प्रतिशत पुरुषहरु भएको थाहा भयो । यसमा ३० प्रतिशत महिलाले पुरुषको सल्लाहमा डिपो गरेको बताउंछन भने पुरुषले लुकिछिपी लगाउने रहेछ मलाइ पछि मेडिकलको मान्छेबाट मात्र थाहा भयो भन्छन् । ३० प्रतिशत महिलाले त मैले मेरो ज्यानको लागि के गर्ने र के नगर्ने अधिकार मेरो हुदां मलाई कसैले प्रेरित गरेन म आफै गरे भनी स्पस्टरुपमा व्यक्त गर्छन् । त्यसै गरी ४० प्रतिशत महिलाले प्राय: आफुसंग यौगसंसर्ग नगर्ने, महिला हरु बताउछन भने पुरुषले भने सानै उमेरमा बच्चा जन्माउन नचाहेकोले अस्थायी विधि प्रयोग गरेको बताए । जे होस अस्थायी साधनको प्रयोग भएका कम घट्ना हुंदाहुदै पनि यी घटना आफैमा गम्भिर, विचारणीय र रहस्यमय घट्ना भने छन् । जसले गर्दा महिलाको अमुल्य जीवनलाई दलदलमा फसाई छाडेको छ । यसमा मुख्यत: शिक्षाको स्तर, वर्ग र उमेरले प्रभाव पारेको देखिन्छ । किनकी यसमा पुरुषको शिक्षाको स्तर र वर्ग महिलाको भन्दा माथि छ भने यी दुवैले सानै उमेरमा विवाह गरेका थिए ।

# अध्याय - पाँच

## सम्बन्ध विच्छेदका कारणहरु र यसबाट परेका प्रभावहरु

### ५.१ सम्बन्धविच्छेदका कारणहरु

यस भन्दा अगाडी तर यसै अनुच्छेदमा उल्लेख गरिएको सम्बन्धविच्छेदकर्ताको सामाजिक, आर्थिक र सांस्कृतिक पक्षहरुको विशलेषणबाट पनि सम्बन्धविच्छद किन, के कति कारणले, कस्तो कस्तो अबस्था सृजना भए सम्बन्धविच्छेद हुने रहेछ भन्ने लगायत विविध पक्षहरुको बारेमा जानकारी त भयो । अव यस उपशिर्षकमा सम्बन्धविच्छेदका कारणहरु खोज्ने क्रममा पनि माथीका केही पक्षहरु नदोहोरिने त होइनन् । तापनि यस उपशिर्षकमा गुणात्मक रुपमा मात्र सम्बन्धविच्छेद हुने कारणहरु खोजी गरी उल्लेख गरिएको छ ।

सम्बन्धविच्छेद हुनु भन्दा अगाडी श्रीमान, श्रीमतीको विवाह हुनैपर्ने अनिवार्यता भएकोले ती श्रीमान श्रीमती भिन्न भिन्न या एउटै समाजका व्याक्ति, भिन्न भिन्न जात या समान जातका र भिन्न भिन्न परिवारका हुन्छन् । जव ती पुरुष र महिलामा विवाहद्धारा श्रीमान श्रीमतीका रुपमा एउटा परिवारको स्थापना हुन्छ । तब ती दुई व्यक्तिहरुको वैवाहिक सम्बन्धले एक अर्काको परिवारको सदस्यहरुविच नाताको सृजना गर्छ र आपसिक सहयोग र सदभावको स्थिती उत्पन्न गराउछ । फलस्वरुप परिवारमा हर्ष, खुसी, विश्वास र सहयोग बढाउंछ । यस्तो अवस्थामा जब दम्पतीहरुविच फाटो बढ्छ या पारिवारिक कलह मच्चिन्छ तब सम्बन्धविच्छेदको सथिती देखा पर्छ । यसमा विभिन्न कारकतत्वहरुले भुमिका खेलेको हुन्छन । जसबाट स्वयं सम्बन्धविच्छेदकर्ता मात्र नभएर उनीहरुको व्यक्तिगत जीवन, बाल वच्चा र परिवारमा समेत नकारात्मक प्रभावहरु पर्छन् । यसरी परेको नकारात्मक प्रभावले सामाजिक संरचनामा विभिन्न अवरोध र विकृतिहरु पैदा गराउछं । तसर्थ यसको कारणहरुको खोजी गरी यसलाई (सम्बन्धविच्छेद) सकेसम्म न्युनीकरणमा झार्न या यस्तो अवस्था उत्पन्न नै हुन नदिन त्यहि अनुरुपको व्यावस्थापनपक्षलाई व्यवसथित गर्न सक्नुपर्छ ।

प्रत्येक देशको प्रत्येक ठाउं केही न केही रुपमा भुमण्डलीकरण बाट टाढा छैन् । यस संदर्भमा समाज आज विविध पक्षबाट जटिल बनेको वा बन्दैछ । यी जटिलताले नै मानिसमा सम्बन्धविच्छेदको दर पनि बढिरहेको छ । यसबाट सम्बन्धविच्छेद कि त सामाजिक मुल्य मान्यता र प्रचलनबाट हुन्छ भने कि त कानुनी तौर तरिका बाट हुन्छन् । तर जसरी भए पनि आखिर

सामान्यतया सुमधुर र सुचारुरुपमा चलिरहेको दाम्पत्य जीवन सम्बन्धविच्छेदको अवस्थामा भताभुङ्ग हुन्छ । घर परिवारमा समायोजन हुन नसक्नु, ढाटी विवाह, कम उमेरमा भएको विवाह, भावनात्मक रुपमा बहेर गरेको विवाह, वाध्यताबश गरिएको विवाह, विवाह पश्चात लोग्ने स्वास्नीको सामिप्यताको दायरा फराकिलो हुनु, बढी तडकभडक र आपसी विश्वासमा संकट उत्पन्न आदि आदि कारणले सम्बन्धविच्छेद हुने कुरा अध्ययन क्षेत्रबाटै पत्ता लाग्यो । जसबाट सम्बन्धविच्छेदकर्ताको परिवार र समाजप्रतिको आफ्नो दायित्व अत्यन्तै कम भएको देखिन्छ । यि विविध पक्षहरुबारे तथ्यगत रुपमा विश्लेषण गर्नु अगाडी यसै संन्दर्भमा अन्तराष्ट्रिय जगतमा विभिन्न विद्वानद्धारा गरिएका अध्ययनको निष्कर्षलाई प्रस्तुत गरौं ।

Green (सन १९६४) "The promximate reason for the divorce rate is the prevalence of extravagant expectations in marriage but ultimate explanation is to be found in the social forces which undermined the traditional family's structure"

Goode (सन् १९५६) "Instability, not support, authority, complex, drinking, homelife, values, illicit, relations and desertation as the chief causes of divorce"

Chaudhary (सन १९८८) "Marriage dissolution and divorce are not caused by a single factor. Divorce may be explained in terms of several factors such as social, biological, psychological and economic."

माथि उल्लेखित विभिन्न साहित्यहरुको अध्ययन गर्दा सम्बन्धविच्छेदका कारणहरु विभिन्न देखिएका छन् । जसमध्ये Goode (सन १९५६) ले गरेको अध्ययनमा दम्पती विच रहेको असक्षमता, असहयोगीपन, सामाजिक मान्यतामा देखिएको फरकपन, घरायसी निर्देशन, मादक पदार्थ सेवन आदि कारणबाट सम्बन्धविच्छेद हुन्छ । त्यस्तै Green (सन १९६४) का अनुसार विवाह पछि दम्पतीहरुमा हुने बढी अपेक्षा र महत्वकांक्षाले गर्दा पारिवारिक वेमेल सिर्जाउछ भने Chaudhary (सन १९८८) का अनुसार सम्बन्धविच्छेद हुन सामाजिक, जेविकिय, मनोवैज्ञानिक र आर्थिक कारणहरुलाई बढि जोड दिई व्याख्या गरिएको पाइन्छ ।

यसरी सम्बन्धविच्छेद संबन्धि विभिन्न विद्वानहरुले गरेको अध्ययनको निष्कर्षलाई सोधकर्ताले गरेको अनुसन्धानको निष्कर्षसंग तुलना गर्दै सम्बन्धविच्छेदका कारणहरु खोजी गर्ने सिलसिलामा केही कारणहरुमा समानता देखिएका छन भने केही कुराहरुमा भिन्न र नितान्त नयां कारणहरु पनि देखिएका छन् । तर स्मरणयोग्य कुरा के छ भने हरेक समाज, जात जाती, समय, परिस्थिती र सन्दर्भले यसमा महत्वपुर्ण भुमिका खेलेको हुन्छ ।

### ५.१.१ विवाहद्धारा सृजित अवस्था

चाहे मागी होस या प्रेम विवाह, सजातीय होस या विजातीय विवाह आखिर विवाहले पुरुष र महिलाबीच एउटा दरिलो गठबन्धनमा जोड्छ । उनीहरुको एक परिवार निर्माण  हुन्छ । सुख दुःखका हरेक पक्षहरु सामान्य रुपमा एक अर्कामा साटासाट हुन्छन् भनी सोचिन्छ । तर कतिपय अवस्थामा वैवाहिक कारणबाट श्रीमान श्रीमतीबीच एक आपसमा वास्ता नगर्ने, घृणा गर्ने या अन्य पारिवारिक सम्बन्धमा तुस, कचिङ्गल र असह्य अवस्थाको सृजना हुन्छ । जसले गर्दा अन्ततः टिक्नै नसक्ने भएर पारपाचुकेको सथिति समेत सृजना हुन जान्छ । यस अध्ययनमा ५० प्रतिशत मागी विवाह, ३० प्रतिशत प्रेम विवाह र मागी + प्रेम विवाह २० प्रतिशत छन भने सजातिय विवाहमा ९० प्रतिशत र विजातिय विवाहमा १० प्रतिशत रहेको छ । यि उल्लेखित प्रकारका विवाहमा विशेषत लोग्ने स्वास्नी बीचको उमेरको अन्तरालबाट जति सबन्धविच्छेद हुन सकेको छ,, त्यति नै केटा र केटीबिचको इच्छा विपरीतको विवाह, ढांटी गरेको विवाहले पनि सम्बन्धविच्छेदको स्थिती निम्त्याएको देखिन्छ । जसबाट सम्बन्धविच्छेदकर्ताहरुको शैक्षिक स्तर नमिल्नु, एकले अर्कोको पक्षबारे धेरै कुरा बुझ्न नसक्नु , आफ्नो श्रीमान या श्रीमतिले एकले अर्कोलाई हेर्ने दृष्टिकोणमा तालमेल नमिल्नु, एकपक्षको व्यावहार कार्यशैली मन नपराई माइतमा गएर बस्नु या सौता ल्याउनु जस्ता कारणहरु देखिन्छन ।

यस सन्दर्भमा पुरुष उत्तरदाताहरु मध्ये ३ जनाले आफुले विवाह गर्नु अघि अर्को केटी संग प्रेम चलेको तर घरको पारिवारिक दवावले गर्दा विवाह गर्नु परेको बताउंछन् भने १ जनाले छोरा छोरीको विवाह हुने समयमा पनि तडक भडक गर्ने, आफुलाई नटेर्ने, बढी राजनैतिक कुराले गर्दा दिक्क भएर यस्तो स्थिती आएको बताउंछन् । त्यस्तै गरी महिला उत्तरदाताहरुले आफ्नो श्रीमानसंग उमेरको स्तर नमिल्नु, संकिर्ण परम्परागत मुल्य र मान्यतामा चल्न बाध्य पारिनु, सौता ल्याउनु , आफ्ना बालबच्चा र आफु समेत लाई कुटपिट गर्नु, मादक पदार्थ सेवन गरी ज्यान मार्ने धम्की दिनु जस्ता कुराहरु बताउंछन् । अध्ययन कै क्रममा केही महिलाहरुले आफ्नो विवाह देख्दै नदेखेको नपढ्ने, मुर्ख र मानसिक विचलन भएका व्यक्तिहरुसंग ढांटी विवाह गरी दिएको बताए । करिब ७० प्रतिशत महिला र ५० प्रतिशत पुरुषले आफ्नो विवाह २० बर्ष भन्दा कम उमेरमा भएकाले विवाहमा आफ्नो खासै सहमती नभएको र परिस्थितिवश विवाह गर्नै पर्ने हुंदा विवाह गरेको बताए । जसमा बढि पारिवारिक दवाव रहेको र केही मात्रामा आफु भावनामा बहेको र समाजले त्यस्तो अवस्था सृजना गरेको भनेर उत्तरदाताहरु बताउछँन् । १० प्रतिशतमा गरिएको विजातीय विवाहले

भने पारिवारिक समर्थन नपाएको, आफ्नो खुट्टामा आफै उभिने सिथिती नरहेको तर श्रीमान श्रीमती बिचको सम्बन्ध अत्यन्तै प्रगाढ भएको भए पनि पारिवारिक बाध्यताबश तर दुवैको स्वीकृतिमा सम्बन्धविच्छेद गर्न पुगेका छन् । यसरी विविध case हरुबाट के थाहा हुन्छ भने हाम्रो परम्परागत मुल्य र मान्यताको कट्टरपनामा समेत परिवर्तन आउन जरुरी छ ।

यसरी विवाहपश्चात उल्लेखित कुराहरुभन्दा अर्को पक्ष के छ भने श्रीमान श्रीमती विचको अत्यधिक उमेरको फरकपनबाट उनीहरुको व्यावहार र कार्यशैलीमा फरक हुने, यही उमेरको फरकपनले श्रीमतिबाट अन्य लोग्नेतिर अप्रत्यक्ष रुपमा सम्पर्क बढाएको कुरा उनीहरुको व्यावहारले समेत बताउने कुरा पिडित पुरुष उत्तरदात्ताहरु बताउंछन् । साथै यौवनले भरिपुर्ण भएको हुदा हैसियत भन्दा बढि माग, जानि-जानि श्रीमति आफैले सिर्जना गरेको र त्यसमा आफुले इन्कार गरेको, तत्पश्चात सम्बन्धविच्छेद गर्न तम्तयार भएको एक ३३ बर्षे युवक तितो अनुभव सुनाउछन् ।

तसर्थ कम उमेरमा भएको विावह, इच्छाविपरितको विवाह ढांटी विवाह, भावनात्मक रुपमा गरेका विवाह, विजातीय विवाह विभिन्न फरक आर्थिक, सामाजिक र सांस्कृतिक पृष्ठभुमिमा गरिएको विवाहलाई संयोजनको स्थितिमा नढालिए वा ढाल्न नसकिएर नै अन्ततोगत्वा सम्बन्धविच्छेद भएको देखिन्छ ।

### ५.१.२ पारिवारिक झगडा

परिवारको उत्पत्ति र सिद्दान्तलाई हेर्ने क्रममा सुरुमा या विचमा मातृसत्तात्मक परिवारको रुप र अहिले पनि संसारका केही छिटफुट ठाउंहरुमा मातृसत्तात्मक परिवार छ भनिए पनि पुर्णत जतातत्तै पितृसत्तात्मक सिद्धान्त रहेको विदितै छ । जहाँ महिलाहरुले नयां घरका परिवारका विभिन्न सदस्यहरुसंग सौहार्दपुर्णरुपमा आपसिक मायां, प्रेम र सदभाव देखाउनु पर्ने या आफुले पाउनु पर्ने हुन्छ । तसर्थ विवाहपश्चात जहिले पनि एउटी महिलाले आफ्नो जीवन साथीको घरमा पाइला टेक्नै पर्ने हुन्छ । साथै उक्त घरको नयां वातावरणमा आफुलाई संयोजित गराउनु पर्ने हुन्छ । यसरी समयको पावन्दीसंगै कतिपया नयां नयां समस्या र अवस्थाका चरणहरु पार हुदै जान्छन भने अन्य समस्याहरुले स्थान लिन पुग्छन । यस अध्ययनमा सासु बुहारी, आमाजु, (विवाहीत भइ माईतमा बसेका) बुहारी, नन्द भाउजु, देवर-देवरानी, जेठाजु-जेठानी, लगायत परिवारका अन्य सदस्यहरु वीच भएको झगडाका कारण ४४.८ प्रतिशत महिलाहरुको सम्बन्धविच्छेद भएको देखिन्छ । यस्तो झगडाको महिलालाई घर परिवारको सेवा सुश्रुषामा मात्र खटनपटन गरी अन्य अवसर र

स्वातन्त्रताबाट बन्चित राख्न खोज्नु, नन्द देवर, जेठाजु-जेठानीले पनि नव विवाहित महिलालाई अत्यन्तै चियोचर्चा गरी मर्मभेदी वाक्य प्रयोग गर्नु, त्यहि अनुसारको श्रीमानलाई कुरा लगाउनु शिक्षित बुहारीले निरक्षर वा साक्षर मात्र भएका परिवारमा बढी अधिकार र स्वतन्त्रता खोज्नु, बढी मागहरुको सिर्जन गर्नु जस्ता कुराबाट सम्बन्धविच्छेद हुन पुगेको पीडित महिला तथा पुरुष र उनीहरुका घरपरिवारका सदस्यहरु बताउछन्।

परिवारका सदस्यहरुविच त्यस्तो मनोमालिन्यको स्थितीमा पनि यदि श्रीमान श्रीमतीविच समभ्रूदारी हुन सकेको भए सम्बन्धविच्छेद नहुने आधारहरु पनि थिए होला । जसमा अन्तरजातिय विवाहमा परिवारबाट सहजै स्वीकृति नहुनु र विवाह पछि बुहारीका पुर्व कार्य, क्रियाकलाप, आचरणलाई लिएर वारम्वार घोचपेच गर्नु जस्ता कारणहरुले प्रमुख भुमिका निभाएको देखिन्छ । साथै मादक पदार्थ सेवन गरी या नगरी श्रीमानले आफुप्रति नकारात्मक अवधारणा बनाएको, परिवार र बालबच्चा प्रति कुनै पनि उत्तरदायित्व नलिई अवोध बालबच्चाहरुलाई समेत कुट्ने पिट्ने गरेको पीडित महिलाहरुको गुनासो छ । त्यसैगरी श्रीमति, आफु र परिवारको कुनै पनि कुरामा सहमती नजनाउने, घरमा भन्दा माइतमा नै गएर बस्ने वा बस्न खोज्ने भएकाले बेमेलको टिक्नै नसक्ने स्थिती भएपछि सम्बन्धविच्छेदमा पुगेको कुरा पुरुष उत्तरदाताहरु बताउँछन् । यी माथि उल्लेखित कुराहरुमा पारिवारिक समभ्रूदारीको अत्यन्तै खांचो देखिन्छ ।

यसरी अध्ययनको सिलासिलामा महिला तथा पुरुष उत्तरदाताहरुको कथनलाई विश्लोषण गर्दा पारिवारिक जीवनमा नै असमभ्रूदारी, टिकाटिप्पणी, इर्श्यालुपन र वैरभावको सिथिती देखिन्छ । पारिवारिक सदस्यहरुको विचमा जे भएपनि त्यसलाई सहजरुपमा केलाई दम्पत्तिहरु विच एक आपसमा विश्वासको भावना पलाएको देखिदैन । स्वाभाविकरुपमा एउटी नारीले माइत र घरमा सामान्यजस्यता ल्याउन द्बैध भुमिका खेल्नुपर्ने हुन्छ । जसबारे घरपविरका सदस्यहरुले कुरा नवुभ्रूनु, आफु पनि महिलाहो भन्ने भावना नजाग्नु, अत्यन्तै निगरानीमा राख्नु, विहान सांभ्रू अलिकति फुर्सद भए मनगढन्ते नयां काम सिर्जाउनु, उनीहरुको स्वास्थ्य र पढ्दै गरेकाको शिक्षामा ध्यान नदिई एक मजदुर भन्दा पनि तल ओर्लेर काम गरेको महिलाहरुको मार्मिक र हृदयविदारक गुनासो छ । जुन कुरा परम्परागत मुल्यमान्यता बोकेको पुरुष हैकमबादी समाजमा नकार्न मिल्दैन । अर्को तर्फ श्रीमान कामको सिलसिलामा भारत गएका,घरबाट टाढा जागिरको लागि गएका, दिनभरी मजदुरी गरेर सांभ्रू अलि अबेर गर्ने , घरमा धेरै नबस्ने कारणबाट आफ्ना श्रीमतिहरुमा असंतोष बढ्केको, अरु संग नाजायज सम्बन्ध रहन गएको जसबाट परिवार र समाजमा समेत आफुले शिर ठाडो पारेर

हिंड्न नसकेको कारणबाट झगडा उत्पन्न भई सम्बन्धविच्छेद गर्न पुगेको पुरुष उत्तरदाताहरु बताउँछन् ।

### ५.१.३. आर्थिक कारण

आज विश्वको जुनसुकै ठाउंमा पनि मानविय सम्बन्धको प्रमुख आधार "अर्थ" लाई लिन सकिन्छ । आफ्नै बाबु छोरा किन नहोस तिनीहरुविचको सम्बन्धलाई मजबुत बनाउने या अत्यन्तै फितलो बनाउने कार्यमा न्युनतम आदर्शबादी, सच्चरित्र र नैतिकवान व्यक्तिहरुलाई छाडेर विभिन्न तत्वमध्ये आर्थिक तत्वलाई प्रमुख रुपमा लिन सकिन्छ । यसर्थ कुनै पनि परिवारमा पारिवारिक सदस्यहरु जस्तो श्रीमान-श्रीमती, बाउ-छोरा, सासु-बुहारी, देवर-भाउजु आदि आदिमा पनि आर्थिक पक्षले प्रभाव नपारी छोड्दैन । विवाह पुर्व जसरी एउटा पुरुषले आफ्नो उत्तरदायित्वको त्यति प्रवाह नगरी आफ्नो अधिकारलाई प्राप्त गर्नेमात्र प्रयत्न  गर्दछ । त्यति विस्तारै विवाह पश्चात उसको त्यो सोचाईमा परिवर्तन आउंछ । त्यसैगरी एउटी महिलाले पनि विवाहपश्चात उसको परम्परा र संस्कृति अनुसार पतिबाट ठुलो इच्छा आकांक्षा राख्नु स्वाभाविक नै हो । तथापि नचाहेर वा चाहेरै भए पनि जव ती इच्छा आकांक्षा आफ्नो पति बाट पुरा हुदैन या हुन सक्तैन । तव दाम्पत्य जीवनमा तुषारापात पर्न जान्छ । यसको निवारणार्थ श्रीमान पैसा कमाउने सिलसिलामा विदेश लागायत स्वदेशमै घरदेखि टाढा जानु पर्ने सथिति सिर्जना हुंदा श्रीमान श्रमतिबीचको सामिप्यताको दायरा फराकिलो हुन्छ । तव श्रीमान श्रीमतिविचको प्रगाढ मायां, प्रेम, कर्तव्य, जिम्मेबारी, दया, आदि आदि जति कोमल तथा संबेदनशिल पक्षलाई आर्थिक तत्वले प्रभाव पारेको देखिन्छ ।

यस अध्ययनमा ४ बटा Case (२० प्रतिशत) मा श्रीमान पैसा कमाउन विदेश गएको २ वटा Case (१० प्रतिशतमा) जागिरको शिलशिलामा घरदेखि टाढा जानुपरेको र मजदुरी र प्राइभेट नोकरीमा संलग्न हुन परेको स्थितीमा केही दम्पतीहरुले अनुचित फाइदा लिएको देखियो । स्पष्टत उल्लेख गर्दा महिलाहरु अन्य परपुरुष संगको सम्बन्ध तथा पुरुषहरुले पनि बहुविवाह गर्ने गरेको, जसले गर्दा  सम्बन्धविच्छेद हुन पुगेको भेटियो । यसै प्रसंगमा केही महिलाहरुको घर भन्दा माइतीपक्ष  आर्थिक सवालमा सक्षम हुंदा श्रीमानलाई समेत माइतमा बसौ भन्ने, परिवारका सदस्यलाई गर्नु पर्ने आदर सम्मान, दया, मायां गर्न नसकेको र केहीले लोग्नेको हैसियत अनुसार आफ्ना माग पुरा हुन नसकेको स्थितीमा के खाने, के गरेर कसरी  जिवन विताउने भनेर सम्बन्धविच्छेद गर्नु परेको कारण बताउँछन् । अर्कोतिर पुरुषउत्तरदाताहरुले आफुलाई जे सुकै दुःख कष्ट सहनु परेपनि श्रीमतिलाई उही किसिमको मायां प्रेम दिदा श्रीमति झर्किने, पैसा लाई बढि

महत्व दिने, धेरै थरीका महंगो माग हरु गरिरहने, पति पत्नी विचको भावनात्मक सम्बन्धलाई बास्ता नगर्ने, विलासीमा जीवन विताउन खोज्ने भएको ले सम्बन्धविच्छेद गर्नु परेको कुरा पुरुषउत्तरदाताहरु बताउछन् । अर्को एउटा Case मा पुरुषले जहिले पनि श्रीमतिसंग पैसा मागिरहने, छोरा र छोरीलाई मादकपदार्थ खाई कुटपिट गर्ने, श्रीमतिलाई कुटपिट तथा घरेलु हिंसात्मक कार्यहरु गर्ने, आत्मसम्मानमा ठेस लाग्ने कार्यहरु गर्ने भएकोले बाध्य भई सम्बन्धविच्छेद गर्नु परेको पिडित महिलाहरु बताउंछन् । केही महिला (४५ प्रतिशत) आफुलाई पढाउछु भनि विवाह गरेका, विवाह पश्चात पढाउन आर्थिक समस्याले पुग्दैन भनेको निहुबाट नै सम्बन्धविच्छेदको स्थितीमा आईपुगेको बताउछन् भने पुरुष उत्तरदाताले आफुले सकेसम्म आर्थिक लगानी गरी पढाएको, पढाउने सिलसिलामा उनी विवाह अघिको झै स्वतन्त्र खानपिन, हिडडुल गर्न खोजेको र त्यसमा पारिवारिक सदस्यबाट सचेत गराउन खोज्दा उल्टो कुरा गर्ने, घरपविारलाई तुच्छ स्थानमा राखी माइतलाई उच्चस्थानमा राख्दा र त्यसबाट मनोमालिन्य भई सम्बन्धविच्छेद हुन पुगेको कुरा संबन्धित उत्तरदाताहरु बताउँछन् ।

**५.१.४ यौन जन्य कारण**

प्रत्येक प्राणीमा यौन जैविकीय आबश्यकता हो । त्यसमा पनि एक चेतनशील र सामाजीक प्राणी कहलिएको मानवजातीमा यो अपरिहार्य तथा महत्वपुर्ण हुनु स्वाभाविकै हो । यसलाई व्यवस्थित र वैध बनाउन नै मानवजाती विवाह गर्छन । विवाह पश्चात उमेर पुगेका दम्पतीहरुविच यौन सम्बन्ध राख्ने मात्र होइन दुवै एक अर्कोपक्षबाट संतुष्ट हुन पाउनु पनि उनीहरुको नैसर्गिक अधिकार हो । यदि कुनै पुरुष या महिला आफ्नो श्रीमति या श्रीमानबाट यौनसन्तुष्टी प्राप्त गर्न सकेनन् भने तिनीहरुमा एक किसिमको तुष पलाएको हुन्छ । जसबाट परस्त्रीगमन तथा पुरुषगमन समेत हुने गर्छ र वैवाहिक जीवनमा असन्तुलित हुने गर्दछ । अन्ततोगत्वा सम्बन्धविच्छेद हुन बेर लाग्दैन ।

यसै कुरालाई ध्यानमा राखेर सम्बन्धविच्छेदकर्ताहरुसंग यौन जीवन बारे प्रश्नहरु राखिएको थियो । जसमा ३५ प्रतिशत महिला यौनजीवनमा आफ्नो श्रीमानबाट असंन्तुष्ट रहेको जवाफ पाईयो । यस सन्दर्भमा ४ वटा Case हरु परपुरुषगमनमा संलग्न भएको आरोप सहित वैवाहिक जीवनको अन्त्यको प्रमुख मुद्धा बनेको थियो । जसमा आफु घरबाट टाढा बस्दा श्रीमतिले परपुरुषलाई घरमा ल्याएर राख्ने गरेको कुरा पुरुष उत्तरदात्ताहरु बताउंछन । वास्तवमा ती महिलाहरुको कियाकलापलाई अवलोकन गर्दा र छिमेकीहरुद्धारा कुरा बुझ्दा परपुरुषसंग रहेको बेला रात वा दिउसो नै ती दुवैलाई संगै भेट्टाएको तर केटा भाग्न सफल भएकोले गाउंलेको रोहवरमा नै

कचहरि बसी त्यसवारे जानकारी प्राप्त गरेका व्यक्तिहरुसंगको प्रत्यक्ष कुराकानीबाट पनि ती आरोपित कुरामा धेरै सत्यता छ भन्ने सोधकर्ताबाट महसुस भयो । त्यसैगरी २० प्रतिशत पुरुषहरु मध्ये १ जनाले आफ्नो श्रीमति घरमा हुदाहुदै अर्को संग अवैधानिक सम्बन्धबाट गर्भ रहन गएकोले घरमा ल्याउन बाध्य भएको, कसैले जागिरको सिलसिलामा स्कुल पढ्ने केटी संग नाजायन सम्बन्ध राखी आखिरमा विवाह गरेको, अर्को एक जना पुरुषले अर्की महिलासंग यौन सम्बन्ध राखेको उसकै पत्नीबाट खुलासा भएको र अर्को एक जनाले दोस्रो विवाह गरेको देखिदा वैवाहिक सम्बन्धको अन्त्यमा यौन पक्षले अति महत्वपुर्ण भुमिका खेलेको प्रष्ट हुन्छ ।

महिलाहरु भने यौनपक्षबारे खुलस्त बोल्न हिच्किचाउने हुदां यौन असंतुष्टी भएपनि दोस्रो विवाह नगरी बरु परपुरुष गमनतिर लम्कने तर श्रीमानलाई पनि यथास्थानमा राख्ने गरेको पाईयो । यसमा अधिकांश शिक्षित पेशामा संलग्न महिला र श्रीमान विदेश गएका महिलाहरु पर्छन । यस सन्दर्भमा अत्यन्तै गम्भिर हुदै पुरुष उत्तरदाताहरु आफ्नो श्रीमतिले अरुसंग अनैतिक सम्बन्ध राखेकोले आफ्नो इज्जत गएको कारण सम्बन्धविच्छेद गर्नुपरेको बताउँछन् । महिला उत्तरदाताहरु भने आफ्नो यौनजीवन असंतुष्ट रहेको प्रष्ट बताउदै आफ्नो आबश्यकता र आफ्नो जीवन बन्धनपुर्वक राम्ररी चल्न नसक्ने भएको कारणबाट सम्बन्धविच्छेद दुबैको सल्लाहमा भएको कुरा स्वीकार गर्छन ।

यसरी वैवाहिक सम्बन्धमा यौन जीवनको अत्यन्तै प्रभाव परेको हुन्छ भनी भन्न सकिन्छ । बाध्यतावश अर्थोपार्जनको निम्ति परिवारलाई छोडी टाढा जानु , त्यस अन्तरालमा दम्पतीहरुबिच संचारको कमि हुनु, प्राय एकात्मक परिवारमा रहंदा पारिवारिक नियन्त्रण भन्दा बाहिर रहनु, शिक्षा र पेशाले यौन पक्षबारे विविध कुरा थाहा पाउनु र अन्य व्यक्तिहरु संग सम्पर्क बढ्नु , बैसालु उमेर हुदा प्राकृतिक रुपमा यौन चाहनामा तिव्रता हुनु , जसले गर्दा दम्पतीहरु विचको मानविय दया, मायां, कर्तव्य, जिम्मेबारीपनलाई क्षणभरमा नै तिलान्जली दिन पुग्नु जस्ता कारणहरुबाट सम्बन्धविच्छेद हुन पुगेको देखिन्छ । यसमा महिलाको उमेर कम हुनु , पुरुषहरु कम उमेरका केटीहरुप्रति आकर्षित हुनु जस्ता तत्वहरुले पनि प्रभाव पारेका छन् । अझ सुक्ष्मरुपमा केलाएर हेर्दा विवाहपुर्व केटा साथी, केटी साथी हुनु , घरमा काम नहुदां फुर्सदको समयमा के गरु के गरु भन्ने भवना उत्पन्न हुनु , आफु संलग्न केटा या केटीसंग दिनप्रतिदिन भेट हुने वातावरण मिल्नु , घण्टौं गफ गर्ने मौका मिल्नु आदि जस्ता पक्षहरु पनि बढी जिम्मेवार देखिन्छन् ।

### ५.१.५ मनोबैज्ञानिक कारण

हरेक कार्य सफल हुने या नहुनेमा मनोविज्ञानले ठुलो प्रभाव पार्छ र कुनै पनि घट्नाक्रममा यसले ठुलै भुमिका खेलेको हुन्छ । जसबाट व्यक्तिको मानवीय सम्बन्ध टिकेको हुन्छ या भताभुङ्ग भएको हुन्छ । यो मानविय मनोविज्ञान प्रत्येक व्यक्तिको उमेर, शिक्षा, व्यवसाय, अनुभव र सामाजिक स्तर जस्ता पक्षहरुबाट प्रभावित हुन्छ । उदाहरणार्थ जव कुनै व्यक्ति बलियो, शिक्षित तथा पठीत, उच्चवर्गको, अत्यन्तै अनुभवी र समाजमा प्रतिष्ठित भएको आफुलाई ठान्छ तव अर्को व्यक्तिलाई उसले देखाई र सोचाईमा निर्वलीयो, अशिक्षित तथा गंवार, निम्नवर्गको, सिकारु र समाजमा कुनै इज्जत र प्रतिष्ठा नभएको देख्छ या ठान्छ । स्वाभाविक रुपमा उसले अर्को व्यक्तिप्रति त्यही किसिमको मानसिकता बनाएर हेर्ने, घृणा गर्ने जस्ता व्यावहार गर्छ । तव ती दुई व्यक्तिहरुमा आपसिक द्वन्द्व सुरु हुन्छ । त्यो कुरा दाम्पत्य जीवनमा पनि पुर्णत लागु हुन्छ । यस्तो अवस्था यस अध्ययनमा दुबै महिला र पुरुषहरुमा देखिएको छ ।

५ वटा Case हरुमा महिलाहरुले पुरुषको घरपरिवारका सदस्यहरुसंग आपसिक सदभाव, सहयोग र मेलमिलापको सट्टा माइतीपक्षको बढी गुणगान गर्ने, माइतलाई अहम स्थान र परिवारलाई गौण स्थानमा राखेर कुरा तथा व्यावहार गर्ने, श्रीमानलाई दमनकारी व्यावहार अपनाउन खोज्ने, श्रीमान सांझ मजदुरी र अन्य पेशाबाट फर्कदा अनावश्यक संकागर्ने, कहां गइयो कता के काम भयो भनी दैनिक विवरण प्रस्तुत गर्न लगाउने जस्ता कुराहरु श्रीमतिबाट भइरहन्थ्यो भन्ने कुरा पुरुषउत्तरदात्ताहरु व्यक्त गर्दछन् भने ३ वटा Case मा महिलाहरु आफुबाट कुनै नराम्रो व्यावहार नभएको र आफ्नो कुनै पनि गल्ती नभएकोमा पनि विनाकारण निहुं खोजी व्यक्तिगत चरित्र, व्यावहार आचरणप्रति आरोप लगाउदै सामाजिक अपमान गरेका बताउंछन । त्यसभन्दा पनि अझ माथी उठेर बालबच्चालाई कुट्ने पिट्ने, यस्तीको छोराछोरी भन्ने, दिनभरी तंलाई तेरो आमाले के के सिकाउछे भन्ने, दिनभरी तंलाई तेरो आमाले के के सिकाउछे भन्दै अत्यन्तै वाणसमान विझ्ने बचन प्रयोग गरिरहने, तँ तुरुन्त पोइल जा, म त भन्दा केयौ गुणा राम्री, धनी, पढेकी केटी तत्काल ल्याउछु भन्ने जस्ता अत्यन्तै हृदयविदारक र अपमानजनक शब्दले प्रहार गर्ने कुरा समेत महिला उत्तरदात्ताहरु बताउंछन् । यसर्थ कतिपय Case मा महिलाले पुरुषलाई निर्देशन, निगरानी र नियन्त्रणमा राखेको पाइयो भने कतिपय Case हरुमा पुरुषले महिलालाई आफ्नो कठपुतली सम्झी त्यहि अनुसार चलाउने गरेका, विझ्ने बाक्यांश प्रयोग गरी नारी कोमलता, सहिष्णुतालाई विदिर्ण पारेको पाइयो । जसबाट आपसिक रीस, प्रतिशोधको भावना, हिनता जस्ता मनोविकृतिहरु सिर्जित भइ सम्बन्ध विच्छेद हुन पुगेको देखियो । जे होस यस अध्ययनबाट भावनात्मक गहिरो पारस्परिक

सम्बन्धमा मनोविज्ञान र त्यसको उपज मनोविकृतिले समेत दाम्पत्य जिवनमा आफ्नो प्रभाव जमाएको थाहा हुन आयो ।

**५.१.६ महिला मैत्री कानूनी प्रावधानका कारण:**

सम्बन्धविच्छेदका निम्ति कानुनी प्रावधान र प्रक्रियाहरुको बारेमा त परिच्छेद – एकमा नै उल्लेख गरिसकिएको छ । यस अन्तर्गत सम्बन्धविच्छेद गर्न सहज र प्रभावकारी कारण कानुनी आधारलाई लिइएको छ । किनकी बर्तमान एघारौ संसोधन सहितको नयां मुलुकी ऐन २०२० ले गर्दा अवको दिनमा ऐनको मर्म र भावनालाई मानवीय कमी कमजोरीको रुपमा नबुझी न्याय नगर्ने र न्याय गरिएको नदेखिने हो र केवल ऐनको दफालाई शााब्दिक रुपमा मात्र अर्थ लगाउदै जाने हो भने सम्बन्धविच्छेदको दर नदढ्ला भन्न सकिदैन ।

आर्थिक वर्ष २०७२÷०७३ को अवधिमा कैलाली जिल्ला अदालतमा दर्ता भएका १३० वटा सम्बन्धविच्छेद र अंश संग सम्बन्धित मुद्धा मध्ये सोही अवधि भित्र सम्बन्धबिच्छेदको फैसला सुनाईएका जम्मा २८ वटा मुद्धा मात्र छन् । जसमा ७५ प्रतिशत भन्दा बढी मुद्धामा पुरै महिलावादी भएर फैसला सुनाइएको देखिन्छ । यसको कारण के हो भन्ने संदर्भमा पछिको शिर्षकमा उल्लेख गरिनेछ । यि अधिकांश मुद्दाहरुमा मु.ऐ.को महल १२ को लोग्ने स्वास्नीको महलको १ नं. को १, २ र ३ का अवस्थाहरु उल्लेख गरिएको छ । जसमा लोग्ने स्वास्नीबीचको सम्बन्धविच्छेदका बास्तविक तथा यथार्थपरक तथ्यहरु लुकाइएका छन् या उजुरीमा त्यसलाई ढाकछोप गरी कानुनी भाषा मात्र प्रयोग गरिएका छन् । उदाहरणार्थ परपुरुषगमन/ परस्त्रीगमन, सौता ल्याएको जीवन घट्ना र नितान्त व्यक्तिगत कुराहरु उल्लेख नगरी लोग्ने स्वास्नीको १ नं. को देहाय १, २ र ३ नं. का कानुनी भाषाहरु जसले सम्बन्धविच्छेद गर्न/ गराउन वैधानिकता राख्छ । त्यहीमात्र उल्लेख गरिएको छ । जुन यथार्थपरक कुराहरु लुकाइएको स्वयं सम्बन्धविच्छेद कर्ता र उनीहरुका परिवार, छिमेकी र साथीभाईहरु मार्फत थाहा भयो ।

अध्ययनमा २० वर्ष भन्दा कम उमेरका १० जना महिलाहरु (५० प्रतिशत) मध्ये २ जनाले आफ्नो कम उमेरमा विवाह भएको र विवाहमा आफ्नो सहमति नभई श्रीमानले खानलाउन नदिएर घरबाट निकालेको भन्ने कुरा व्यक्त गरेका थिए । ३.४ प्रतिशत महिलाले मानसिक सन्तुलन ठीक नभएकोसंग ठीक छ भनी ढांटी विवाह गरेको उजुरी गरेका थिए तर त्यसमा पनि श्रीमान श्रीमतीको महलको नं. को १ र २ नं. को कानुनी आधारको सहायता लिएका थिए । जे होस अधिकांश case मा कानुनी आधार बनाई सम्बन्धविच्छेद गरिएको थियो । अहिले मुलुकी ऐन मा

भएको संसोधनले त झन सम्बन्धविच्छेद गर्न अति व्यापक अवस्था सृजना गरेको छ । किनकी मु.ऐ. "श्रीमान श्रीमतीको महल" १ नम्बरको देहाय १ मा रहेको शारीरिक भन्ने शब्दपछि वा "मानसिक" भन्ने शब्दहरु र श्रीमान श्रीमती दुवैले नै कसैसंग करणी गरेका ठहरे वा ठहराएमा, श्रीमान वा श्रीमती दुवैलाई यौन सम्बन्धी निको नहुने रोग लागेमा (मु .ऐ. २०२० एघारौ संसोधन सहितको महल १२ को लोग्ने स्वास्नीको महलको ११) भन्ने जस्ता शब्दहरु थपिदा र उक्त महलकै ४ (क) नम्बरको सट्टा देहायको ४ (क) नं. मा "यस महलको १ नम्बर बमोजिम लोग्ने र स्वास्नी बीच सम्बन्धविच्छेद हुने भएमा अदालतले निजहरुबीच अंश बण्डा गर्न लगाएर मात्र सम्बन्धविच्छेद हुने निर्णय गर्नुपर्छ । यस नं.मा र ४(ख) ४(ग) मा समेत यस सम्बन्धि व्यावस्था गरिएको छ । (मु. ऐ. को महल १२ को ४ 'ख' र ४ 'ग') यसबाट के स्पष्ट हुन्छ भने सम्बन्धविच्छेद हुने निर्णय गर्नु अगाडी श्रीमान श्रीमती विच अंशवण्डा गर्नु पर्ने हुन्छ । जसबाट मानविय मुल्य, मान्यता, नैतिकता, सच्चरित्रलाई पन्छाउन तत्पर हुने महिलाहरुबाट पुरुषहरु अत्यन्तै पीडित हुने देखिन्छ ।

निष्कर्षमा भन्दा आजको समाज आधुनिकीकरण तर्फ लम्किरहेको अवस्थामा यहां आधुनिकीकरणको नाममा पश्चिमीकरण समेत नभित्रिएको भने होइन् । आजको लोककल्याणकारी राज्यको अवधारणामा कानुनमा समेत अत्यन्तै लचिलोपन, र वैयक्तिक अधिकार र स्वतन्त्रता, लैङ्गिक समानताको विश्वव्यापी लहर चलेको अवस्थामा अहिलेको मु.ऐ.मा संसोधन हुनु अत्यन्तै स्वाभाविक भए पनि हाम्रो जस्तो समाजमा यस ऐनको मर्म र भावना विपरित दुरुपयोग नहोला भन्न भने सकिदैन । तसर्थ यसमा एक सचेत ओहदा आसिन या ओहदा विहिन व्यक्तिबाट यस ऐन प्रति सजग र सचेत हुन, गर्न र गराउन आ-आफ्नो तह र क्षेत्रबाट सहयोग गर्न गराउन पहल गर्नुपर्छ । जसबाट ऐनको दुरुपयोग भए सम्बन्ध विच्छेदको वृद्धि हुने प्रवृत्तिलाई नियन्त्रण गर्न सकियोस् ।

**५.२ सम्बन्ध विच्छेदका प्रकृयाबाट परेका असरहरुः**

कानुनी तवरबाट सम्बन्धविच्छेद गर्दा अदालतको ढोका घचघच्याउन पुगि फैसला हुंदासम्म संबनधित पक्षहरु (उत्तरदाताहरु) ले कानुनी प्रावधान र प्रक्रियाबारे के कस्तो अनुभव गरेका छन र यस प्रति उनीहरुको के कस्तो गुनासो रहेको छ भन्ने कुरालाई यस शीर्षकमा उल्लेख गरिएको छ । जसमा अधिकांश महिला तथा पुरुषउत्तरदात्ताहरु कानुनी प्रावधान र प्रक्रियाबारे राम्रै अनुभव गरेको बताउंछन् ।

लिइएका २० बटा Case का दम्पतीहरु १०० प्रतिशत नै महिलाबादी भई दिएका छन् । यस सम्बन्धमा जिज्ञासा गर्दा पुरुषउत्तरदाताहरु भन्छन कि लोग्ने स्वास्नीबिच समझदारी र मिल्नै

नसक्ने अवस्था भएपछि आफुहरुले सोझै सम्बन्धित जिल्ला अदालतमा मुद्दा दिन नपाइने, केवल गा.वि.स. या नगरपालिकामा निवेदन दिन पाइने तर त्यहां १ बर्षसम्म मिलाउने बहानामा आफुहरुलाई सामाजिक तथा मानसिक रुपले अप्ठ्यारो तथा खल्लो अनुभव हुने हुंदा श्रीमतिलाई नै मुद्दा दिन लगायौ । यस सम्बन्धमा को बाट सल्लाह पाउनु भयो भनी थप जिज्ञासा प्रकट गर्दा कोहि आफैले थाहा पाएको र प्रायले वकिलको सल्लाह अनुसार चलेको बताउंछन् । थाहा पाउनेमा ५ जना (२५ प्रतिशत) पुरुषहरु छन् । जसमध्ये आफ्नी श्रीमतीसंग सल्लाह गरी मुद्दा दिन लगाउने ३ जना ( १५ प्रतिशत) पुरुषहरु छनभने जस मध्ये २ जना (१० प्रतिशत) ले डर, धाक र धम्कीपुर्वक श्रीमतिलाई मुद्दा दिन लगाएका छन् । बाकी १५ वटा Case हरु त (७५ प्रतिशत) महिलाहरु आफैले दिएको देखिन्छ । वास्तवमा यि महिलाहरु प्राय अत्यन्तै पिडीत र परिवारमा टिक्नै नसकेको अवस्थामा मात्र अदालत धाएको बतांउछन् । जसमा ३ जना (१५ प्रतिशत) महिलाहरुलाई त छोराहरु आफैले अदालत पुऱ्याउन सहयोग गरेको र मुद्दा पनि त्यति नलम्बिएको हुंदा बर्तमान कानुनी प्रावधान र प्रकिया राम्रै भएको बताउंछन् । अन्य महिलाहरु पनि प्राय अभिभावक या आफन्तसंग आएकोले मुद्दा फैसला हुन पनि त्यति ढिलो नभएकोमा सन्तोष व्यक्त गर्छन भने पुरुषहरु पनि मुद्दा दर्ता भए पछि फैसला हुँदासम्मको प्रक्रियामा अदालतप्रति राम्रै सकारात्मक धारणा राखेको पाइयो ।

यद्यपी सम्बन्धविच्छेद सम्बनधि मु.ऐं महल १२ को "श्रीमान श्रीमतीको" र महल १७ को "विहावारीको" महलमा सम्बन्धविच्छेद सम्बन्धि र सम्बन्धविच्छेद पश्चातको जुन व्यवस्था छ त्यसप्रति भने श्रीमान श्रीमती दुवैको गुनासो देखिन्छ । वास्तवमा कानुनले तोकेबमोजिम जिल्ला अदालतमा मुद्धा पुगेपछि अदालतबाट कुन पक्ष चाही बढी दोषी हो ? कसलाई के कति र कस्तो मर्का परेको छ ? मर्कामा परेकालाई राहतको प्रभावकारी व्यावस्था के कति गर्ने भन्ने सम्बन्धमा वास्तविक तथ्य अदालतबाट नबुझेको भनी उत्तरदाता महिलाहरु बताउंछन् । उनीहरुको अझ थप कथन के छ भने आफुहरु पिडीत भएकोले सम्बन्धविच्छेद पछि पाउनु पर्ने सुविधा (मु.ऐ. २०२० दशौ संसोधन सहित लोग्ने स्वास्नी महलको ४ क. नं.) व्यावहारिक रुपमा श्रीमानबाट नपाएको कुरा व्यक्त गर्छन् । त्यसमा ५ जना (२५ प्रतिशत) महिलाहरुले त वकिलले नै यस्तो माग गर्नुहुदैन झन्झटिलो हुन्छ अरुको आशमा बाच्दा आत्मासम्मान मा ठेस लाग्छ बरु आफु आफ्नै परिश्रम र मेहनतको भर पर्नुपर्छ आदि आदि कुराहरु भनेकोले अदालतसमक्ष माग नगरेको बताउंछन् । ३ जना (१५ प्रतिशत) महिलाहरु त कानुनी प्रावधानबारे बोल्न नचाहेर एकदम गम्भिर र आक्रोश मिश्रित हिनताभावले आफुसंगका साथीहरुको दृष्टान्त दिदै उनीहरुसंग आफुलाई तुलना गर्दै र आफु

पनि राम्रो मार्गमा चलिरहंदा अचानक विवाहित हुन परेर आ-आफ्ना सुनौलो भविश्यलाई कालोओडारमा खसाली सकेको, एक पटक वैवाहिक जीवन असफल भए पछी अर्को विवाह पनि राम्रो होला भन्ने के निश्चित छ र? फेरी सम्बन्ध नै नरहे पछि त्यो श्रीमानको सम्पत्तिमात्र लिनु अर्थविहिन रहेको बताउदै पाउनु पर्ने कानुनी सुविधालाई समेत ठाडै नकारेको बताउंछन् ।

अर्कोतर्फ पुरुष उत्तरदाताहरु श्रीमतिको व्यावहार, क्रियाकलाप, आचरण, चरित्रबाट उनीहरुसंग दाम्पत्य जीवन बिताउनै नसक्ने अवस्था भएको र त्यसमा आफुहरुले उजुरी गर्न जिल्ला अदालतमा नपाउने, मुद्दा लम्बिने जसबाट मानसिक तनाव, सामाजिक मुल्य मान्यता र प्रतिष्ठामा नकारात्मकताले छाउने हुंदा श्रीमतिलाई नै मुद्दा दिन लगाएको स्वीकार गर्छन । पुरुष उत्तरदाताहरु १२ जना (६० प्रतिशत) ले त जब श्रीमतीकै आचरण व्यावहार आदिको कारणले सम्बन्धविच्छेद हुन्छ भने कानुनमा तोकिए बमोजिम विवाह विच्छेद भएको मितिले ती महिलाहरुलाई ५ बर्षसम्म वा त्यस्तो महिलाले अर्को विवाह नगरेसम्म भरणपोषण गराउनु पर्ने पुरुषको दायित्व हुंदा अझ त्यस्ता महिलालाई आफु नकारत्मकता तिर लागि आफ्ना श्रीमानसंग सम्बन्धविच्छेद गर्न प्रोत्साहित हुन सक्छन भन्ने कुरा बताउंछन् । तर यहां स्मरणयोग्य कुरा के छ भने यी २० बटा मुद्दामा १ जना महिलाले पनि श्रीमानबाट त्यस्तो सुविधा पाएको र श्रीमानले पनि श्रीमतीलाई दिएको भन्ने कुरा बताउन्नन् । तसर्थ यस अध्ययनमा उत्तरदात्ताहरुले लोग्ने स्वास्नीको महलको नं. ४ (क) लाई महिलाहरुले अधिकारको रुपमा र पुरुषहरुले कर्तव्यको रुपमा माग र पालना गरी व्यावहारिक रुपमा उतारेको देखिएन । बरु छिटफुट रुपमा विवाहविच्छेद भएको दिन नै एक मुष्टरुपमा केही रकम महिला या महिलाको अभिभावकलाई सम्बन्धविच्छेदकर्ता पुरुषहरु द्धारा दिएको र लिएको उत्तरदाताहरु या पाउनेहरुका परिवार स्वीकार गर्छन् ।

यस प्रसंगमा सम्बन्धविच्छेद कानुनीरुपमा भइसकेपछि कानुनले नै आफ्ना बालबच्चाप्रतिको आमा बाबुको समान कर्तव्य तोकिदिएको छ । (विस्तृत जानकारीको लागी मु.ऐ. लोग्नेस्वास्नीको महलको ३ नं. को देहायको १, २, ३, ४ र ५ नं.) यसमा २ जनाको (१० प्रतिशत) छोरा र छोरीहरु त ठुला भएका र कोही त विवाहित भएर पनि बच्चा जन्माइसकेका छन् । यसमा उल्लेखित ऐन को नं. हरु उपयुक्त तथा प्रभावकारी देखिदैनन् । अरु बालबच्चा भएका दम्पतीहरुमा पनि यो ऐनका दफाहरु व्यवहारमुखी भएको देखिदैन । किनकी ५ जना दम्पतीका छोरा छोरी (२५ प्रतिशत) त आमा संग रहेका छन् । १ जना दम्पतीका बालबच्चा मावलीमा बसेका छन भने १ जना दम्पतीका बच्चा सम्बन्धबिच्छेदकर्ता महिलाको दिदी भिनाजुकहां रहदै आएका छन् । यसमा ती बालबच्चाहरुले

आफ्ना आमा बाबुले आफुहरु प्रति गरेको व्यवहारको ससक्त रुपमा प्रतिरोध गर्ने र कानुनको सहारा लिने जस्ता पक्षमा नावालकहरु असमर्थ देखिन्छन् । बाबुहरुले कुनै पनि आफ्ना बच्चाहरुलाई कानुनले तोके बमोजिम उनीहरुसंग भेटघाट गर्ने, शिक्षा र औषधोपचार गर्ने, समय समयमा लुगाफाटाहरु प्रदान गरेको देखिंदैन । ती बच्चाहरु वास्तवमा जे जस्तो भएपनि आमाकै माया ममता र संरक्षणमा रहि बसि चित्त बुझाउनु परेको छ । यस सन्दर्भमा पुरुषउत्तरदाताहरुसंग जिज्ञासा राख्दा या सोद्धा आफुले चाहेर पनि भेट्न नसक्ने, पछि ठुलो भएपछि ल्याउला या यही त आउंछ नी बाबु यहां नआएर कहां जाला ? भन्ने जस्ता सतही र उत्तरदायित्वबाट पन्छिएको जस्तो उत्तर पाईयो । तसर्थ कसले आफ्ना बालबच्चाको लागि कानुनले तोके बमोजिमको के कस्तो व्यावहार गरेको तथा कर्तव्य निभाएको छ भन्ने सन्दर्भमा कानुनी अनुगमन तथा मुल्यांकन गरेमात्र बालबच्चालाई केही हद सम्म राहत मिल्ने देखिन्छ । अन्यथा देशको निम्ति भविश्यका कर्णधारको रुपमा रहेका बालबच्चाले अचेलको सम्बन्धविच्छेद गर्ने बढ्दो प्रवृत्तिबाट भोलीको दिनमा झनै ठुलो समस्या नल्याउलान भन्न सकिन्न ।

**५.३ सम्बन्धविच्छेद पछिको अवस्थाहरु**

जसरी विवाहाबाट एक पुरुष र एक महिला बीचको सम्बन्ध जोडिई एउटा परिवार बन्छ । त्यसरी सम्बन्धविच्छेद पश्चात्त दुवै श्रीमान श्रीमती अलग हुनुपर्छ । ती अलग्गिएका श्रीमान वा श्रीमती जो भए पनि उनीहरुले पुन नयां जीवनको सुरुवातमा लाग्नुपर्छ । त्यसबेला उनीहरुले नयां अनुभव र नयां बातावरणमा रहनु पर्छ । बच्चाबच्ची भएका दम्पतीहरुमा त झन दुई मध्ये एकले ती निश्छल बालबच्चालाई त्याग्नै पर्ने स्थिती आउंछ या आउन सक्छ । सम्बन्धविच्छेद पश्चात कसैको घरमा टाढिएका वा दोस्रो विवाह गर्दा समेत नयां नयां परिस्थिती र वातावरणसंग जुझ्नु पर्ने अवस्था आउन सक्छ । हाम्रो जस्तो परम्परागत मुल्य मान्यता र संस्कारले ग्रसित समाजमा विशेषत महिलाहरुप्रति अनेक कुदृष्टि नपर्ने पनि होइनन् । पुरुषहरुमा पनि दोस्रो विवाहर्थ सम्बन्ध विच्छेदले केही शंका उपसंका उब्जाई अप्ठ्यारो नपार्ने भने होइन । जसबाट सम्बन्ध विच्छेदकर्ता महिला तथा पुरुषको सामाजिक स्तर र भुमिका मा फरक आउंछ या आउन सक्छ । जसबाट उनीहरुको बोल्ने, अरुको कुरालाई विशलेषण गर्ने, सोच्ने जस्ता कुराहरुमा पहिलेको भन्दा धेरै परिवर्तन आउंछ । नाता मा परिवर्तन आई त्यहि अनुसारको पुन व्यावहार गर्नु पर्ने हुन्छ । जसबाट समाजमा सकारात्मक तथा नकारात्मक या दुवै प्रभाव पर्न सक्छ । एक जना महिलासंगको अवैध सम्बन्धबाट बच्चा जन्मिसकेको अवस्थामा अझ विभिन्न संकट आउंछ । किनकी बालबच्चाको पालनपोषण, शिक्षा, दिक्षा, नागरिकताको सवाल लगायत सामाजिक मान्यता पाउने अन्य कुरामा

अत्यन्तै अप्ठ्यारो स्थिती आउन सक्छ । उल्लेखित विभिन्न कुराहरुबाट व्यक्तिमा अत्यन्तै अप्ठ्यारो स्थिती आउन सक्छ । उल्लेखित विभिन्न कुराहरुबाट व्यक्तिमा अत्यन्तै नैराश्यपन, पलायनवादी सोच, पारिवारिक बितृष्णा जस्ता परिस्थितीले समाजमा स्थान ओगट्न पुग्दा सिंगो सामाजिक संरचनामा परोक्ष वा अपरोक्षरुपमा अवरोध र जटिलताको स्थिती उत्पन्न हुन सक्छ । यी उल्लेखित आधारहरुलाई आधार बनाएर गरिएको यस अध्ययनमा पाइएका विभिन्न तथ्यगत घट्नाहरुलाई यस शीर्षक अन्तर्गत तालिका सहित विश्लेषण गरिएको छ । जसमा विशेषत: स्वयं सम्बन्धविच्छेदकर्ताहरुको सम्बन्धविच्छेद पछिको अवस्थिती र उनीहरुको बालबच्चामा परेका प्रभाव र पुनर्विवाह सम्बन्धिको स्थितीबारे व्याख्या गरिएको छ ।

सम्बन्धविच्छेदकर्ताहरुको सम्बन्धविच्छेद पछिको अवस्थितीलाई सामान्यरुपमा उल्लेख उल्लेख गर्नुपर्दा यिनीहरुको अनुभव मिश्रित देखिन्छ । कोही दम्पतीहरु सम्बन्धविच्छेद नगर्दा आफनो, परिवारको कुलकै इज्जत जाने, समाजमा आफुप्रति तल्लो दृष्टिले हेर्ने जसले गर्दा ज्युदै मरे जस्तो हुने र आफ्नो सम्पत्तिको सर्वनाश हुने आदि जस्ता कुराहरु पुरुष उत्तरदात्ताहरु बताउंछन् भने महिला उत्तरदाताहरु सम्बन्धविच्छेद नगरेको भए अनावश्यक कुटपिट सहनु पर्ने, शारिरीक मात्र नभएर मानसिक यातना खप्नु पर्ने, आफुरोगी बनी असमयमै आफ्नो भविश्य जे पनि हुन सक्ने, पशु झै दाम्लो ले बाधिंएर घरको चार दिवार भित्रमात्र सीमित हुनपर्ने, लोग्नेको पशुवत र हिंस्रक व्यावहारलाई सहन गर्न नसक्ने, बच्चाहरु कुनै पनि बखत मानसिक मात्र नभएर शारीरिक रुपमा समेत अपांग बन्न सक्ने भएकोले उनीहरुका लागि सम्बन्धविच्छेदले शान्तीको श्वास फेर्ने बातावरण सृजित गरिदिएको अनुभव छ । तर पनि उनीहरु सहन गर्ने र टिक्न सक्ने अवस्था भए र रहेसम्म सम्बन्धविच्छेद गर्नु ठीक चाही होइन भनी व्यक्त गर्छन् । कोही दम्पती भने आफ्नो वैवाहिक जीवन राम्रो संग बित्दै गरेकामा पारिवारिक कारणबाट नै आफुहरुलाई यन्त्र बनाएर परिवारहरुले चाहे बमोजिम प्रयोग गरेको बताउदै खिन्नता व्यक्त गर्छन । उनीहरु अझ अगाडी अलि दृढ भएर भन्छन् “सुकेको घाउ नउक्काउनुहोस” “जे भयो भयो अब ती कुरा नगरौ” आदि आदि ।

आफ्नो बालबच्चाको बर्तमान र भविष्यको सन्दर्भमा सम्बन्धविच्छेदकर्ता दम्पतीहरुमा पुरुष भन्दा महिलाहरु अत्यन्तै चिन्तित भएको पाईयो । ती अबोध, चंचल, ठुला र विवाहित बालबच्चा या सन्तानसंग सामान्य कुराकानी गरी तिनीहरुको मनोस्थिती बुझ्दा, व्यापक छलफल र अवलोकित गर्दा तिनिहरुमा उनीहरुले उनीहरुले पाउनु पर्ने पारिवारिक वात्सल्य काख, न्यानो मायां, उचित मार्गनिर्देशन खानपिन, उचित शिक्षा दिक्षा, मनोवृत्ति, बोलचाल, कार्यव्यवहार, सामाजिकीकरणको स्थिती जस्ता पक्षहरुमा अत्यन्तै दयनीय मर्माहत, निस्कृयताको अतिरिक्त अत्यन्तै संकटपुर्ण

स्थितीमा उनीहरु रहेको पाइयो । जसमा १ दम्पत्तिका छोराहरु (२जना) केही विद्रोही स्वाभावका र आवारा समेत देखिए । उनीहरु प्रति छिमेकी या समाजका केही बुज्रुक र उमेरले परिपक्क मान्छेहरुले मुखमा सहानुभुति दिएपनि कोही कसैले व्यंगात्मक बचन र अक्सर समकालिन साथीहरुबाट होच्याइएको अनुभव अवलोकनको कममा महसुस गरियो । सम्बन्धविच्छेद पश्चात सबै दम्पतीहरुमा पुनर्विवाहको निम्ति कठिनाई भएको भने पाइएन । जसमा अधिकांश पुरुषहरु पुनर्विवाहमा बाधिएका छन् । तर महिलाहरुमा भने केही सांस्कृतिक हैसियत खस्किएको अनुभव शोधकर्ताको छ । यहां पारपाचुके गर्ने प्रायजसो महिला हिन्दु भएकोले र ती उत्तरदाताहरुको टोलछिमेकमा समेत हिन्दुधर्मावलम्वी भए पनि पुनर्विवाहको निम्ति महिलाहरुलाई समेत सामाजिक मान्यता नभएको भने देखिएन । तर केही महिलाहरुमा भने पुनर्विवाहका आ-आफ्नै समस्या रहेका छन् ।

हाम्रो समाज पितृसत्तात्मक सोच, मुल्य, मान्यता अनुसार चल्ने हुंदा हरेक कार्यमा पुरुषहरुकै हैकम बढी देखिन्छ । परिणामस्वरुप समाजका आर्थिक, सामाजिक र सांस्कृतिक पक्ष या कार्यहरुमा पुरुषहरुको नै अधिपत्य बढी रहंदा शिक्षित र आत्मनिर्भर महिलाहरु बाहेक अधिकांश महिलाहरु लोग्नेसंग नै निर्भर हुने र सम्बन्धविच्छेद पछि समेत समाजमा पुनर्स्थापित हुन पुरुषलाई जस्तो सजिलो उनीहरुलाई छैन । यस्तो अवस्थामा महिलाहरुलाई विभिन्न सृजित अप्ठ्यारा परिस्थितीहरुसंग उनीहरुले मुकाविला गर्नुपर्ने हुन्छ । यसै सम्बन्धमा J.N. Chaudhary को अध्ययनको निष्कर्ष छ । Some couple pass through some bitter experiences, some couple find that a period of separation permits them to become fond of each other. But after an interval of good will they again become hostile. In this way their positive & negative feeling seem to alternate. (J.N. Chaudhary op. cit P. 120) यसरी जे.एन. चौधरीको अनुसार सम्बन्धविच्छेदकर्तामा सम्बन्धविच्छेद पछि एउटै अवस्थाको मात्र सिर्जना नगरी विभिन्न अवस्थाको सिर्जना गर्छ । जसबाट समष्टीमा सकारात्मक या नकारात्मक अनुभव भएको देखिन्छ । यसर्थ सम्बन्धविच्छेद पछिका अवस्थाहरुमा या स्वयं सम्बन्धविच्छेदकर्ताको या उनीहरुका बालबच्चाको उचित लालनपालन र शिक्षा दिक्षाको स्थिती होस् । यसले केही न केही समस्याहरु उब्जाएकै हुन्छ । यि विविध पक्षहरुलाई समावेश गर्दै यस अध्ययनमा तालिका सहित देखाइएको छ ।

### ५.३.१ सम्बन्धविच्छेद पछि सम्बन्धविच्छेदकर्ता दम्पतीको अनुभव र धारणाः

वैवाहिक सम्बन्धबाट विच्छेद हुन पुगेपछि कुनै पनि व्यक्ति खास गरी महिलाहरुको जीवनमा केही उथल पुथल भएको हुन्छ । जसबाट कुनै महिला दु:खी, कुनै सुखी र कुनै ठिकै भएको महसुस गर्छन् । यहि कुरालाई बुझ्न सम्बन्धविच्छेद पछिको स्थितिको बारे तल तालिकामा प्रष्ट पारिएको छ ।

**तालिका नं.५.३.१. : सम्बन्धविच्छेद पछि दम्पतीको आफ्नो धारणाः**

| सम्बन्धविच्छेद पछिको अनुभव | संख्या | प्रतिशत |
|---|---|---|
| दु:खी भएको अनुभव गरेको | ३ | १५ |
| सुखी भएको अनुभव गरेको | ८ | ४० |
| ठिकै भएको अनुभव गरेको | ९ | ४५ |
| जम्मा | २० | १०० |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार सम्बन्धविच्छेद पछि दुखि भएको अनुभव गरेको महिला जम्मा ३ जना रहेका छन् । जसमा पारिवारिक दुर्घटनाको उपजको रुपमा सम्बन्धविच्छेदलाई लिएको महिला उत्तरदाताहरु बताउंछन् । सम्बन्धविच्छेद पछि सुखी भएको अनुभव गरेकोमा ८ जना महिला रहेका छन्, उनीहरुका अनुसार श्रीमानको र त्यस घर परिवारको हिंस्रक र पशुवत व्यावहार, कार्यशैली, बन्धन जस्ता पक्षहरुबाट आफुले शान्तिको श्वास फेरेको बताउंदै अहिलेको जीवन सुखी भएको बताउछंन् । यस घटनामा विशेषत: मागी विवाह, त्यसपछि प्रेमविवाहद्धारा बांधिएका तर शिक्षित अशिक्षित दुवै तहका महिलाहरु रहेका छन् । त्यसै गरी ९ जना महिला भने सम्बन्ध विच्छेदपछि ठिकै अनुभव गरेको बताउंछन् । यो ठिकै भन्नेमा विशेषत: बालबच्चा भएका महिलाहरु छन् ।

**५.३.२.: सम्बन्धविच्छेदले सन्तानलाई पार्ने प्रभावबारे सम्बन्धविच्छेदकर्ताको अनुभव**

दम्पतिहरु बीचको सम्बन्धविच्छेदले बालबालिकामा पारेको प्रभाव बारे उल्लेख गर्नु अगाडि ती आमाबाबुको विचारमा उनीहरुको सम्बन्धविच्छेदले सन्तानमा राम्रो नराम्रो कस्तो प्रभाव पारेको महसुस गर्नु भएको छ भनि प्रश्न सोधिएको थियो । जसबारे तल तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ५.३.२.:सम्बन्धविच्छेदले सन्तानलाई पार्ने प्रभावबारे सम्बन्धविच्छेदकर्ताको अनुभव तालिका

| सम्बन्धविच्छेदले सन्तानलाई पार्ने प्रभाव | श्रीमान | | श्रीमती | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| सम्बन्धविच्छेदले सन्तानलाई नराम्रो प्रभाव पार्ने | ४ | २८.५८ | ५ | ३५.७१ |
| सम्बन्धविच्छेदले सन्तानलाई राम्रो प्रभाव पार्ने | ५ | ३५.७१ | ५ | ३५.७१ |
| सो बारे आफुहरुलाई थाहा नभएको | ५ | ३५.७१ | ४ | २८.५८ |
| जम्मा | १४ | १०० | १४ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार सम्बन्धविच्छेदकर्ता पुरुष र महिलाको सम्बन्धविच्छेदबाट बालबच्चालाई राम्रो प्रभाव पारेको, नराम्रो प्रभाव पारेको र सो बारे आफुहरुलाई थाहा नभएको भन्नेमा सबैको एउटै भनाई पाईएन । सम्बन्धविच्छेदले सन्तानलाई नराम्रो प्रभाव पार्ने भन्नेमा पुरुष २८.५८ प्रतिशत र महिला ३५.७१ प्रतिशत , राम्रो प्रभाव पार्ने भन्नेमा पुरुष तथा महिला दुवैमा ३५.७१ प्रतिशत देखिए । अर्कोतिर यसबारे आफुहरुलाई थाहा नभएको भन्नेमा क्रमश: पुरुषहरु ३५.७१ प्रतिशत र महिलाहरु २८.५८ प्रतिशत देखिए । यसबाट के प्रष्ट हुन्छ भने आफ्ना बालबच्चाप्रति पुरुषहरु भन्दा महिलाहरु बढि चिन्तित र संवेदनशील भएका देखिन्छन् ।

यसर्थ उल्लेखित अध्ययनको तालिकाबाट र त्यसको विश्लेषणबाट के प्रष्ट हुन्छ भने बास्तवमा अध्ययन क्षेत्रका महिलाहरुले रहरले र फेसनको रुपमा सम्बन्धविच्छेद गरेको पटक्कै देखिदैन । यो उनीहरुको वाध्यता हो । सहन गर्ने हदसम्म सही बसेको तर सीमा नै नाघेको देखिंदा सम्बन्धविच्छेद गर्नु पर्ने बाध्यता भएको उनीहरुको भनाई बाट प्रष्ट हुन्छ र अधिकांश महिलाहरुमा

सम्बन्धविच्छेद पछि उनीहरुको स्थितिमा त्यस्तो नराम्रो अनुभव नपाइदा यसले उनीहरुमा वाह्यरुपमा राहत पुऱ्याएको देखिन आउंछ ।

### ५.३.३.सम्बन्ध विच्छेदपछी बसोबास÷पुनर्विवाहको स्थिती:

स्वभाविक कुरा हो कि जब कुनै दम्पत्तिको सम्बन्धविच्छेद हुन्छ तब ऊ कि त वैवाहिक जीवनबाट टाढिएर अलग या आफ्नै उदगमको परिवारसंग बस्नुपर्ने हुन्छ या पुनर्विवाह गरेर नयां परिवारको सृजना गरेर बस्नुपर्छ । यसरी बस्ता या रहदां श्रीमान या श्रीमती दुवैलाई नयां नयां परिर्स्थिति र वातावरणसंग पौठेजोरी खेल्नै पर्ने हुन्छ । जसबाट सामान्यतया पुरुषलाई भन्दा महिलालाई हाम्रो समाजमा पुनस्थापित हुन गाह्रै हुने अनुमान गर्न सकिन्छ । यी कुरालाई मध्यनजर राखी यहां सम्बन्धविच्छेद कर्ताहरुको सम्बन्धविच्छेदपछि बसोबासको प्रकार या पुनर्विवाह बारे तल तालिकामा देखाइएको छ ।

**तलिका नं.५.३.३.: सम्बन्धविच्छेदपछिको बसोबास/पुनर्विवाहको स्थिती:**

| बसोबासको प्रकार | पुरुष | | महिला | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| आमावाबु या माइतीसंग | ५ | २५ | ९ | ४५ |
| नयां दम्पतिसंग पुनर्विवाह | ११ | ५५ | ७ | ३५ |
| अन्य | ४ | २० | ४ | २० |
| जम्मा | २० | १०० | २० | १०० |

श्रोत: स्थलगत सर्वेक्षण, २०७३ ।

उल्लेखित तालिकाबाट के स्पष्ट हुन्छ भने तुलनात्मक रुपमा महिलाहरुमा भन्दा पुरुषहरुमा पुनर्विवाह बढी भएको देखियो । यहां पुनर्विवाह गर्ने ११ जना पुरुषहरु देखिएका छन भने महिलाहरु ७ जना मात्र छन् । यी पुरुष तथा महिलाहरु मध्ये केही पुरुषहरुले सम्बन्धविच्छेद पुर्व नै विवाह गरेका थिए भने केहि महिलाहरुको पनि कसैसंग दोश्रो विवाह गर्ने पक्कापक्की गरेको बुझिन्छ । यस्ता महिलाहरुको सम्बन्धविच्छेद हुनु अघिका कियाकलापबाट पनि वैवाहिक सम्बन्धको अन्त्य भएको अनुमान गर्न सकिन्छ ।

त्यसैगरी सबन्धविच्छेद गर्ने दम्पतिहरु मध्ये विवाहनगरी आमाबाबु या अन्य परिवारका सदस्य संग बस्ने पुरुषको संख्या ५ जना रहेको छ । यस्ता पुरुषहरु बढि मादकपदार्थ सेवन गर्ने, क्रोधि जस्तो व्यावहार अपनाउने, मानसिक संतुलन गडबड भएजस्तो लाग्ने, सम्पत्ति मासेका, बोल्दा भकभकाउने आदि व्यावहार तथा चरित्र भएका देखिए भने महिलाहरुमा ९ जना माइती र ( आमाबाबुको घरमा) बसेका छन् । उनीहरु कोही आत्मनिर्भर भई आफ्ना बच्चाबच्चीलाई समेत शिक्षा दिक्षाको व्यावस्था गरेका छन् । कोही ज्यालादारीमा दैनिक काम गरेर केटाकेटी हुर्काउने दयनीय स्थितिका छन् । कोही सिलाई कटाई तालिम लिएका र कोही स-सानो पसल चलाएर बसेका, कोही घरेलुमा काम गर्ने र कोही पढ्दै गरेका छन् । यिनीहरु संग कुरा बुझ्दा अधिकांश पुनर्विवाह (Remarriage) को मनस्थितिमा छन् भने कोही विवाह भन्ने शब्द प्रति नै घृणा गर्छन् । तर विवाह नै नगरी बस्न हाम्रो जस्तो समाजमा त्यति सजिलो भने छैन । यसको कारण बुझ्न खोज्दा सम्भवत उनीहरु निर्दोष थिए । अन्यमा भने लोग्ने ४ जना र स्वास्नी ४ जना छन् । यसमा उनीहरु प्राय: एक्लै बसेका  छन् । यसमा ४ जना पुरुष एक्लै काम गर्दै खान्छन् । २ जनाको कुनै निश्चित ठेगाना पाउन गाह्रो छ । त्यसैगरी महिलाहरुमा २ जना आफुमा आत्मानिर्भर रही बसेका छन् । त्यसमध्ये १ जनाले बालबच्चालाई समेत हुर्काएका छन् । उनीहरुलाई आफ्नो बाबुआमाको आर्थिक सहयोग नभएपनि अनय सहयोग छ भने १ जना महिलाहरु छुट्टै घरमा बसेका छन् ।

यसरी सम्बन्धविच्छेद बाध्यताले होस या आफ्नै मन-मर्जीबाट उब्जिएको महत्वकांक्षा या दम्भले होस । त्यसबाट दाम्पत्य जीवनमा केही न केही नकारात्मकताको प्रभाव परेको हुन्छ भन्न सकिन्छ । तर उनीहरुको भन्दा उनीहरुको निर्दोष बालबच्चाहरुमा भने सम्बन्ध विच्छेदले प्राय नकारात्मक प्रभाव पारेको छ ।

### ५.४ सम्बन्धविच्छेदबाट बालबच्चामा परेको प्रभावहरु

दाम्पत्य जीवनमा जब टिक्नै नसक्ने अवस्था या उच्च महत्वकांक्षांले स्थान लिने गर्छ । तब श्रीमान श्रीमती बीच सम्बन्धविच्छेद हुन्छ । त्यतिबेला उनीहरुले आफ्नो बालबालिकाहरु र उनीहरुको भविष्यप्रति गम्भिर भएर नसोची या गौणरुपमा लिई आफुहरु विचको द्वन्दलाई नै बढी प्राथमिकता दिन्छन् । यसरी गलत प्रकृयाबाट सिर्जना गरिएको कौटुम्बिकताका हरेक अवाञ्छनिय, मनोलहड या त्रुटिपुर्ण व्यावहार या क्रियाकलापले परोक्ष या अपरोक्षरुपमा उनीहरुका परिवारको बृद्ध सदस्याहरु र निर्दोष बालबालिकामा असर पुरयाउछ र विशेषत ती अवोध निश्चल बालबालिकाको बर्तमान र भविष्यप्रति नै हरेक काम कुरामा हार्दिक सम्मतिलाई लत्याएर जबरजस्ती दाम्पत्य

जीवनको गाडीलाई अगाडी गुडाउन पति पत्नीबिच सहअस्तित्व र संतुलित यौनिकताको बातावरण नभए या नमिलाइएपछि दाम्पत्यजीवनमा एउटा गाडीका दुई पाङग्राहरु बिच द्वन्द उत्पन्न हुन्छ । त्यस द्वन्दले परिवारका बालबालिकामात्र नभएर युवा र वृद्धहरुलाई समेत सामाजिक र मनोवैज्ञानिक प्रभाव नपारि छोड्दैन । बालकहरुमा त गम्भिर चोट पर्ने छदैछ । भने वृद्धहरुमा आफुहरुलाई संतोष दिलाई पालित हुने अवस्थामा आफ्ना सन्ततिको कियाकलापबाट सिर्जिएको अस्थिर जीवनले उनीहरुआफैलाई चिन्ताको भुमरिमा खसाल्छन् । जसबाट अप्रिय घटना पनि घट्न सक्छ ।

बच्चाहरु भनेका कच्चा पदार्थ हुन । उनीहरुलाई जुनसुकै उत्पादनमा पनि लगाउन सकिन्छ । तसर्थ जब श्रीमान श्रीमती विचको सम्बन्धबिच्छेद हुन्छ तब बालबच्चाहरु कि त आमासंग, कि बाबुसंग, बाबु या आमा पुनर्विवाहित भएर आ-आफ्नो दिशातिर लागे भने उनीहरु हजुरबा, हजुरआमा, काका, मामा, आदिसंग बस्न बाध्य हुन्छन् । त्यसबेला उनीहरुको लालनपालन शिक्षादिक्षा, स्वास्थ्य, उपचार लगायत यावत कुराहरुमा केही न केही भिन्नता उनीहरुप्रति गरिएकै हुन्छ । बास्तवमा यी बालबच्चाहरु जन्म दिने बाबु-आमा जिवित भएर पनि कर्म दिने सवालमा यि अनाथ टुहुरा जस्ता देखिन्छन् । बाबु-आमा मरेर टुहुरो भएका बालबच्चाप्रति हाम्रो समाजले एकप्रकारको समबेदना र सहानुभुति दर्शाउछ नै तर यि कृत्तिम तरिकाबाट टुहुरा बनाइएका बालबच्चाहरु प्रति त समाजको दृष्टि समवेदना र सहानुभुतिको नभई हेपाह, घृणात्मक र व्याङ्ग्यात्मक दृष्टि देखिएका छन् । जसबाट बालबालिकामा मनोवैज्ञानिक नकारात्मक प्रभाव परेको सहजै अनुमान गर्न सकिन्छ । ती बालबालिकाहरु लगायत यस अध्ययनमा देखिएका युवा-युवतीसमेत वास्तवमा बाबु-आमाको मायां के हो भन्ने कुरा बुझ्न नसकि परिवार र समाजप्रति नै ससंकित छन् । उनीहरु उपर सकेसम्म सहयोगको भावना नभई शोषणको माध्यम अपनाइएकोले उनीहरुले पनि अरुप्रति त्यस्तै व्यावहार गरी आफ्नो बर्चस्व जमाउन खोजेका पनि देखिए । यसर्थ सम्बन्धविच्छेदकर्ताहरुका सन्तान माथि पर्न गएका प्रभावहरुलाई तल तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ५.४.१.: सम्बन्ध विच्छेदकर्ताहरुका प्रभावित बालबच्चहरुको आँकडा

| बालबच्चहरुमा देखिएको असर | प्रभावित जम्मा संख्या :२१ | प्रभावित प्रतिशत |
|---|---|---|
| अभिभावक प्रति अपनत्व नभएको | २१ | १०० |
| नैराश्यताले ढाकेको/डरपोक | १८ | ८५.७१ |
| अटेरी र क्रोधिपन | १५ | ७१.४२ |
| एकलकाटेपन/उदासीपन | १२ | ५७.१४ |
| गैर जिम्मेवारी प्रकृति | ९ | ४२.८६ |
| मानसिक रुपमा दविएको/निश्क्रियता | १६ | ७६.१९ |
| भावुक/जिज्ञासु, सहिष्णु र संयमित | १५ | ७१.४२ |

श्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. ५.४.१ मा १० दम्पतीका २१ जना सन्तानहरुमा शत प्रतिशत सबै बालबच्चा अभिभावकप्रति अपनत्व नभएका देखिए । सबैले केही न केहीरुपमा आमा या बाबुप्रति नकारात्मकता राख्छन् । किनकी यसमा कुनै पनि सन्तान आमा र बाबुसंग हुर्कने वातावरण भएन । यिनीहरु कोही आमासंग छन भने कोही बाबुसंग छन् । तसर्थ यिनीहरु आफ्नो आमा बाबुप्रति समानरुपले आफ्नोपना राखेको देखिदैन । एक पक्षप्रति लचिलो र अर्को पक्षप्रति कठोर भएको वा त्यसबारेमा बोल्नै नचाहने छन् । केही बालकहरु मावलीमा हुर्केकाले बाजे लाई बुवा भन्ने र

बाबुसंग रहेकाले हजुरआमा लाई आमा भन्दछन् । उनीहरुमा नजानिदो पाराले पनि बुवा आमा प्रति अनभिज्ञता या नकारात्मकता भएको पाइयो ।

अध्ययनमा सामेल कुल १० बटा घट्नाहरु मध्ये छोरी ३ र छोरा १ जनासम्म भएका तथा समग्रतामा २१ जना सन्तान मध्ये १२ जना छोरी र ९ जना छोरा क्रमश ५७.१४ प्रतिशत छोरी र ४२.४६ प्रतिशत छोराहरु बारेको अध्ययनलाई यहां तथ्यगतरुपमा प्रस्तुत गर्ने सन्दर्भमा ४ घट्नाको ९ सन्तानलाई आमाले, २ घट्नाको ५ सन्तानलाई बाबु या बाबुपक्षकाले १ घट्नाको १ सन्तानलाई ठुलो बुवा ठुली आमाले २ घट्नाका ४ सन्तान मावलीसंग, १ घट्नाका २ सन्तान भने आफैसंग निर्भर रही विवाह समेत गरिसकेका छन् ।

यसमा नैराश्यताले ढाकेको १८ बालबालिका (८५.७१ प्रतिशत) रहेका छन् । यिनीहरु मध्ये प्रायलाई सोधकर्ताले अवलोकन र कसै-कसैसंग अनौपचारिक कुराकानी समेत गरेको थियो । वास्तवमा उल्लेखित संख्याको बालबालिकाहरुमा केही गरौ भन्ने उत्साहवर्धक हिम्मत देखिएन । ४ जना बालबालिकाहरु फुटबल र क्रिकेट खेलखेलिरहदा उनीहरुले जित्ने प्रवल सम्भावना हुदाहुदै पनि हार्ने, अनि खेल खेल्दिन भन्ने, साथिहरुले तानेर लैजादा जाने जस्ता अवलोकन गर्ने मौका मिल्यो । अनि उनीहरुसंग बाबु नानी तिमी यो गर्न सक्छौ ? भन्दा कुन्नी भन्ने र अन्य पढाई लगायतका कुरा गर्दा नबोल्ने, भुइमा कोरिरहने, उनीहरुका छिमेकीहरुले “यि बालबच्चाको मुखमा हामीले प्राय चन्द्रमा देख्दैनौ । आफु बिमारी पनि हुदैन” जस्ता कुराहरु गर्दा विचराहरुको अन्तरआत्मामा प्रकाशको उज्यालो नपरेको अनुभव भयो । अन्य ३ जना बालबालिकासंग भेट्ने र कुराकानी गर्ने क्रममा उनीहरु भन्छन् “हामीहरु त धेरै पढ्न सक्तैनौ, हामीलाई कसले पढाउछ, हामी त जन्मैदेखी अभागी भएको रे, हामीले गर्दा नै हाम्रो बाउ आमा छुट्टाछुट्टै बस्नु परेको ..................” आदि आदि कुरा गर्दा उनीहरु मुखमा हेरेर हैन भुई हेरेर (घोप्टो परेर) बोलेका थिए र पछि बरर आशु झारे ।

यिनीहरुसंग करिव ५ घण्टा बस्दा वास्तवमा उमेरले ७, ८ र १० वर्षका बच्चाबच्चीको भनाई आफैमा मार्मिक, करुणमय र नैरास्यताले ढाकेको छ । ती मध्ये १ जना पढ्नमा राम्रो भएपनि पढाइसम्बन्धी उनको केही उत्साहवर्धक लक्ष्य देखिदैन । अन्य ४ जना लड्नमा बलियो र उमेरले जेठो भएपनि आफुभन्दा साना देखि डराउने भाग्ने गर्छन र अरु केटाकेटी नजिक आए आफुहरुलाई कुट्न आएको भनी उनीहरु रुने गर्छन । त्यसबेला उनीहरुको पक्षमा बोल्ने अभिभावक प्राय कोही

हुदैनन् । यदि भएपनि अन्य दमनकारी बालबच्चाहरुलाई केही नभन्ने भएकोले आफु क्षमतावान र सक्षम हुदा हुदै पनि डराउने गर्छन् । यसबाट उनीहरुमा आत्मविश्वासको कमी देखिन्छ । अन्य बांकी ४ जना भने पढ्दैनन् । लगाएको काम खुरुखुरु गर्छन् र सापेक्षिक रुपमा कम बोल्छन् ।

१५ जना (७१.४२ प्रतिशत) बालबालिकाहरु अभिभावकले भनेको कुरा अटेर गर्ने, अभिभावकहरु  रिसाए उनीहरु पनि रिसाउने र नकारात्मक कार्य गर्ने प्रवृत्तिका भेटिए । यि बालबालिकाहरुमध्ये ७ जना (३३.३३ प्रतिशत) आमाको संरक्षकत्व मा रहेका छन भने ३ जना मावलीमा (१४.२८ प्रतिशत) र ४ जना (१९.०४ प्रतिशत) बाबुको परिवारमा रहेका छन् । १ (४.७६ प्रतिशत) जना ठूलो वुवासंग बस्छन् । यी सम्पुर्ण बच्चाहरुको उमेर ४ वर्ष नाघिसकेको छ । बाबुपक्ष संग बस्ने बालबालिकाहरुमा १ जनाको मात्र सौतेनी आमा छिन । यि बालबालिकाहरु आमा बाबु या परिवारका सदस्यहरुले भनेको कुरा सुनेको नसुन्यै गर्ने, अभिभावकको मुख मुख लाग्ने र अभिभावकहरु पिट्न आए नभाग्ने मनस्थितीमा हुने , प्रत्यक्ष रुपमा सोधकर्तालाई अवलोकन गर्ने मौका मिल्यो । यदि परिवारका अभिभावक या सदस्यले पिटे सांझ या दिउसो भरी घरमा नआउने, खाना खान समेत इन्कार गर्ने, आफ्नै तवरबाट बरालिने, कुनै ठाउंमा गएर लिन जादा सकभर नबोल्ने, बोले पनि कम बोल्ने, जाउ भन्दा जान्न भनेर अडिड् कस्ने जस्ता व्यावहार भएको बालबच्चाको आमाबाबु उनीहरुका परिवारका सदस्यहरु र छिमेकीहरु बताउंछन् ।

बाहिर कसैले गाली गऱ्यो या पिट्यो भने पनि घरमा घरमा नभन्ने कुरा संबन्धित बालबालिकाका अभिभावकहरु बताउँछन् । २ सन्तानकी आमा आफ्नो ७ बर्षे छोराको बारेमा भन्छिन् "एक दिन उसलाई टाउकामा कसैले ढुङ्गाले हानेछ, ठुलै चोट लागेको रहेछ । टोपी लगाउने हुंदा समयमा थाहा पाइन । त्यसको करिब दुईदिन पछि मात्र राती सुतेको बेला देखेको, उनै सन्तानको लागी लोग्नेले संग छुटिए पनि अर्को विवाह नगरी माइत बसेको तर छोरा छोरी को तेस्तो पराई स्वाभाव देखेर दिक्क लाग्छ" भनी अश्रुपुर्ण धारा सहित रोइन् । वास्तवमा विचरी महिलाहरु त्यस्तो आफ्ना सन्तानको व्यावहार देखेर अति चिन्तित देखिन्छन् । उनीहरु अप्रत्यक्षरुपमा आफ्नो सन्तानको व्यावहार बाट माइतीपक्षले नराम्रो मान्ने समेत घुमाउरो पारामा व्यक्त्त गर्छिन् ।

यसै सन्दर्भमा ६ पढ्ने १४ वर्षे केटासंग सोधकर्ताले केही अनौपचारिक कुरा गर्दा उक्त केटा भन्छन् कि "जसरी म र २ जना बहिनी सहित आमालाई मेरो बुवाले छोड्यो, ठुलो भए पछि म बदला लिनेछु र म उसबाट अंश झिकी उसलाई दण्ड दिनेछु । "त्यो मेरो बुवा होइन त्यो राक्षस

हो" । जब मेरो आमा पहिलेको कुरा सम्भी-सम्भी म र मेरो साथीलाई हेर्नुहुन्छ । उहां रुनुहुन्छ । म राम्रो खाना नपाए, राम्रो लगाउन नपाए पनि मलाई कसैले हेप्दैन । म मेरो आमाको लागि बाचेको छु भन्ने बदला र आबेश का आदि आदि कुराहरु सगै मनमा बाबुप्रति बदलाको भावना लिएर ति बच्चाहरु हुर्किरहेको पाइयो । साथै यि बच्चाहरु रिस उठे पछि भाडाकुडा पछार्ने लगायत अन्य क्रियाकलापमा समेत उदण्ड भएको कुरा उनीहरुका अभिभावक बताउंछन् ।

वास्तवमा यि बालबालिका बारे आफ्ना अभिभावकको कुरा सुन्दा र यिनीहरुसंग अनौपचारिक कुरा गर्दा यिनीहरुमा अटेरी र क्रोधीपन प्रसस्तै देखिन्छ । यिनीहरुमा प्राय केही गरी छाड्ने आत्मविश्वास समेत देखिन्छ । यिनीहरु आफ्नो बाहुबलमा बढि निर्भर देखिन्छन् । सोधकर्ता मनोविज्ञानको विधार्थी नभएको हुदा मनोबैज्ञानिक रुपमा यी कुराहरुको विश्लेषण गर्न असमर्थ छ । तर जे होस् यसबाट भोली समाजमा नकारात्मक असर नपर्ला भन्न सकिन्न । विस्तारै उमेर चढ्दै गएपछि विशेषत यि बालबालिकाहरुको आ-आफ्ना बुवा प्रति सकारात्मक धारणा नवन्ला भनी ठोकुवा गर्न नसकिएपनि सामिप्यतामा बाधिंन पनि अलिक गाह्रो पर्छ कि ! साथै यि अटेरी र क्रोधी व्यावहारका बच्चाहरु यस्तै हुदै जाने हो भने उनीहरुको परिवार र समाजसंग समेत प्रत्यक्ष अप्रत्यक्ष रुपमा द्वन्द हुन सक्छ । जसबाट व्यक्ति परिवार मात्र नभएर सिंगो समाज प्रभावित हुन्छ ।

अध्ययनको क्रममा १३ जना (६१.९० प्रतिशत) बालबालिकाहरु भने सामुहिकतामा आफुलाई घुलमिल गराउन नचाहने र उदासी किसिमका देखिए या भेटिए । जसमा ६ जना (२८.५७ प्रतिशत) बालबालिका बुवाको वा बुवापक्षकाको संरक्षणमा छन् । जहाँ अधिकांशको सौतेनी आमा भित्रयाइएकी छिन र उनीहरुबाट बालबच्चाको जन्म पनि भइसकेको छ । ४ जना (१९.०४ प्रतिशत) आमाको संरक्षकत्वमा छ । यसमा पनि अधिकांश आमाले पुनर्विवाह गरिसकेका छन् । अन्य ५ जना अन्य आफन्तसंग या आफ्नै परिवारसंग रहेका छन् । यि बच्चादेखि विवाहित सन्तानहरुभने सामुहिक कार्य गर्दा समेत नवोल्ने तर कसैले केही घोचपेच गरे भने वम्कने गर्छन भन्ने कुरा घर परिवार र छिमेकी बताउंछन् । उनीहरु भन्छन् "यसले कसैलाई छुदैन, कसैले छोए यसले छोड्दैन" ।

विद्यालय नपढ्ने ४-५ वर्षका बच्चाहरुसमेत साथीहरुबाट टाढै रहने, एकैठाउंमा बसिरहने देखिए । भोक लागे भोक लाग्यो समेत नभन्ने उनीहरुका अभिभावकहरु बताउंछन् । स्कुल पढ्ने केही छात्रछात्राहरुमा पनि बालसुलभ चच्चलता, मनोरञ्जन, धेरै साथीबाट टाढा रहेको भेटिए । सोधकर्तालाई बालबच्चाहरु हेर्न विधालयमा समेत पुग्नु परेको थियो । जहां बालबच्चाहरुलाई

उनीहरुको बानी व्यहोरा बारे सोधपुछ गरिएको थियो । उनीहरु खेल खेल्न बाट समेत आफुलाई अलग्गै राख्छन् । एक जना २ कक्षामा पढ्ने करीव १० वर्षकी छात्रा भन्छिन "साथीहरुले तेरो आमा कहां छिन? किन तेरो आमा तलाई छोडी अर्कैसंग विवाह गरेकी ..... आदि आदि भन्दै सोद्धा म घुलमिल हुन चाहन्न भन्छिन भने अर्कोतिर ९ वर्षे केटो भने आफुलाई "ए विना बाउको छोरा" भनी आफुभन्दा ठुला केटाहरुले भनेको कुरा गम्भिररुपमा बडो मुश्किलसंग व्यक्त गर्छन् ।

वास्तवमा यि बालवालिकाहरुको कथा, व्याथा र वेदना त स्वयं आफैमा सीमित छ तर यी कथा व्याथा र वेदनालाई अरुहरुले नकोट्याउन् भन्नको निम्ति नै उनीहरु सामुहिकतामा सामेल हुन बन्चित रहेको सहजै अनुमान गर्न सकिन्छ । जसबाट यिनीहरुमा उदासीपनको भावनाले छाएको छ । साथीहरु बढि बनाए आ-आफ्नो स्थितीबारे थाहा पाउंछन र गिज्याउछन् भन्ने एक किसिमको त्रासले उनीहरुलाई छोएको छ । यस्ता बालबालिका १० कक्षासम्म पढेका पनि छन् । जो आमा बाबुको प्रसंग चलेका बेला कुरालाई मोड्ने, कुनै वहानामा एकछिनलाई त्यो ठाउं छोड्ने कुरा व्यक्त गर्छन् । स्वयं सोधकर्ता संग कुराकानी हुंदा समेत उनीहरु नवोल्ने पक्षमा थिए । टेस्ट पास गरेर एस.एल.सी. दिन तयार रहेका एक विधार्थी भन्छन् "कृपया बाबु आमाको नाम लिएर कुरा गर्दा म नै अर्कै संसारमा भए जस्तो लाग्छ । जति उमेर बढ्दै कक्षा चढ्दै गयो त्यति म मा संकुचितपना बढेको छ । श्रोत र साधनले भ्याए वा अन्य कुनै ठाउंमा काम पाइए मलाई नचिन्ने मान्छे र ठाउंमा गएर पढ्दथे या काम गर्थे तर मलाई चिन्ने ठाउं र मान्छे भएको ठाउंमा भने होइन" ।

यसबाट पनि प्रष्ट हुन्छ कि आमा बाबुको दाम्पत्य जीवनको विखण्डनले सन्तानमा कस्तो प्रभाव पार्दो रहेछ भनेर । जसबाट समाज पनि अछुतो रहन सक्तैन । त्यसैगरी ९ जना (४२.८६ प्रतिशत) सन्तानहरु गैरजिम्मेवार प्रवृतिका भेटिए । यिनीहरुमा आपसिक सदभाव र पारस्परिक मायां भन्ने कुरा लगभग देखिएन । सहयोग गर्ने भन्ने भावना यिनीहरुमा छैन । यिनीहरु मध्ये २ जना ( ९.५२ प्रतिशत) विवाहित छन् । यसमा १ जना महिला र १ जना पुरुष छन् । साथै पुरुष लफङ्गा र महिला क्वार क्वार कराइरहने बानी भएको छिमेकीले बताउनुका अतिरिक्त सोधकर्तालाई समेत कुराकानीको सन्दर्भमा र अवलोकनको माध्यमबाट समेत जानकारी वा महसुस भयो । वास्तवमा यति ठुला ठुला भए पनि यिनीहरुमा सहयोगको भावना र पारस्परिक माया भन्ने कुरालाई यिनीहरु द्धारा लत्याइएको हुंदा छिमेकीहरुको नजरमा यिनीहरु गिरेको थिए । मान्छे विरामी पर्दा समेत आफ्नो नजिकैको घरको छिमेकीलाई नहेर्नु ऐचों पैचो नचल्नु, आफ्नै सुरमा "माने मान नमाने

नमान्, म त तेरो जजमान्" भन्ने भावना उनीहरुको बुझियो । यिनीहरु मध्ये २ जना पुरुषले आमा बाबुलाई समेत हात हाल्न पछि नपरेको कुरा छिमेकी बताउंछन् । यिनीहरुलाई "आमा बाबुको व्यावहार राम्रो भए पो सन्तानको व्यावहार राम्रो होला" भन्न समेत छिमेकीहरु पछि पछि पर्दा रहेनछन् । २ जना केताकेटीमा पनि त्यसै असहयोगी र कुनै पनि काम बाट आफु पन्छिने बानी भएको भेट्टाइयो ।

त्यस्तै गरी १५ जना (७१.४२ प्रतिशत) बालबालिकाहरु मानसिक रुपमा दविएको या निस्क्रिय र भाबुक, सहिष्णु र संयमित भएको थाहा भयो । अधिकांश मानसिक रुपमा दविएको या निस्क्रिय भएका बालबालिका र एकलकाटेपन या उदसीपन भएका बालबालिकाहरु एउटैमा पर्न आउंछन् । अन्य २८.५८ प्रतिशत बालबालिकाहरु भने आफैमा सहिष्णु र संयमित हुदै भावुक भएका पाइए । २ जना बालबच्चा ९.५२ प्रतिशत बालबच्चा जो आमाको संरक्षणमा छन् । अझ आमाको आफ्नो तर्फको हजुरआमाबाबु को संरक्षणमा छन् । तिनीहरु लोग्ने स्वास्नीको झगडा या अन्य यस्तै देखे भने बडो गम्भिर हुदै रहने र त्यसको बाबजुद पढ्नमा समेत राम्रो श्रेणी ल्याउने कुरा अभिभावकहरु बताउंछन । सोधकर्तालाई समेत यो घट्ना घटेको ठाउंमा केही दिन बस्ने मौका मिलेको हुदा करिव ३ दिन २-४ घण्टा बालबालिकासंग हेलमेल हुने मौका मिलेको थियो ।

ति मध्ये एकजना भाई जो कक्षा ८ मा वोर्डिङ्ग पढ्छन् । आमाले विवाह गरेका छैनन् । ती बालबालिकाले महान व्यक्तिहरुको छोटो छोटो जीवन कथा पढ्दै तिनीहरुको बारेमा धेरै प्रसंगमा सोधकर्तासंग सोधेका थिए । साथै आफुपनि भविष्यमा त्यस्तै वन्ने कुरा पनि व्यक्त गरेका थिए । यी बच्चाहरु वास्तवमा आफु भन्दा ठुलालाई आदर, सम्मान र मान मर्यादा राख्नुका साथै अत्यन्तै सहिष्णु संयमित रहेको उनका अभिभावकले मात्र भन्न भ्याएनन् । सोधकर्तालाई समेत जान्ने र क्षणिक रुपमा अवलोकन गर्ने मौका मिल्यो । यसका साथै यी बालबलिकाहरु जिज्ञासु समेत रहेको पाइयो । तर यि बालबच्चाहरु पनि कोही सहिष्णु र संयमित थिए भने कोही भाबुक र जिज्ञासु र कोही मिश्रित । यि बालबच्चा अधिकांश आमाको संरक्षणमा रहेका छन् ।

वास्तवमा "बाबु मरेर सुरो र आमा मरेर टुहुरो", भने झै बाबुआमाको संरक्षण र वात्सल्यताबाट विमुख बालबालिकाहरु 'ज्युदोटुहुरो' अवश्य हुन्छन् । यि निश्चल, अवोध, बालबच्चाहरु आमाबाबुको वाध्यता, दम्भ र महत्वकांक्षाका सिकार हुनगई त्यस परिस्थतिबाट सिर्जित काढैकाढा र तरवारको धार जस्तो तिखो अत्यन्तै कष्टकर असजिलो र असहज सामाजिकीकरणमा हुर्कन बाध्य हुन्छन् । उनीहरु कोही यसमा अर्ध मुर्छित र मुर्छित हुन्छन् भने

कोही विषाक्त भएर रन्थनिन्छन् ।  कोही भने परिसथितिसंग जुझ्दै वहुतै होसियारी र बुद्धिमानीपुर्वक अगाडि बढ्न तम्तयार देखिन्छन् । यी बालबालिकाहरु आफ्नो वरिपरि केवल कालोबादलले ढाकेको मात्र देख्छन् र उनीहरुको संसार यस्तै होला भनी अनुमान गरी अरुप्रति विश्वशनियताको दृष्टिले कमै हेर्छन । बालबच्चाहरुलाई सुख र सुविधाको खाचो हुदैन जति सोहार्दपुर्ण र उर्जाशिल वात्सल्यको मांया र ममताको खाचो  पर्छ । जुन माया र ममताको डोरीले जीवनको गन्तव्यस्थानसम्म पुरयाउन सहयोग गर्छ । जुन माया र ममताको डोरीले जीवनको गन्तव्यस्थानसम्म पु¥याउन सहयोग गर्छ । व्यक्तिले आफुप्रति आमाबाबु या अन्यबाट कस्तो व्यावहार गरिएको छ । आफु कस्तो वातावरणमा हुर्क्यो । त्यही अनुसार उसले अरुप्रति पनि त्यस्तै व्यावहार दर्शाउंछ । जसबाट उसलाई बञ्चित हुन परेको छ भने कसरी उसले त्यो व्यवहार गर्न सक्ला ?

विशेषतः हाम्रो अध्ययनमा बढी बालबच्चा आमाको संरक्षकत्वमा हुर्किए पनि कतिपय बालबालिकाहरु आमाले चाहदा चाहदै पनि उनीहरुको अन्तरआत्माबाट सृजित माया, प्रेम र गर्नुपर्ने, निभाउनु पर्ने कर्तव्यबाट ती बालबच्चाहरु अलि टाढा हुन परेको छन, किनकी त्यहां आमाले अर्को पुरुषसंग विवाह गरेका छन् भने कोही मावलीको संरक्षकत्वमा छन् । बच्चाको स्याहारसुसार, लालनपालन, शिक्षा, स्वास्थ्यमा जति हुनुपर्ने र आ-आफ्नो चाहित व्यावहार सन्तानप्रति प्रदर्शित गर्न नसकिएको गुनासो आमाहरु व्यक्त गर्छन् । बाबुको संरक्षकत्वमा रहेका अधिकांश बालबलिकामा एकलकाटे निस्क्रियताले मात्र नछाएर मानसिक रुपमा थिचित, शोषित र दमित पनि छन् । बाबुले लाख कोशिश गरेपनि सन्तानहरुको उचित व्यवस्थापन र संबेदनपुर्ण स्याहारमा खाली ठाउं रहेको नै देखिन्छ । मनोबैज्ञानिकरुपमा पनि आमाबाट जति सन्तानलाई उर्जा र आत्मियता प्राप्त हुन्छ । त्यो आमा बाहेक जो सुकैबाट पनि हुनेमा शंका उत्पन्न हुन्छ ।

यी सबै शतप्रतिशत बालबच्चाहरु अभिभावकहरुप्रति अपनत्वबाट भने वञ्चित छन् । किनकी प्राय बाबुको संरक्षणमा हुर्केका बालबच्चाहरु आमाले भेट्न पाउदिनन् भने आमाको संरक्षणमा हुर्केका बालबच्चाहरु मध्ये एउटा घट्नाका दुई छोरी र एक छोरालाई बाबुले भेट्न पाएको कुरा आमा बताउछिन। तर बाबुले छोरीहरुलाई भने देखिनसहने र बाबुसंग कुटाकुट हुने समेत ती छोरीहरु बताउंछन् । वास्तवमा यी दम्पती (सम्बन्धविच्छेद भएका) अत्यन्तै निम्न वर्गका हुन र विवाह समेत अन्तरजातिय हो  र सम्बन्धविच्छेद पछि यी २ जनाले नै विवाह गरेका छैनन् । सायद यही भएर र सधै मादक पदार्थ सेवन गर्ने हुदा नशाको सुरमा कहिलेकाही हिड्दा बाटामा

मात्र नभएर घरमै भेट्छन । कारण उनको र उनको श्रीमतिको माइत ५ मिनेटको बाटो मात्र टाढा छ । नत्र भने अन्य बालबच्चाहरुले आमा बाबु दुवैलाई भेटी कुराकानी गर्ने सौभाग्य पाएका छैनन् ।

वास्तवमा आमाबाबुले नै एक अर्कालाई भेट्ने अवसर नदिने, भेट्न दिएमा छोराछोरी विग्रन्छन भन्ने धारणा सिर्जिएको नै छ । ती बच्चाहरु समेत आमा बाबुलाई अपशव्द प्रयोग गर्न समेत बांकी राख्दैनन् । यसमा विशेषत बाबुप्रति बढी नकारात्मक र अक्रामक देखिन्छन् । बालबच्चा, चाहे बुझेर भनेका हुन चाहे सिकाएको भरमा नबुझेर भनुन । तर आमा प्रति भने अधिकांश बालबच्चा गम्भिर हुन्छन, गहभरि आशुं निकाल्छन् र भेट्ने इच्छा प्रकट गर्छन । वास्तवमा कैयौ ठाउंमा सोधकर्तालाई समेत गम्भिर पारेर, आंखाबाट आंशु झार्न समेत सक्षम भए ती बालबालिका हरु । सत्य कुरा के हो भने बुवा र कान्छी आमाको नियन्त्रणमा रहेका ती बालबच्चाहरु आमा प्रति सिकाएको भरमा नकारात्मक धारणा बनाएको भए पनि अन्ततोगत्वा ती आमाको स्मृतिबाट टाढा जबरजस्ती राखिएका बच्चामा मानसिक चोट त अवश्य परेको छ । अहिले ती बालबच्चा बुवाको डरले वोल्न नसकेपनि जव आफुहरुलाई बुवाको हरेक पक्षमा आफुलाई समानान्तर देख्छन् तव एक किसिमको ज्वाला तिनीहरुमा नदन्कला भन्न सकिन्न ।

अहिले ती बालबच्चाहरुले आमा या बाबुको पक्षबारे बुझ्ने मौका नपाएको हुंदा ती मौन रहे पनि सानै देखि जुन किसिमको वातावरणमा तिनिहरु हुर्कदै आएका छन् । तिनीहरुलाई जे सिकाइएको छ, तिनीहरुले जे सिकेको छन् । त्यसको दुरगामी प्रभाव समाजमा अवश्य पर्छ । किनकी व्यक्ति व्यक्ति मिलेर नै समाज बनेको हुन्छ अथवा मानवीय अन्तरसम्बन्धको जालो नै समाज भएकोले ती आजका बालबालिकामा जुन सामाजिक या मानसिक चोट परेको या प्रभाव परेको छ भोली तिनीहरुले अरुप्रति त्यहि किसिमले गर्ने व्यावहार , कार्यशैली या कियाकलापबाट छिमेकी या समाजमा जुन मानवीय अन्तरसम्बन्ध, अन्तरसहयोग हुन्छ । त्यसबाट समाज पुर्णतः प्रभावित नरहन सक्तैन । तसर्थ व्यक्तिको वैवाहिक सम्बन्धको अन्त्यबाट विस्तारै स्वयं व्यक्ति, परिवार (बालबच्चा सहित) र समाजमा सकारात्मक र नकारात्मक प्रभाव दुवै परे पनि अत्यधिक रुपमा नकारात्मक प्रभाव पर्छ या परेको छ ।

# अध्याय - छ

## अध्ययनको सारांश र निष्कर्ष

### ६.१ अध्ययनको सारांश

हाम्रो देश नेपालमा वि.सं. २०२० को मुलुकी ऐन लागु भएपछि नै सम्बन्धविच्छेद गर्न सबै जातजाति र धर्ममा आस्था राख्ने मानिसहरुको लागि एउटै किसिमको कानुनी प्रावधान र प्रक्रियाबारे व्यावस्था भएको पाइन्छ । त्यस समय भन्दा अगाडी सम्बन्धविच्छेदलाई मान्यता दिइने सामान्यता त्यस्तो सरकारी उपचारको व्यवस्था थिएन । यद्यपी विविध जातजातीमा परम्परादेखि हालसम्म नै आ-आफ्नो रितिस्थती र प्रथा अनुसार आ-आफ्नौ सामाजिक अदालतबाट सम्बन्धविच्छेदको फैसला हुदै नआएको र नगरेको भने होइन । तर हाल आएर संबनधित जिल्ला अदालतहरुमा हेर्दा सम्बन्धविच्छेदलाई समस्याको गहिराई सम्म पुगि अध्ययन गर्दा यसका पछाडि विविध कारणहरु रहेको र यसबाट स्वयं व्यक्ति र परिवारमा नराम्रो प्रभाव समेत पारेको पाइयो । जसलाई यहां सारांशित रुपमा प्रस्तुत गरिएको छ ।

अध्ययनक्षेत्रमा प्रत्येक जातिगत र धर्माबलम्बी मा हेर्दा चौधरी समुदायमा सबैभन्दा बढि सम्बन्धविच्छेदका मुद्दाहरु (३९ प्रतिशत) भएको पाइन्छ भने अध्ययन क्षेत्रमा घटेका सम्पुर्ण घट्नाहरु सतप्रतिशत पुरै हिन्दु धर्मावलम्बीसंग सम्बन्धित देखिन्छ । त्यसपछि दोस्रो स्थानमा रहेका क्षेत्रीहरुमा (३५.७१ प्रतिशत),दलितमा १०.७१ प्रतिशत सम्बन्धविच्छेदको घट्ना घटेको देखिन्छ । यसको प्रमुखकारणको रुपमा यी जातीमा पाइने सामाजिक मुल्य मान्यतामा केही खुकुलोपन, सानैमा मागी विवाहको प्रचलन, आजकल त सानै उमेर मा आफै पनि विवाह गरेर जाने, अध्ययन क्षेत्रमा सबै

जातजातिको तुलनामा सापेक्षिक रुपमा शिक्षा र चेतनाको विकास, बाहिरीया प्रभाव जस्ता पक्षहरु बढी जिम्मेवार देखिन्छन् । ,ब्रम्हाण र ठकुरीमा केही तुलानात्मकरुपमा कम प्रतिशत सम्बन्धविच्छेदको मुद्दाहरु घटेको पाइन्छ । तर केही बर्षदेखि यो प्रतिशत तिव्ररुपमा बढ्दोक्रममा छ । त्यसैगरी ठकुरी ३.५७ प्रतिशत, जनजाति पनि ३.५७ प्रतिशत मात्र सम्बन्धविच्छेदका मुद्दाहरु घटेका पाइए । यसको कारणमा केही हदसम्म परिवारमा परम्परागत रुपमा हुदै आएको खुकुलोपन, आर्थिक विपन्नता र त्यसबाट सिर्जित अवस्था, शिक्षा, पेशा र चेतनालाई समेत लिन सकिन्छ । तर सबैजात जातिमा पाइने साझा र प्रमुख कारणमा आर्थिक र यौनजन्य कारणहरु हावी छन् । यसरी सम्बन्धविच्छेद घटि बढि हुनुमा विभिन्न कारणहरु र यस प्रतिको दृष्टिकोणलाई समेत लिन सकिन्छ ।

विभिन्न अध्ययन तथा पत्रपत्रिकाका अनुसार मागी विवाह र अन्तरजातिय विवाहमा सम्बन्धविच्छेदको दर बढी हुनेकुरालाई यस अध्ययनले अस्विकार गरेको छ । यस अध्ययनमा मागी विवाह र सजातिय विवाहमा क्रमश: ५७.७ प्रतिशत र ८९.७ प्रतिशत सम्बन्धविच्छेदका घट्नाहरु घटेका छन् । यसमा मुख्यत आफ्ना सन्तानको उद्देश्य इच्छा बुझ्दै नबुझी उनीहरुको भविश्यको फैसला अभिभावकले गर्ने र कम उमेरमा विवाह गर्ने प्रचलन देखिन्छन् । यसै गरी संख्यात्मक रुपमा संयुक्त परिवारमा सम्बन्धविच्छेद गर्ने दम्मतीको संख्या बढी देखिए पनि वैवाहिक स्तर अनुसार मुल्यांकन् गर्दा एकात्मक परिवारको संरचनामा बढी सम्बन्धविच्छेद भएको देखिन्छ । यस्तो किन भयो त भन्दा जव परिवार संयुक्तबाट एकात्मक हुन्छ तब परिवारका अन्य सदस्यहरुको नियन्त्रण र निर्देशन हुदैन । श्रीमान श्रीमती आ आफ्नो कार्यतिर लाग्छन् । जसबाट स्वतन्त्रताको नाममा स्वच्छन्दता, महत्वकाक्षां या आधुनिकता को दम्भ जाग्छ । अनि वैवाहिक सम्बन्धको सिमा नाघ्दा एक पक्षलाई सहय हुदैन र सम्बन्धविच्छेद हुन्छ । संयुक्त परिवारमा सम्बन्ध विच्छेद हुनुमा परम्परागत मुल्य मान्यताको कट्टर सोच र आधुनिक मुल्य मान्यता र सोचबिच आपसिक टकरावलाई नै प्रमुख रुपमा लिन सकिन्छ ।

कम उमेरमा भएको विवाहले पनि सम्बन्धविच्छेदको दर बढाएको छ । यस अध्ययनमा ८६ प्रतिशत भन्दा बढि महिलाहरुको २० बर्षभन्दा कम उमेरमा विवाह भएको छ भने २५ वर्ष सम्म पुग्दा ९७ प्रतिशत महिलाहरुको विवाह भएको देखिन्छ । यसरी कम उमेरमा गरेको विवाहले व्यक्तिको सोचाई, मनोरञ्जन र अन्य विविध कुरामा असमाञ्जस्य र असमझदारी को स्थिती पैदा गरी सम्बन्धविच्छेद हुन टेवा पुऱ्याउछ ।

अध्ययन क्षेत्रमा सम्बन्धविच्छेदको दर शिक्षा भएर भन्दा नभएर वा कम भएका व्यक्तिहरुमा सम्बन्धविच्छेदको स्थिती बढी देखिएको छ । विवाह गर्दाको समयमा शिक्षा र सम्बन्धविच्छेद गर्दाको समयमा शिक्षाको स्थिती त्यति उल्लेखनिय रुपमा फड्को मारेको देखिदैन । विवाहपश्चात लोग्ने या स्वास्नीले आफ्नो शिक्षाको स्तरलाई त्यति निरन्तरता दिएको नदेखिए पनि तुलनात्मक रुपमा महिलाले आफ्नो शिक्षालाई पुरुषभन्दा अगाडी बढाएका छन् । अधिकांश सम्बन्ध विच्छेद गर्ने दम्पत्तिहरु नि. मा.वि. स्तरमै सिमित रहेका छन् । यद्यपी सम्पुर्ण नेपालीहरुको शिक्षाको स्तर नै दयनियताको चंगुलभित्र घुसेको छ । यस्तो अवस्थामा सम्बन्धविच्छेद र शिक्षाको स्थितीलाई आपसमा तौलेर हेर्न निश्चय नै गाह्रो हुन्छ । तर यस अध्ययनमा सम्बन्धविच्छेद बढी हुनमा शिक्षाको स्तर कम भएको प्रष्ट देखिएको छ । तर केही वर्ष यता उच्च शिक्षा हासिल गरी उच्च ओहदामा कार्यरत व्यक्तिहरुमा समेत सम्बन्धविच्छेदको दर दिनानुदिन बढ्दै गएको छ ।

त्यसैगरी श्रीमान श्रीमतीको आपसिक मनमुटाव, पारिवारिक झगडा, कुटपिट, सौता भित्रयाउनु, श्रीमान आजिविका गर्नका लागि घर छोडी बाहिर जांदा र श्रीमति घरमा घर व्यावहार चलाएर बस्दा एक अर्काविचको आत्मिय सम्बन्ध या सामिप्यतामा कमी आई पति पत्नीविच एक अर्काको आचरण र चरित्रप्रति संका, उपसंका, परपुरुष तथा परस्त्री गमनमा संलग्न, ढांटि विवाह गर्नु, महिलाहरुलाई पढाउछु भन्ने बाचा गरी विवाह पश्चात पारिवारिक स्तरमा पढ्न हुन्न भनी घरको चार दिवार भित्र कैद गर्न खोज्नु श्रीमतीको महत्वकांक्षा आफ्नो हैसियत भन्दा बढी हुनु, लोग्नेको आर्थिक स्थिती कमजोर हुनु, मादक पदार्थ सेवन, जड्याहापन र घरबाट निकाला जस्ता पक्षहरुले नै सम्बन्धविच्छेद हुन पुगेको देखिन्छ ।

त्यसै गरी आर्थिक अवस्था र सम्बन्धविच्छेदको स्थितीलाई हेर्दा यस अध्ययनमा निम्न वर्गमा करीव ५० प्रतिशत सम्बन्धविच्छेद भएको पाईयो । जसमा प्रमुख कुरा हाम्रो देशका अधिकांश जनतानै निम्नवर्गमा पर्नु, पुरातन मान्यताले ग्रस्त, संकालु, प्रवृति र आर्थिक अभाव बढी जिम्मेवारी देखिएका छन् । मध्यम वर्गमा ३५ प्रतिशत सम्बन्धविच्छेदको घट्ना थिए । जसको कारण शिक्षा र पेशाले लोग्ने स्वास्नीबीचको सोचाई र सामिप्यतामा फराकिलो पन, विजातीया विवाहलाई पारिवारिक रुपमा सहज स्वीकार गर्न नसक्नु, कानुनी परिवेशको सहज स्थिती बढी हावी छन् । उच्च वर्गमा दाइजो, सोचाइमा बडप्पन या उच्च महत्वकांक्षाले जरो गाडेको देखिन्छ ।

यस अध्ययनमा ४० प्रतिशत भन्दा कही बढी सम्बन्धविच्छेदकर्ताहरुको दाम्पत्य जीवन जम्मा १ देखि २ वर्ष सम्मको अवधिसम्मका चलेको थियो । जसमा विनामंजुरीको विवाह, उमेरको फरक, देखादेखमा मात्र सिमित रही वैवाहिक सुत्रमा बांधिनु, कम उमेरमा विवाह भएका व्यक्तिहरु

परेका छन् भने कम सम्बन्धविच्छेद हुनेमा ८ देखि १० वर्ष दाम्पत्य जीवन विताएका व्यक्तिहरु परेका छन् । जे होस् सारमा दाम्पत्य जीवनको अवधिलाई सम्बन्धविच्छेदको स्थिती संग दांजी सामान्यीकरण गर्न भने अप्ठ्यारो नै पर्छ । तर यसबाट के अनुमान गर्न सकिन्छ भने लामो समयसम्म दाम्पत्य जीवन विताएका व्यक्तिहरुमा अपेक्षकृत सम्बन्धविच्छेद कम हुन्छ ।

हाम्रो समाज पितृसत्तात्मक भएकोले स्वाभाविक रुपमा केही नगण्य रुपमा शिक्षित, चेतनशिल र आत्मनिर्भर महिलाहरु बाहेक अधिकांश महिलाहरुलाई सम्बन्धविच्छेद पछि अपठ्यारा स्थितीहरु आउने गर्छ । यद्यपी परिवार भित्र एउटा दानवी चरित्रको व्यक्ति वा व्यक्तिहरु भए पनि वैवाहिक जीवन बिताउन असम्भव हुन्छ । यही कुरालाई मध्यनजर राखी महिलाहरुलाई सम्बन्धविच्छेद भएपछि आफुले कस्तो अनुभव गरेको भनी प्रश्न राखिएको थियो । त्यसमा अधिकांशले सम्बन्धविच्छेदपछि आफुहरु सुखी तथा ठिकै भएको अनुभव गरेको पाइए भने लगभग १५ प्रतिशतले मात्र आफु दुःखी भएको बताए । जसबाट यो प्रष्ट हुन्छ कि हाम्रो अध्ययन क्षेत्रका महिलाहरु रहर, लहड, सनक र फेसनको रुपमा सम्बन्धविच्छेद गरेको देखिदैन । यो उनीहरुको वाध्यता हो । जसबाट उनीहरुलाई समाजमा पुनर्स्थापित हुन त गाऱ्है हुनसक्छ । यसैले पनि होला ६५ प्रतिशत महिलाहरु अझैसम्म पुनर्विवाह  नगरी बसेका छन् । यसको अर्थ उनीहरुसंग विवाह गर्न कोही पुरुष तैयार नभएको भन्ने अर्थ भने होइन् । यसमा त उनीहरुकै आफ्नो उद्देश्य,इच्छा, आकांक्षा, दाम्पत्य जीवनबाट सृजित वितृष्णा, छोराछोरीप्रतिको उत्तरदायित्वपन लगायतका विविधपक्षहरुले भुमिका खेलेका छन् ।

यस अध्ययनमा सम्बन्धविच्छेदका प्राय सबै Case हरुमा महिलहरु बढि (अदालतमा पहिला उजुर गर्ने) देखिन्छन् । यस्तो अवस्थामा झ्वाट्ट हेर्दा सम्बन्धविच्छेद गर्न चाहने सबै महिलाहरु भएको ठानिन्छ । यद्यपी यसका पछाडी पुरुषको ठुलो हात रहेको पाइयो । किनकी महिलाहरुबाट सम्बन्धविच्छेदको मुद्दा सिधै अदालतमा दर्ता हुने र माग वमोजिम प्रकिंयागत रुपमा छिट्टै सुनुवाई हुने हुदां कतिपय पुरुषले महिलाहरुसंग सरसल्लाह गरी, कतिपयले डर, धाक , धम्की प्रलोभन कुटपीटको अवस्था समेत श्रृजना गरी अस्वस्थ रुपमा महिलाहरुलाई सम्बन्धविच्छेद गर्न लगाईएको पाइयो । साथै सम्बन्धविच्छेद गर्दा प्राय सबैले कानुनले तोकेका कुनकुन आधारलाई निवेदनमा उठाउंदा सम्बन्धविच्छेद हुन्छ त्यही मात्र उठाएको अथवा संक्षिप्त रुपमा केवल प्राय सबैको एकै मिलानको कानुनी भाषा प्रयोग गरी बास्तविकता लुकाएको कुरा समेत यस अध्ययनबाट प्रष्ट  हुन्छ ।

यसरी संक्षिप्तमा विवाहका कारण सृजित अवस्था, पारिवारिक झगडा र कलह, आर्थिक अभाव, यौन सम्बन्ध कायम राख्ने मामलामा लोग्ने स्वास्नी विचको निकटतामा बाधा या यौन असंतुष्टी लगायत मनोबैज्ञानिक कारणबाट सृजित अवस्थामा लोग्ने स्वास्नी उनीहरुको परिवारको मान, प्रतिष्ठा र इज्जतमा धक्का लागि सामाजिक प्रतिष्ठा समेत गिरेको उनीहरुका परिवार व्यक्त गर्छन् । विशेषतः संयुक्त परिवारमा रहेका वृद्ध महिला तथा पुरुषहरु आफ्नो सन्ततीहरु प्रति बढि चिन्तित देखिन्छन् । उनीहरु विशेषतःकलिला नाती नातीनाको हेरविचार, पालनपोषण र उनीहरुलाई राम्रो तरिकाले मार्गदर्शन गर्न आमा बाबु बीच सम्बन्धविच्छेद हुन हुदैनथ्यो भन्ने विचार राखेको पाइन्छ ।

सम्बन्ध विच्छेदकर्ताहरुका बालबच्चा सतप्रतिशत आफ्ना अभिभावक (आमाबाबु) प्रति अपनत्व नभएका छन् । कारण यिनीहरु मध्ये कोही आमा, कोही बाबु, कोही मावली, र कोही ठुलो वुवा ठुली आमाहरुको संरक्षणमा रहेका छन् । अधिकांश सन्तानको आमाबाबु दुवै संग भेट नभएको देखिन्छ । यसबाट प्रष्ट हुन्छ कि कोही आमाको न्यानो काख र बाबुको गाढामांया दुवै बाट बञ्चित छन् । यसैगरी करीव ८५.७१ प्रतिशत बालबालिकामा नैरास्यताले ढाकेको छ । उनीहरु स्वयंमा बलिया र आफुबाट गर्न सक्ने काममा समेत डरपोक र कुनै कार्यबाट पछि हट्ने प्रवृत्ति रहेको पाइयो । उनीहरु कुनै पनि कार्य गर्न शारीरिक तथा मानसिक रुपमा तैयार हुदैनन् । उनीहरुमा जोश, जांगर र स्फुर्ती, प्रशन्नता लगायत आत्मविश्वासको कमि देखिन्छ ।

७१.४२ प्रतिशत बालबालिकाहरुमा भने अटेरी र क्रोधिपना पाइयो । यि बालबालिकाहरु आमा बाबु या परिवारका अन्य सदस्यहरुले भनेको नटेर्ने, मुख मुख लाग्ने, कानमा तेल हालेर बस्ने, थप्पड लगाए घर त्याग गरी खाना समेत खान इन्कार गर्ने, बाहिरिया मान्छेले पिट्यो भने पनि घरमा नभन्ने तर यिनीहरुमध्ये केहीले जीवनमा केही गरी छाड्ने दृढ संकल्प र केही रोष समेत प्रकट गरेको देखिन्छ । विशेषत यी बालबालिकाहरु बाहुबलमा निर्भर देखिन्छन् । यदि यी बालबालिकाहरुमा उमेर चढ्दै गएपछी यिनीहरुको बोध शक्तिमा परिवर्तन आएन भने यसबाट समाजमा नकारात्मक असर नपर्ला भन्न सकिन्न् ।

५७.१४ प्रतिशत बालबालिकामा भने आफुलाई समुहबाट टाढै राख्ने र सधै मलिनो अनुहार लगाएर बस्ने उदासीपन भएका देखिए । यि बालबच्चाहरु विद्यालयमा समेत सुरुसुरु जाने, खुरु खुरु आउने, कम बोल्ने गरेको पाइए । यस्तो काम खुरु खुरु गर्नेमा बच्चादेखि विवाहित सम्म परेका छन् । यि बालबालिकाहरु बालसुलभ चञ्चलता र मनोरञ्जनबाट समेत टाढा रहेका पाइए । यिनीहरु प्रति समाजले गरेको घृणात्मक र व्यांग्यात्मक संका मानेर नै यिनीहरु सामुहिकतामा घुलमिल हुन

नचाहेको कुरा उनीहरुमध्ये केहीले बताउंछन् । केही बालबच्चा भने अत्यन्त गैरजिम्मेवार प्रवृतिका भेटिए । यिनीहरुमा  सहयोगको भावना, पारस्परिक प्रेम, माया, आदर सम्मान र मर्यादा को भावना नहुंदा छिमेकीहरुको नजरमा यिनीहरु गिरेका पाइए ।

त्यसैगरी  ७६.१९ प्रतिशत बालबालिकाहरु मानसिकरुपले दविएका पाइए । यिनीहरु यसरी दविएका छन् कि जव कुनै कुरा ठीक हो भन्ने उनीहरुलाई विश्वास छ तर कसैले यो बेठीक हो भनेर उनीहरुलाई हो कि होइन ? भनी सोध्यो भने होइन भन्छन् । भनाइको मतलव मानसिक रुपमा अत्यन्तै गिरेका दयनीय अवस्थाका देखिन्छन् । अधिकांश यस्ता बालबालिकाहरु एकलकाटेपन या उदासीपन भएका बालबच्चाहरुकै श्रेणीमा पर्छन् । अन्य ७१.४२ प्रतिशत बालबालिकाहरु भने भावुक, जिज्ञासु, सहिष्णु र संयमित भएका पाइए । यसमा पनि करीव ९ प्रतिशत बालबच्चाहरु लोग्ने स्वास्नीको झगडा परेको स्वयं संचारको माध्यमबाट देखे सुने भने अत्यन्तै गम्भिर हुंदै अश्रुपुर्ण धारा बगाउने, त्यसको बावजुद्ध पढ्नमा समेत तिक्ष्णबुद्धि भएको, भविष्यमा आफु महान मान्छे बन्ने , अत्यन्तै जिज्ञासु भएका पाइए । यिनीहरुमा पनि कोही सहिष्णु र संयमित थिए भने कोही भावुक र जिज्ञासु र कोही मिश्रीत

वास्तवमा ती अवोध र निच्छल बालबालिकाहरु आमाबाबुको बाध्यता दवाव या महत्वकांक्षाको सिकार हुन गई त्यस समय र परिस्थितीबाट सिर्जित अत्यन्तै असहज र विषम परिस्थितीमा हुर्कन बाध्य भएका छन् । त्यस अवस्थामा उनीहरुप्रति समाजको दृष्टिकोण नै अपहेलनाजनक भएको देखिन्छ । उनीहरु प्रति, हांसो , घृणा र व्यंग्यहरु बर्षाइन्छन् । सकेसम्म सहयोगको भावना नभई शोषण (सामाजिक शोषण) को भावना प्रवल छ । यसरी आफुप्रति समाजले देखाएको वा गरेको व्यावहारप्रति ती बालबालिका देखि लिएर विवाहित व्यक्तिहरुसमेत परिवार र समाजप्रति विश्वास नगरी ससंकित बन्न पुगेका छन् । जसबाट समाजमा विशेषतः बालबच्चा भएकाहरुको सम्बन्धविच्छेदबाट प्राय सकारात्मक प्रभाव पार्छ भनी कुनै हालतमा भन्न सकिने अवस्था छैन् ।

अन्त्यमा सम्बन्धविच्छेद व्यक्तिको लहड, दम्भ या महत्वकांक्षाको विषय होस् या समय र परिस्थिती द्धारा सृजित वाध्यताको उपज होस । यसले स्वयं व्यक्तिहरुलाई केन्द्रविन्दु बनाई सामाजिक समस्याको सृजना गर्छ जसबाट सिंगो समाज नै प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित हुन्छ । आज लोग्ने स्वास्नीविचको आपसी सुझ बुझको कमी र हरेक कुरालाई बुझ्ने र विश्लेषण गर्ने तरिका र क्षमताको फरकपनले गर्दा परम्परागत सामाजिक मुल्य मान्यता र आधुनिक मुल्य, मान्यता र सोचबीच सामान्जस्यता भएको देखिदैन । फलस्वरुप दाम्पत्य जीवनमा विभिन्न खालका

समस्याहरु आफ से आफ सृजना हुन पुग्छन्  र अन्ततोगत्वा गरी दिन्छन । यसबाछ व्यक्ति , परिवार र सिंगो समाज प्रभावित भई अन्तत राष्ट्रिय विकासमा असर पर्छ । तसर्थ सकेसम्म यस सम्बन्धी सामाजिक समस्या उत्पन्न हुन नदिने यदि भए त्यसको समाधान गर्न बेलैमा होस पुऱ्याएमा राष्ट्रिय विकासमा सकारात्मक प्रभाव पर्छ ।

**६.२ निष्कर्ष**

नेपाल परापुर्वकालदेखि हिन्दुधर्मबाट निर्देशित र प्रभावित हुदै आइरहेको परिप्रेक्ष्यमा आजसम्म प्रत्येक समाजमा हिन्दुधर्मको परम्परागत मुल्य र मान्यताको ठुलो छाप परेको देखिन्छ । यद्यपि हालका वर्षहरुमा नेपाल पनि धर्म निरपेक्ष देशको रुपमा घोषित भए पनि हिन्दु धर्मको छाप स्वरुप अहिले पनि गाउंघर मा चाडै विवाह गर्ने चलन त छदैछ त्यसमाथि पनि आजकल आधुनिकताको प्रभावले पनि होला युवायुवतीहरु सानै उमेर मा विधालय जादाजादै आफैले पनि भागेर विवाह गर्ने गर्छन् । सानै उमेर मा विवाह गर्ने, शिक्षा कम हुने, विवाह पछि प्राय मा.वि. स्तर वा एस. एल.सि सम्म मात्र सिमित हुने, फलस्वरुप जीवन धान्नको निमति दुवैको कुनै आधार नभई पुर्ख्यौली सम्पत्तिमा मात्र आश्रित हुने, विवाह अधिकांश भागी, फिल्म, सस्तो उपन्यास तथा पत्रपत्रिकाको अन्धानुकरण गरी तथाकथित गहिरो प्रेममा फसी तुरुन्तै प्रेम विवाहमा बाधिदा विवाह अगाडी दम्पतीहरु बीच एकअर्कामा देखादेख नहुनु या सामान्य देखादेख भइ शारिरीक आकर्षणमा मात्र सिमित रहनुले सम्बन्धविच्छेदको बढी घट्ना निम्त्याएको देखिन्छ ।

यसरी श्रीमान श्रीमती वैवाहिक सुत्रमा बाधिएपछि परिवारमा पुराना मुल्य मान्यता बोकेका र नयां मुल्य र मान्यता बोकेका बीच आपसिक द्वन्द मच्चिनु, केही हदसम्म संयुक्त परिवार टुक्री एकात्मक परिवारमा परिवर्तन हुंदा आफुहरुबीच नै पारिवारिक जिम्मेवारी थपिदा जीवन धान्नको निम्ति श्रीमान  घर छोडी टाढा जानु, त्यसबीचमा श्रीमान श्रीमती विचमा सामिप्यतामा कमि आउनु, त्यसबिचमा दुवैले स्वतन्त्रताको महसुस गरी आफुले निभाउन पर्ने कर्तव्यलाई बिर्सी क्षणीक या दिर्घकालीन रुपमा नै आ-आफ्नो मानसिकतामा परिवर्तन ल्याउनु, जसबाट समाजमा अफवाह फैलनु, परिणामस्वरुप एक-अर्कामा आपसिक विश्वासमा संकट उत्पन्न भई श्रीमान श्रीमती बिच आरोपप्रत्यारोपबाट सहनै नसक्ने स्थिति भए पछि अन्ततः सम्बन्धविच्छेदको स्थितिमा पुगेको देखिन्छ ।

त्यस्तै श्रीमान श्रीमतीमा शिक्षाको स्तर कम हुनु या दम्पतिबीच शैक्षिक अन्तराल हुंदा हरेक कुरालाई सोच्ने, विश्लेषण गर्ने र अपनाउने कुरामा श्रीमान-श्रीमती विच तालमेल नमिल्नु, एकले

अर्कोलाई हेर्ने दृष्टिकोणमा फरक भई आ-आफ्नै किसिमको स्तर मिल्ने साथी खोज्न तत्पर हुनु, जांड रक्सी, जुवातास, झगडा, कुटपिट, परपुरुष गमन, परस्त्रीगमन, सन्तान प्रति गैरजिम्मेवारी जस्ता एक अर्कालाई मन नपर्ने  बानी बाट सृजित अवस्थाबाट हैरान या सहनै नसक्ने स्थितिबाट सम्बन्धविच्छेदको स्थिति देखियो । जसले गर्दा निर्दोष बालबालिकाहरु आमाको न्यानो काख र बाबुको गाढा मांया बाट बञ्चित भई ज्युदो टुहुरा बनाइएका छन् । यी उल्लेखित कुराका अलावा कानुनमा भएको अत्यन्तै लचिलोपनले पनि सम्बन्धविच्छेदलाई बढाएको देखिन्छ ।

माथी उल्लेखित सबै कारणहरु सामाजिक, पारिवारिक, आर्थिक, शैक्षिक आदि मध्येबाट मेरो निष्कर्षमा सम्बन्धविच्छेद हुनु मा आर्थिक कारण सबै भन्दा प्रमुख रहेको छ । जब कुनै पनि परिवारमा अर्थोपार्जनको लागी श्रीमान वा श्रीमती मध्ये कुनै पनि एक जना परिवार छाडी टाढा जानु पर्ने हुन्छ तेहि बाट श्रीमान श्रीमती विच अविश्वाशको खाडलहरु गहिरो बन्दै जान्छ कालान्तरमा तेही अविश्वासको रुप विकराल भई श्रीमान श्रीमती विच सम्बन्ध विच्छेद हुन  जान्छ ।

# परिशिष्ट

## वैयक्तिक अध्ययन

हामिलाई थाहा छ, वैयक्तिक अध्ययन पद्धतिमा खास गरी गुणात्मक तथ्यहरुको अध्ययन गरिन्छ । यसमा कुनै पनि सामाजिक इकाइहरु जस्तै व्यक्ति, समुह, परिवार, जाती, संस्था आदिको सुक्ष्म, गहन र व्यापक अध्ययन हुन्छ । यही कुरालाई नै परिभाषित गर्ने क्रममा P.V. Young भन्नु हुन्छ “Case study is method of explaining and analyzing the life of social unit, be that a person, a social group, and institution, a district and or a community.”  तसर्थ उल्लेखित परिभाषाले इंगित गरे अनुसार यस अध्ययनमा ५ वटा घट्नासंग सम्बद्ध सम्बन्धविच्छेदकर्ताहरुको संक्षिप्त जानकारी दिइएको छ ।

### परिशिष्ट-१

**श्रीमान ‘क’** (२८), **र श्रीमति ‘क’** (२६)

श्रीमान कैलाली जिल्लाको निगाली गा.वि.स.को निगाली गाउंमा जन्मी  २०६१ सालमा १६ वर्षको उमेरमा आफुसंग देखभेट नभएकी दोदोधारा गा.वि.स.को एक १४ वर्षकी केटीसंग परम्परागत रुपमा मागी विवाह गरी घरजम गरी बसेका थिए । त्यसवेला उनी कक्षा १० मा पढ्दै

थिए । त्यतिबेला विधार्थी भए पनि आफ्ना बाबुका १०/१२ कठ्ठा जग्गा भएको उनी बताउछंन् । विवाह पछि उनीहरु छुट्टै बसे र पढाईलाई त्यतिकैमा सिमित राख्नुपरयो । विवाहको १ वर्ष पछि उनको पहिलो सन्तान छोरा जन्म्यो । घरमा जमिन बाहेक आयश्रोत केही नहुदा छोरा जन्मेको ६ महिना पछि उनी भारत गए तर ३ महिना मै फर्के । पैसा ल्याएनन् । फेरी २०६४ सालमा एक छोरीको जन्म भयो । उनी पुःन भारत गए । त्यसपछि ६ महिना पछि फर्के । फेरी २०६६ सालमा अर्को छोराको जन्म भयो । उता परिवारमा जग्गा जमिन बाहेक आयश्रोत केही थिएन । उनले छोरी जन्मीसके पछि जांड रक्सी खान थालेका थिए । वर्षेनी सन्तान हुदै गएकोले उनी पारिवारिक समस्या टार्न पुन भारतको पंजाव गए । करिव साढे चार वर्षको अवधिमा उनी ३ पटक घरमा आए । उनको भनाई छ – "घरमा आएर २-४ दिन बस्दा श्रीमति अत्यन्तै झर्कने, काम गर्न जांगर नलाउने, बढी बोल्ने, तपाई यहां आएर काम छैन । जुन बाटो आउनुभयो त्यहि बाटो जानुस भन्ने गर्दा र वारम्वार माइत जान खोज्ने लगायत गाउंलेबाट अन्य केटाहरुसंग लसपस गर्ने गरेको समेत सुने । मलाई असहय भएर पुन भारत गए । २ वर्ष पछि घरमा आउंदा तालमेल विग्रेको थियो । झै झगडा भयो । माइती आएर धम्की दिए । त्यसपछि म नजिकै सडकनेर पसल थापे । पसलबाट कपडा लगायत अन्य धेरै सामानहरु माइतीले उधारो लगे । मैले त्यसको पैसा माग्न जांदा श्रीमति र माइती मिली मलाई पिटे । घाउचोटको जांच समेत गराए । श्रीमतिले माइती संग मिली मलाई छोडिन । श्रीमति, छोराहरु र मेरो विच गाउलेस्तरमा नै अंशवण्डापत्र गराइदिए । त्यतिबेला जेठो छोराले ६ मा र कान्छो छोराले ५ मा पढ्दै थिए । यसरी करिब १२ वर्ष पछि व्यावहारिक रुपमा हाम्रो सम्बन्ध विच्छेद भयो । तर नाजायज फाइदा लिन मात्र कानुनी रुपमा मलाई प्रतिबादी बनाई २०७२ मा जिल्ला अदालतमा मुद्दा हालिन" । साथै आफुले साइकल लग भनेको समयमा नलैजादा कान्छो छोराबाट पिटाई खाएको र दुवै छोराबाट मारपीटको धम्की समेत खप्नु परेको उनी बताउंछन् । उनको थर न्यौपाने हो ।

अर्कोतिर श्रमति 'क' भर्खर १५ वर्ष पुगी १६ मा प्रवेश गर्दा विवाह भएको र विवाह नहुदासम्म एक आपसमा देखादेख समेत नभएको स्वीकार्दै उनी भन्छिन् - "एउटा छोराको जन्म र अर्को सन्तानको गर्भाधान भेसकेपछि उहां अचानक बरालिनु भयो, विनासित्तै निहुखोज्ने, मादक पदार्थ सेवन गर्ने, सम्झाउदा मैले तेरो बाउको केही खाएको छैन, मेरो बाउको नै खाएको छु भन्ने, अर्को छोराको जन्म पछि कमाउन गएर घरमा पैसा नल्याउने, उल्टो कचिंगल गर्ने, भारतबाट आउदा म प्रति अचानक टिककाटिप्पणी गर्ने, बच्चाबच्चालाई समेत पिट्ने र अनेक उपनाम जोड्ने

गर्दा टिक्न नसक्ने भई बाध्य भएर माइती र गाउंलेले  छुट्टाछुट्टै बस भने । छोरा छोरी म संगै थिए" । उनी आफुले लोग्नेबाट पिटाईखाई पांचदिनसम्म भित्र बाहिर गर्न नसकेको बताउदै बांकि कुरा अगाडी भन्न चाहिनन् । उनले हाल माइतीको घरबाट २ मिनेट जति लाग्ने लगभग आगन जोडिएको नजिकैको व्यक्तिसंग विवाह गरेकी छिन । घरमा उनको सौता छ । उनी नै सौता उपर गएकी हुन । हाल उनी श्रीमानको परिवारबाट बहिष्कृत जस्तो भएर धनगढीमा छुट्टै कोठा लिई श्रीमानले बसालेका छन् ।

यो Case-study बाट के देखिन्छ भने कम उमेरमा गरेको विवाह त एकातिर छदैछ । त्यसमाथी केटाकेटी विच चिनजान समेत नहुंदा एकले अर्कोलाई अलिकति एक आपसमा चिन्न र बुझ्न समेत पाएका थिएनन् । छिटोछिटो सन्तानको जायजन्म हुनु, अपरिपक्क व्यक्तिहरुमाथि पारिवारिक बोझ थपिदै जानु, पैसा कमाउन ३ पटक घरमा आई जानु, श्रीमान श्रीमतीमा आपसिक विश्वासमा संकट आई अनेक संका उपसंका बढ्नु २ वर्षपछि, भारत बाट आउंदा श्रीमानले पैसा पनि नकमाउनु, घरमा श्रीमतिमात्र हुदा घर व्यावहार लथालिङ्ग हुनु घर व्यावहार चलाउन छिमेकी भाईसंग सम्पर्क बढाउनु जस्तो आर्थिक, मनोवैज्ञानिक, आपसिक झगडा र यौन जन्य कारणहरुको संयोजनले नै सम्बन्धविच्छेद हुन पुगेको देखिन्छ ।

## परिशिष्ट-२

**श्रीमान 'ख'(५३), र श्रीमति 'ख'(४५)**

श्रीमान 'ख' कैलाली जिल्लाको अत्तरिया नगरपालिका वडां नं. ८ का बासिन्दा हुन । हाल उनको उमेर ५३ बर्षको छ । २३ वर्षको उमेरमा नै उनको विवाह उक्त नगरपालिका भित्रै १५ बर्षे केटीसंग परम्परागत रुपमा मागी विवाह भएको थियो । विवाह गर्दा उनी टेष्ट पास थिए । नजिकैको वडाबाट विवाह गर्दा उनलाई केटी पक्षको आर्थिक, सामाजिक, शारीरिक र शैक्षिक पक्षबारे थाहा थियो । त्यसबेला उनीहरुको २ विगाहा जग्गा भएको उनी बताउंछन् । घरमा उनका आमा, २ जना दाजु र २ जना भाउज्यु थिए । ( बुवा उनी गर्भमा छदै वितेका) विवाह गर्दा उनी कुनै गैर सरकारी संस्थामा नोकरी गर्थे । विवाहपछि उनका ४ सन्तान भए । त्यसपछि उनलाई मुटुसम्बन्धि साथै अरु पनि रोग लागेको र श्रीमतिले उनलाई नसोधि परिवार नियोजनको अस्थाई साधन प्रयोग गरेको, त्यसबारे पछि मात्र उनले थाहा पाएको श्रीमान 'ख' बताउंछन । साथै जांडरक्सी खाने, पैसा बढी खर्च गर्ने, बढी डुल्ने, राजनिति गर्ने कारण सामान्य ठाकठुक हुने तर आफुले श्रीमतिलाई कहिल्यै नपिटेको, उनको सोझोपनबाट श्रीमतिले फाइदा लिएको भन्दै विना झगडा, कुटपीट नै आफुले

श्रीमतिलाई राजनिती गर्ने, जांडरक्सी खाने, डुल्ने, लगायत बानी छोड कि त सम्बन्धविच्छेद गरिदे भन्दा श्रीमतिले म सम्बन्धविच्छेद नै गर्छु भनेकोले दुवैको सरसल्लाहमा सम्बन्धविच्छेद भएको उनी बताउंछन् । हाल श्रीमान 'ख' नगरपालिकामा सानो तिनो काममा कार्यरत छन् । र उनले पुनर्विवाह समेत गरेका छन् । घरमा पहिलेका छोराहरु र कान्छी आमाको विचमा झगडा नपर्ने बताउदै अहिलेको श्रीमतिको केवल २८ वर्ष उमेर भएका, उसले पनि पहिलेको श्रीमानसंग घरव्यावहारमा सम्बन्ध विच्छेद गरी दुःख पाएको आफु पनि त्यस्तै भएकोले मन र आत्मा मिल्दा श्रीमान 'ख' अहिलेको पुनर्विवाहमा आफु संतुष्ट भएको बताउंछन् । यद्यपी उनको र अहिलेको श्रीमतिको उमेरमा पुन फरक २५ वर्षको छ । अहिले उनीहरुबाट एउटी छोरीको जन्म पनि भएको छ ।

अर्कोतर्फ श्रीमति 'ख' आफ्नो विवाह घर नजिकैको केटा संग १५ बर्षको उमेरमा कक्षा ६ मा पढ्दापढ्दै गर्दा बाबुले दिएको हुंदा केटा पक्षलाई चिनेपनि सम्पुर्ण कुराहरु थाहा नभएको बताउंछिन् । पहिले उनलाई हेर्न बाहिरको मान्छेहरु आउदा आफुलाई पढाउने शिक्षकले समेत आफ्नोबाबु संग पढाउनु पर्छ भन्दा भन्दैपनि देख्दा कुरुप, खुट्टा अपाङ्ग भएको व्यक्तिसंग आफ्नो सहमति विना विवाह गरिदिएको, आफ्नो आमा आफु साढे दुईवर्षको हुंदा वितेको, कान्छिआमा ल्याएको बुवाबाट छोरा नहुदा कन्यादान गरे पछि छोरा हुन्छन भन्ने मान्यताले विवाह गराइदिएको बताउछिन् । विवाह पछि श्रीमानको जागिर गएको हुदा आफ्नो गहना बेची भारत पढ्न पठाएको तर त्यहां जुवा खेली सिध्याएको । अत्तरियामा रहेको केही घडेरी पनि छोरीको विवाह मा सकेको, बहुदल पश्चात श्रीमानले नै राजनिती मा लाग्न प्रोत्साहन गरेको र गाउं स्तरिय प्रतिनिधिमा उठ्दा लोग्ने स्वास्नी सगै भोट माग्न हिडेको, प्रचार गर्न हिडेको र ४ जना बच्चाबच्ची भए पछि ५ वर्ष परिवार नियोजनको अस्थाई साधन प्रयोग गरेको बताउने श्रीमति ख आफुलाई सधै रक्सी सेवन गरी नराम्रो बचन प्रयोग गर्ने भएको हुदा श्रीमान को व्यावहार सहन नसक्ने भएकोले छुट्न वाध्य भएको बताउछिन । उनी कान्छो छोराको भविश्यबारेमा अति चिन्तित देखिर्नछिन् । लोग्नेबाट पुनर्विवाह गरी एउटा छोरीको समेत जन्म भैसकेको अवस्थामा आफु भने ४५/४६ बर्षको भैसक्दा पुनर्विवाह गर्ने सोचमा आफु पटक्कै नरहेको बताउछिन् । यिनीहरु दुवैको जात क्षेत्री हो । हाल उनी धनगढीमा कोठा लिएर बसेकी छिन ।

यस वैयक्तिक अध्ययन बाट के निष्कर्ष देखिन्छ भने सम्बन्ध विच्छेदको निम्ती जति श्रीमान श्रीमतीविचको उमेरको फरकले प्रभाव पारेको छ । त्यति नै प्रभाव कम उमेरमा विवाहित हुनाले

पारेको छ । त्यसपछि श्रीमानको मादकपदार्थ सेवन लगायत रोग उत्पन्न हुनु शारिरीक रुपमा कुरुप र अपाङ्ग हुनु, राजनितीमा लाग्नु र सबैसंग हेलमेल हुदा पारिवारिक समझदारीमा कमि आएको देखिन्छ । यस पक्षलाई मिहिन वा गहन रुपमा केलाउने हो भने सम्बन्धविच्छेद हुन यौनिक कारणको बढी महत्व देखिन्छ । यसका अलावा मनोवैज्ञानिक तथा आर्थिक कारण पनि रहेका छन् । यसमा दुराचारले पनि महत्वपुर्ण भुमिका खेलेको छ ।

## परिशिष्ट-३

**श्रीमान 'ग'** (२५), **र श्रीमति 'ग'** (२८)

श्रीमान हाल २५ बर्षे युवक हुन । उनको विवाह १६ वर्षमा १९ वर्षे आफ्नै नाता पर्ने (विवाहबारी चल्ने) केटी संग प्रेम विवाह भयो । त्यतिबेला उनी जम्मा कक्षा ९ मा पढ्दै थिए । घरको एक्लो छोरो जग्गा जमिन पनि प्रशस्तै थियो । त्यसपछि उनले त्यो केटीलाई भगाएर विवाह गरे । विवाह गर्दा पेशा केही थिएन । यसरी घरमा बस्दा परिवारका अन्य सदस्यहरुसंग केटी र केटाको झगडा हुन थाल्यो । केटीले सासु, नन्द, आमाज्युको भनेको नमान्ने, सासुले केही भन्दा त्यो कुरा माइतमा लैजाने, माइतीले लोग्नेलाई बोलाएर झपार्ने, लोग्ने आएर घरमा फेरी झगडा गर्ने जस्ता कियाकलापहरु सुरु हुन थाल्यो । यसो हुदा श्रीमान 'ग' को बाबु भारतबाट आएपछि पनि यो कुरा दोहोरिरह्यो र बाध्य भएर बुवाले एक्लो छोरोलाई अंश दिनुपऱ्यो । छुट्टिएर उनीहरुबाट एउटा छोरीको जन्म भयो । यसरी विवाह गरेको साढे दुई वर्ष भित्र बाबु बन्न पर्दा उनी केही कमाउन श्रीमति कै सहमति मा साउदी अरव गए । अरब बाट २ वर्ष पछि घरमा आउदां केही रुपैया पनि ल्याएका थिए । तर घरको दुर्दशा अर्कै थियो । उनी प्रायन जिक हुंदा माइतमा गइरहने गर्थिन । गोरु र भैसी अंशमा परेका पनि बेचिएका थिए । ऋण समेत लागेको थियो । घरमा खेती गरिदिने भनेर राखिएको व्यक्तिसंग नजायज सम्बन्ध भएको कुरा गाउले बाट सुन्नुपऱ्यो । उनी मादक पदार्थ भने सेवन गर्दैन थिए । यसरी घरको व्यावस्था लथालिङ्ग भई ऋण लाग्नु, माइतमा दिनको सधै २ पटक नभए १ पटक जानु, ऋण लाग्नु, छिमेकीहरुद्धारा त्यस्तो कुरा सुनिनुले गर्दा लोग्ने स्वास्नीविच झगडा भएको, कुटाकुट परेकोले सम्बन्धविच्छेद हुन पुगेको श्रीमान 'ग' बताउंछन् । र छोड्दा उनलाई २००००० रुपैया समेत तिरेको गुनासो गर्छन । हाल उनले गाउंकै एक जना केटी विवाह गरेका छन् । विवाह भएको ५ महिना पछि पुन आमा बाबु संगै रही अहिलेको पुनर्विवाहबाट संतुष्ट भएको बताउंछन् । उनी भन्छन् - "देउता भन्दा महान आमा बाबु छोडी त्यस केटीको पछि लागेर क्षणिकरुपमा भए पनि मैले अपराध गरे" । उनको जात तामाङ्ग हो ।

उता श्रीमति 'ग' भने पहिले आफुसंग विवाह नभए मर्छु भन्दै रुदै गरेको र विवाह भए पछि घरमा सासुले एकछिन फुर्सद नदिएर काममा जोताइरहने, आमाजु र नन्दले आफुलाई नराम्रो मान्ने कुनै पेशा नभएको , सासुले विवाह गरेपछि श्रीमतिलाई श्रीमानले पाल्ने हो । मेरो बुढाले यति ठुलो परिवारलाई धान्ने ठेक्का लिएका छैनन् भन्ने, र छुट्टिएर गइसकेपछि एउटी छोरी जन्मेकी, छोरीप्रति श्रीमान बेजिम्मेवार रहेको, श्रीमान भारत जांदा आफुले सबै काम सम्हाल्न असमर्थ हुंदा गोरु, भैसी विक्री गरेको स्वीकार्दै, श्रीमानले आफुले अपेक्षा गरे बमोजिम पैसा नल्याउदा लागेको ऋणसमेत तिर्न नसकेको, आफैले गाउंको दाजुलाई मेरो खेती पाती गरीदिनु, ठुलोकाम परे सहयोग गरिदिनु भनी गएको र अहिले उल्टै उनीसंग आफुलाई पोलेको, माइतीसंग मिली आफुलाई सताएको भन्ने श्रीमानको आरोपबाट झगडा हुंदा श्रीमानबाट २ पटक नराम्ररी कुटाई खाई माइत जांदा श्रीमानले अब कुट्दिन भनी माइतीको सामु कबुलियतनामा गरी ल्याएको र पछि फेरी पनि बारम्बार शारिरीक र मानसिक यातना दिदा सम्बन्धविच्छेद हुन पुगेको बताउदै अगाडी केही भन्न चाहदिनन् । उनी सामान्य साक्षर हुन् । अहिले छोरी उनीसंग छिन र छिट्टै बुवालाई सुम्पिन्छु भन्दै बच्चापाल्ने कर आफुमा भन्दा श्रीमानमा रहेको बताउंछिन । उनी पुनर्विवाहित भने अहिले सम्म भएकी छैनन् । यिनी हरुको विवाह अन्तरजातिय हो ।

यस वैयक्तिक अध्ययनको सारांश के देखिन्छ भने कम उमेरमा विवाह त छदैछ, त्यसमाथी प्रेम तथा अन्तरजातिय विवाह, परिवारमा पुराना मुल्य, मान्यता र अत्यधिक नयां मुल्य मान्यता र स्वतन्त्रता बिचको टकराव, माइतीको कुरा बढि सुन्ने, अधिकार र स्वतन्त्रताको माग बढि गर्ने, अर्थोपार्जनको निम्ति २ साल सम्म परदेश बस्नु, घरमा श्रीमति खर्चालु व्यावहार र परपुरुषतर्फ आकर्षित र यौनिक क्रिया भएको कुरा श्रीमानले छिमेकीद्धारा सुन्नु, त्यसबाट उत्पन्न विवादले झगडा र कुटपिटको रुप लिनु, जस्ता पारिवारिक अन्तरवैयक्तिक झगडा, अन्तरजातिय विवाह, आर्थिक अभावका साथै यौनिक तथा मनोबैज्ञानिक कारण हावी भएर सम्बन्धविच्छेद हुन पुगेको देखिन्छ । जसमा असमझदारी, एकअर्काको भावनात्मक रुपमा मर्म बुझ्न नसक्ने, अविश्वास र श्रीमान श्रीमती विचको सामिप्यताको कमी र अहंताको जड समेत देखिन्छ ।

## परिशिष्ट-४

**श्रीमान 'घ'** (२६), र  र **श्रीमति 'घ'** (२३)

श्रीमान घ २६ वर्षे आफ्नो बाबुआमाको एक्लो छोरा हुन् । उनको विवाह १७ वर्षको उमेरमा जब उनी कक्षा ९ पास गरी कक्षा १० मा भर्खर प्रवेश गरेका थिए, त्यतिबेला एउटै

विधालयमा कक्षा ८ माप पढ्ने १४ वर्षे केटीसंग प्रेम विवाहमा बाधिंए । विवाह सजातीय थियो । केटीको बारेमा सामान्यतया केटालाई सबै थाहा भएको विवाह पछि २ वर्ष सम्म सुमधुर सम्बन्ध चलिरहेको, त्यसपछि एउटी छोरीको जन्म भएको, ती छोरी जन्मजात लुली भएर जन्मेकी, छोरी जन्मेपछि श्रीमति विनाकारण झगडा र किच किच गरिरहने बानी हुंदा त्यसबाट मुक्त हुन आफुले बजारकी केटी विवाह गरेको कारणले हाम्रो सम्बन्धविच्छेद भएको भनी बताउने श्रीमान घ अन्य कुरा बारे केही बताउदैनन् । यो घट्नामा संलग्न दुवै श्रीमान श्रीमती दुबै चौधरी हुन् । यिनीहरुको गा.वि.स (हसुलिया र जानकीनगर) छुट्टाछुट्टै हो ।

उतातीर श्रीमति 'घ' भने नजिकको नि.मा.वि. पास गरेर कक्षा ८ मा भर्ना हुन अलिक टाढा मा.वि. मा गएको ३ महिना पछि आफु अनायास दलाल मार्फत विवाह बन्धनमा बाधिन पुगेको बताउदै आफ्ना बाबुआमा आफ्नो विवाहमा केही असंतुष्ट हुंदाहुदै पनि करिव १ लाखको सम्मत्ति विवाहमा दाइजो दिएको बताउँछिन । केटीको बाबुको पैतृक जग्गा जमिन प्रशस्त थियो । घरमा सासु सधै कचकच गर्ने, छोरी जन्मेपछि पौषमाघको जाडोमा एकसरो कपडामा सुताउने, उचित स्याहार सुसार नगरेको, ससुरा पनि झगडालु, जाड रक्सी खाएर, भन्ने नभन्ने भन्ने भएको । सोधकर्ताले छिमेकी हरु संग बुझ्दा पनि त्यस्तै उत्तर पाएको । नन्द आमाजुको अत्यन्तै घृणास्पद व्यावहार, लोग्नेले जांड रक्सी खाने, जुवातास खेल्ने, कुटपिट गर्ने तर आफुले कुटाई खाएको बाबुआमा संग नभन्ने, लोग्ने बरालिदै हिंड्ने, सासु र आमाजुले कपालमा समाएर घरबाट निकाल्ने, बारम्बार दाइजो माग गर्ने , सौता ल्याईसके पछि पनि आफ्नो बुवाले इज्जत ठुलो कुरा हो पहिले आफै विवाह गरिस, बस्नुपर्छ । २ श्रीमति स्याहार्न सक्छ भने के भो र ? छोरीलाई पनि हुर्काउनु पऱ्यो । जस्ता कुरा गर्दा साढे एकवर्ष असह्य पीडाको बाबजुद्ध पनि घरमा बसेको बताउदै उनी अगाडी भन्छिन् - "मलाई र मेरो छोरी एउटा कोठामा, सौता र लोग्ने अर्को कोठामा सुत्दा मेरो अनाबश्यक कुरा काटेको, राम्रो राम्रो खाना मगाएर खाएको देख्थे । यता मेरो दुध नआएर बच्ची रोइरहन्थी । म आंशु सहित बच्चालाई फकाउने प्रयास गर्थे भने अर्कोतिर लोग्ने र सौता हासैहासोमा समय विताउथे । मलाई खाना पनि जानि जानि बासी राखी खुवाईन्थ्यो । कर्मलाई दोष दिएर सहन गर्थे । पछि म अत्यधिक विरामी परे विरामी परेपछि मलाई माइत ल्याइयो । म आफै बरबराउथे रुने रहेछु । पछि सन्चो लागे पछि अंश माग गर्दा समेत दिएनन्" । तत्पश्चात बाध्य भई सम्बन्धविच्छेद हुन पुगेको श्रीमति 'घ' बताउंछिन् । पछि त्यो अपाङ्ग छोरी पनि माइतमा पाले पछि मरिन् ।उनी थप्छिन् केटाहरु म कहां आई रहे म मानिन तर भाउजुको नाता पर्ने व्यक्ति भरमा

आए । उनलाई मेरो बारे सबै थाहा हुदा पनि  म विवाह गर्छु भनेर अड्डी कसे र घरैबाट टिका-टाला लगाई हाम्रो विवाह भयो । हाल एउटी छोरी समेत जन्मेको अवगत गराउदै अहिलेको बैवाहिक जीवनबाट खुशी रहेको कुरा उनी बताउछिन् ।

यस वैयक्तिक अध्ययनबाट के कुरा थाहा हुन्छ भने कम उमेरमा भावनात्मक रुपमा बहि या संयोग परी प्रेम विवाहमा बाधिनु, परिवारका सदस्य सासु लगायत अन्यले बुहारीलाई दासीको रुपमा मात्र व्यावहार गरी पारिवारिक सदस्यको हकबाट बञ्चित गराउनु, आमाजुबाट महिलाको व्याथा महिलाले नबुझी उल्टो शोषण र दमनमा सहयोग पुऱ्याउनु, पारिवारिक दुर्व्यवहार दर्शाउनु, लोग्नेको मादक पदार्थ सेबन लगायत परस्त्रीतिर गमन, छोरी जन्मेपछि अत्यन्तै घृणास्पद व्यवहार अपनाउदा छोरीप्रतिको, अझ अपाङ्ग प्रतिको दृष्टिकोणमा घृणा छाउनु, कुटपिट गर्नु , सौता ल्याउनु मानवीय व्यवहार नअपनाई मनोबैज्ञानिक रुपमा तड्पाउनु, त्यसबाट आफु सन्तुष्ट हुनु मनोविकृति कै उपज मान्न सकिन्छ । वास्तवमा यस वैयक्तिक अध्ययनमा अत्यन्तै संबेदनशील पक्षहरु घुसेका छन् । घरेलुहिंसा बारे त उल्लेख जसबाट टिक्ने नसक्ने अवस्थामा सम्बन्धविच्छेद हुन पुगेको छ र नारी माथि पुरुषको दानविय पौरुषिक पक्षहरुले आक्रमक गरी शरीरलाई छिया छिया पारी छोडेको छ भने अर्कोतिर नारीले सहनशीलता शुशीलताको भुमिका निर्वाह गर्नु परेको देखिन्छ ।

## परिशिष्ट-५

**श्रीमान 'ङ' (३५), र श्रीमति 'ङ' (२८)**

श्रीमान 'ङ' कैलालीको टीकापूर  नगरपालिका निवासी वर्ष ३५ का एक सम्पन्न परिवारका जेठो छोरा हुन् ।  उनको विवाह ३० बर्षको उमेरमा कैलालीको घोडाघोडी नगरपालिका निबासी २३ बर्षिय केटीसंग भएको थियो ।  विवाह अगाडी केटाकेटी को देखभेट एक दुई पटक आफन्तहरुको माध्यम बाट भएको थियो । केटाले अमेरिकाबाट इन्जिनियर को पढाई सकेर आएका थिए । केटी बी.ए. पढाई सक्नको लागी टीकापूर  केटाको आफन्तकोमा डेरा लिई बसेकी थिइन । त्यसैबेला केटा आफ्नो पढाई सकेर नेपाल आएका थिए । घरमा विवाहको लागी दवाव भईरहेकोले त्यहि बेला आफन्तको घर जादा आफन्तले नै उक्त केटी देखाएको र एक आपसलाई राम्ररी नबुझी विवाह गरेको । केटीको बी.ए.को पढाई सके पछि आफैले पढाएको सुरु बाट नै केटीले घरका बाबा आमा संग राम्रो व्यावहार नगरेको क्याम्पस जादा पनि ढिलो आउने घरको उत्तरदायित्व नलिने, हुदा हुदा केटासाथी संग घुम्न जाने, एम.एको पढाई सके पछि घरमा नै पसल किराना पसल खोलेको र काम नपाइन्जेल पसल गरेर बस भन्दा पसल पनि धेरै नखोल्ने, खोल्दा पनि उसको केटा साथी घरमा नै

आएर दिन भरी पसल मा बस्ने । मलाई "तैले बाहिर पढेर आएर पनि केही काम नगरी बस्ने नामर्द" जस्ता बचनहरु लगाउने ।

त्यसको बाबजुद्ध पनि वैवाहिक सम्बन्ध चलिरहेको थियो । घरका बाबा आमा पनि यु.के. जानुभयो घरमा जम्मा हामी दुई र एक छोरी थियौ । मैले पनि केही काम पाइरहेको थिइन त्यसैले श्रीमति लाई नै पसलमा सघाउथे । म हुदा पनि उसको त्यो केटासाथी आएर दिन भर बसिरहन्थ्यो । त्यस्तै मा श्रीमतिले मलाई नै नसोधी ६ लाख रुपैया अरुलाई दिएछ । पछि त्यो ऋण उठाउन पनि सकेन । त्यो पैसा पनि उसको त्यहि केटा साथी र उसको नाममा कागज बनाएर दिएको रहेछ । घर प्रतिको उसको लापारबाही , घरको सदस्यलाई दुश्मन झै व्यावहार गर्ने, छोरीको पढाइप्रति पनि ध्यान नदिने, त्यही माथी केटासाथीलाई दिनभर घरमा राख्ने हुनाले असहय भई सम्बन्धविच्छेद गर्नुको अरु विकल्प नभएको कुरा श्रीमान 'ङ' बताउछन् ।

उता श्रीमति 'ङ' आफुलाई केटाको आफन्तको मा डेरा लिई पढ्न बसेको बेला केटाको आफन्तले बानी व्याहोरा मन पराई उक्त केटा संग झुक्याएर केही बुझ्न नै नपाई विवाह गर्न मजबुर गरेको । विवाह गरेको २ वर्ष पछि एम.ए पढ्दा पढ्दै एक छोरीको जन्म भएको । तर विवाह पछि देखी नै सासु ससुराको व्यावहार आफुप्रति पराई जस्तो भाको । क्याम्पस बाट काम विशेषले ढिलो आउदा पनि को संग घुमेर आयो भन्ने । मैले खाना बनायो भने केही न केही खोट लगाउने । घरमा गरेको कामहरु पनि मन नपराउने, श्रीमान ले पनि आमा बाबा को त्यस्तो व्यावहारको विरोध नगर्ने, छोरी जन्मेको केही साल पछि अर्को बच्चा चाहिन्छ भने अहिले नै जन्माउ भन्दा श्रीमान ले चाहिदैन भनेको । फेरी पछि छोरा चाहियो भनेर मलाई देखि नसहेको । सासु,ससुरा यु.के. गए पछि पनि फोन बाट कहिलेपनि म संग राम्ररी कुरा नगरेको । खाली छोरालाई नाना भाती कुरा लगाएर उकासी रहने । त्यही दौरान भेट भएको केटा साथी घरमा आउदा श्रीमानले पनि साथी नै बनाएको । र श्रीमान श्रीमति नै सल्लाह गरेर छिमेकी आफन्तलाई ऋणमा पैसा त्यो केटाको समेत मिलाएर दिएको । पछि आफ्नै मात्र हो भनेर दावी गरेर श्रीमान ले बेइमान गरेको कुरा श्रीमति बताउछिन् ।

त्यसमाथि छोरीको अपरेशन भएर हस्पिटल बस्दापनि श्रीमान हस्पिटलमा नबसेको र त्यहि केटा साथी लाई पठाएको । आफु विदेश पढेर आए पनि यहा नेपालमा निकम्मा भइ डुल्ने कुनैपनि काममा सहयोग नगर्ने राती मातेर घरआउने, बाहिर गएर मात्न नपाए घरमा नै मातेर बस्ने । एकदिन आफैले केटासाथीहरु संग मातेर आई कुटपिट गरी आधारातमा छोरी र मलाई घरबाट

बाहिर निकाली दियो । त्यसैले बाध्य भई माइतीहरु संग सहयोग लिई अन्त्यमा सम्बन्धविच्छेद गर्नु परेको , हाल दुवैजना ले दोस्रो विवाह नगरेको कुरा श्रीमती बताउछिन् । यिनीहरु दुवैको जात कार्की हो ।

माथिको वैयक्तिक अध्ययनबाट के निष्कर्ष देखिन्छ भने दुवैजना शिक्षत भए पनि एक आपस लाई राम्ररी नबुझी विवाह गर्नु, आफन्तको दवावमा पर्नु, विवाहको लागी स्वच्छिक निर्णय नहुनु, यो जमानामा पनि बुहारीमाथी सासुले घरेलु हिंसा हुने व्यवहार गर्नु, श्रीमानको त्यसविषय कुनै विरोध नहुनु, महिलालाई मन लागेको समय मा छोरा पाउन दवाव दिनु, एक अर्काको साथीप्रति संकालु दृष्टि र लाञ्छना लगाउनु, आपसी विश्वास, सहयोग र समझदारीमा कमि र मनोबैज्ञानिक कारण समेत सम्बन्धविच्छेदको निम्ती बढी जिम्मेबार देखिन्छ ।

यसरी उल्लेखित विभिन्न Case हरु अध्ययन गर्दा कम उमेरमा गरेको विवाह, त्यसपछि आईपर्ने परिस्थितीलाई सम्हाल्न अर्थोपार्जन गर्न भारत, तथा खाडी मुलुकतिर लाग्नु या स्वदेशमै केही गर्न खोज्नु, त्यसबेला लोग्ने स्वास्नी विचमा रहेको सामिप्यतामा फराकिलो हुनु, लोग्ने नकमाई, कुलतमा फस्नु या कमाए पनि घरमा श्रीमतिको व्यावहार चाल ढंग फरक किसिमको हुनु, बुहारी घरमा भित्रिएपछि उनलाई आफ्नो परिवारको सदस्यको रुपमा नहेरी दासीको रुपमा हेर्नु , अपमान र दुर्व्यवहार गर्नु, सौता ल्याउनु लगायत पारिवारिक अन्तरवैयक्तिक झगडा, विवाहका कारण उब्जिएको स्थिती आर्थिक कारण, यौनजन्य र मनोबैज्ञानिक कारणहरुको समिश्रणबाट सम्बन्धविच्छेद हुन पुगेको देखिन्छ । जे होस् कम उमेरको विवाह आत्मीय सम्बन्धको अभाव, आपसिक विश्वासमा संकट, उच्च महत्वकांक्षा लगायत सामाजिक मुल्य र मान्यता जस्ता पक्षहरुले समेत सम्बन्ध विच्छेदमा अपरोक्ष वा परोक्ष रुपमा प्रभाव पारेको देखिन्छ ।

# सन्दर्भ ग्रन्थसूची


**नेपालीमा लेखिएका पुस्तकहरु :**

आचार्य, बलराम, (२०५५): *नेपाली समाजमा विवाह र संबन्धविच्छेद एक समाजशास्त्रीय अध्ययन,* समाजशास्त्र स्नातकोत्तर तहको आंशिक तहको पाठ्यक्रम पुर्तिको लागि प्रस्तुत गरिएको शोधपत्र त्रि.वि.वि; किर्तिपुर ।

आचार्य, बलराम, (२०५७): बिकाश समाजशास्त्र, काठमाडौं, आचार्य प्रकाशन प्रा. लि.

मिश्र, चैतन्य, (सन् २०१०): *बदलिदो नेपाली समाज,* काठमाडौं, फाइनप्रिन्ट ।

थपलिया, शान्ता, (२०४८): *नेपालको पारिवारिक कानुन,* ललितपुर, ल्याक ।

भण्डारी, कृष्ण प्रसाद, (२०५७): *समाजशास्त्र र मानवशास्त्रका सिद्धान्तहरु,* भोटाहिटी, एम.के. पव्लिसर्स एन्ड डिस्ट्रव्युटर्स ।

पैरवी प्रकाशन, *(२०२०): मुलुकी ऐन २०२० को एघारौं संसोधन सहित, (२०५९), काठमाण्डौ,* पैरवी प्रकाशन ।

हिमाल खवरपत्रिका, (२०५७): *सम्बन्धविच्छेदको बाढी,* पुल्चोक, हिमाल मिडिया प्रा.लि. ।

श्रेष्ठ, ज्ञाइन्द्र बहादुर, (२०५६): *हिन्दु विधिशास्त्र र नेपालको कानुनी व्यावस्था, काठमाण्डौ,* पैरवी प्रकाशन ।

सिंह, टोपबहादुर, (२०३८): कानूनी शब्दकोष, काठमाण्डौं, पैरवी प्रकाशन ।

**पत्रपत्रिकाहरु :**

अखण्ड भण्डारी, १४।०९।२०६९, *जटिल समस्या बन्दै सम्बन्धविच्छेद,* कान्तिपुर दैनिक,

जनकराज सापकोटा, ३०।०२।२०७३, *राजधानीमा दैनिक ५ वटा, बढ्दै सम्बन्धविच्छेद,* कान्तिपुर दैनिक ।

दिपशिखा शर्मा, १५।०५।२०७०, *"उच्च वर्गमा सम्बन्धविच्छेदको दर बढी,* हाम्रो संसार डट कम,

लक्की चौधरी, २१।०२।२०७२, *नेपालमा प्रतिवर्ष सम्बन्धविच्छेदको दर बढ्दै,* नेपाल समाचारपत्र

सुजाता आचार्य, १५।११।२०७१, *सम्बन्धविच्छेदको प्रमुख कारण: बदलिँदो जीवन शैली,* अन्नपूर्ण पोष्ट ।

विभिन्न अदालती डायरीहरुवाट ।

## अंग्रेजीमा लेखिएका पुस्तकहरु :


Barbara, T. & Jean, C. (1979). *Who divorce?* Marriage Research Central Middlesex Hospital, London, Bonstan and Henely.

Bumpass, L.L. & Sweet, J.A. (1972). *Diffential in Marital Instability 1970: Americam Sociological Riview*, New York, American Books Co.

Burgess, E.W. & Locke, H.J. (1953*). The Family from Companionship*, New York, American Books Co.

Campbell, H. (1979). *Black Law Dictionary*, New Jersy, The Law Book Exchange L.td.

Chaudhary, J.N. (1988). *Divorce in Indian Socity: A Sociological Studies of Marriage Disrupsion and Role*, Jaipur, Printwell Publishers Co.

Encyclopedia Britanika: *The Online Book Page Vol:3*

Goode, W.J. (1956). *Women in Divorce* , New York, Free Press Co.

Harvey, J.L. (1961). *Predicicting Adjustment in Marriage*, New York, Henry Hatt & Co.

Kuppuswamy, B. (1957). *Openion Regarding Marriage & Divorce*, Bombay, Asian Publising Co.

National Conference of Commissioners on Uniform State Laws, (1970). *Uniform Marriage And Divorce Act 1970*, Chicago, N.Michigon Ave Suite.

Nepali, G.S. (1965*). The Newars: An Ethno-Sociological Study of Himalayan Community*, Kathmandu,Himalayan Book Sellers,

Orintal Publishing Co. (1955*). Hindu Marriage Act 1955*, New Delhi, Orintal Publishing Co.

The Parliament of U.K. (1957) . *The Matrimonial Cause Act 1957*, London, The Parliament of UK.

Udry, R.J. (1966*). The Journal of Sociology*, Chicago,The Unversity of Chicago Press Books.

Winch, R.F. & Goodman, L.W. (1968) . *Selected Studies in Marriage and the family*, New York, Halt Rinehart & Winston Co.

## अध्ययनको लागि तयार पारिएका प्रश्नावलीहरू:

१.सम्बन्धविच्छेदकर्ताको÷उत्तरदाताको वैयक्तिक विवरणहरुः

नाम : ............. ........... ............उमेर :....... ....भाषाः...............

शिक्षाः....... ..... ... पेशाः..... ...... ...... जातिः...... ...... ...... .........

लिंग : पुरुष ☐ महिला ☐ धर्म :....... ....... ....... ...........

२. तपाईको ठेगाना

स्थायीः जिल्ला............अंचल............गा.वि.स÷न.पा..............वडा नं.............

अस्थायीः जिल्ला............अंचल............गा.वि.स÷न.पा..............वडा नं...........

३. विवाह गर्दा तपाइको श्रीमान/श्रीमतिको उमेर कति थियो ?

श्रीमान ☐ श्रीमति ☐ वर्षमाः........ ....... ....... ......... ........ .....

४. विवाह हुनु अगाडी तपाइहरु बिच चिनजान थियो या थिएन ? थियो भने कति समय अघि देखि? ....... ...... ...... ...... ...... ...... ...... ...... ...... ...... ...... ...... ......

५. चिनजान पछि वा विवाह अगाडी तपाईको श्रीमान /श्रीमतिको कुन कुन पक्षवारे तपाईलाई थाहा थियो ? ...... ...... ...... ...... ..... ...... ...... ...... ...... ...... .......................

आर्थिक ☐ शारीरिक ☐ सबै थाहा भएको ☐

सामाजिक ☐ शैक्षिक ☐ कुनै थाहा नभएको ☐

६. विवाहमा तपाईको पुर्ण सहमति थियो ?

थियो ☐ थिएन ☐ किनकी.............. ............... ................ ............... .........

७. तपाईहरुको विवाह गर्दा परिवारको रुप कस्तो थियो ?

श्रीमान: श्रीमति:

एकात्मक ☐ संयुक्त ☐ वृहत ☐ एकात्मक ☐ संयुक्त☐ वृहत ☐

८. थाहा भए तपाईहरु बसाई सराई गर्नु भएको हो ?

श्रीमान : हो ☐ होईन ☐ हो भने कहां बाट ................. ........ श्रीमति: हो ☐ होईन ☐ हो भने कहां बाट ................. ................. ........................................

९. तपाईहरुको विवाह कस्तो खालको विवाह हो ?

प्रेम विवाह ☐ प्रेम + मागी विवाह ☐ अन्तर्जातिय विवाह ☐

मागी विवाह ☐ सजातिय विवाह ☐

१०. विवाह गर्दा तपाईको श्रीमान / श्रीमतिको शिक्षा कति थियो? र अहिले कति छ ?

विवाह गर्दा : संबन्ध विच्छेद गर्दा :

श्रीमान........................... .....................................

श्रीमति........................... .....................................

११. विवाह गर्दा तपाईले कुन पेशा अपनाउनु भएको थियो र अहिले कुन पेशा मा आवद्ध हुनुहुन्छ ?

श्रीमान : श्रीमति:

विवाह गर्दा........................ विवाह गर्दा .....................................

अहिले.............................. अहिले ..................................

१२. विवाह गर्दा र अहिले तपाईको नगद र अचल सम्पत्ति समेत के कति आयश्रोत थियो र छ ?

विवाह गर्दा .................................. अहिले ...............................

१३. विवाह पछि तपाईको श्रीमान / श्रीमति विरामी या कुनै दुर्घट्नामा पर्नु भयो या भएन ? भएको या परेको भए त्यसबाट के परिणाम निस्क्यो ?

श्रीमान............................................

श्रीमति ...........................................

१४. विवाह पछि तपाईहरु लोग्ने /स्वास्नीवीच छुट्नि समय आइपरयो या परेन, परयो भने कति समय र किन?

...........................................................................................

१५. तपाईहरुको आमाबाबुको शिक्षा, पेशा र आय ?

| **श्रीमानको:** | **शिक्षा** | **पेशा** | **आय** | **श्रीमतिको:** | **शिक्षा** | **पेशा** | **आय** |
|---|---|---|---|---|---|---|---|
| आमा | | | | आमा | | | |
| बुवा | | | | बुवा | | | |

१६. तपाईको मासिक आम्दानी कति हुन्छ र खर्च कति ?

श्रीमान ......................................................

श्रीमति......................................................

१७. संबन्ध विच्छेद गर्दा तपाईहरु कस्तो परिवारमा बस्नुहुन्थ्यो ?

श्रीमान : एकात्मक ☐ संयुक्त ☐ वृहत ☐

श्रीमति: ( माइतीतर्फका) एकात्मक ☐ संयुक्त ☐ वृहत ☐

१८. तपाईहरुको दाम्पत्य जीवन कति अवधि सम्म चलेको थिया ?

........................................................................................................

१९. तपाईको घरपरिवारमा सदस्यहरुमा कस कसको व्यावहार किन मन पराउनु हुंदैन, खुलस्त पारिदिनु हुन्छ कि? ...........................................................................

२०. तपाईको श्रीमान/श्रीमतिको तपाईलाई मन नपर्ने बानीहरु के के हुन ? खुलस्त पार्नुहुन्छ कि ?...................................................................... ..... .........

२१. विवाहपछि तपाईहरुको बच्चाबच्ची भए या भएनन् ? भएको भए कति छन् ?

........................................................................................................

२२.तपाईहरु दुईमध्ये कसैले परिवार नियोजनको अस्थायी विधि प्रयोग गर्नुभयो कि भएन ? गर्नुभएको भए कसले र किन ?...................................................................

२३. बच्चाबच्चीहरु कति कति वर्षका भए ? स्कुल पढ्ने भए कति कक्षामा र कस्तो विधालयमा पढ्छन् ? बताईदिनु हुन्छ कि ? ....................................................

२४. ती बच्चाबच्चीहरु को संग छन् र किन? ................................................

२५. बच्चाबच्ची संग भेटघाटको अवसर पाउनुहुन्छ कि पाउनु हुन्न ? पाउनु हुन्छ भने कसरी र कति समयको वीचमा ? ................................................................

२६. तपाईको छोरा या छोरी पढाईमा कस्ता छन् ? कुन श्रेणीमा उत्तिर्ण गर्छन् ?

.........................................................................................................

२७. तपाईहरुको संबन्ध विच्छेदपछि बालबच्चाको बानी व्यहोरा, पढाई लेखाई, मनोरन्जन, इच्छा, आकांक्षामा कुनै परिवर्तन आएको महसुस गर्नु भएको छ कि छैन ?

छ भने कस्तो ? ...........................................................................

२८. कहिले कांही आमा बाबुको बारेमा सोध्ने गर्छ ? गर्छ भने के भनेर जवाफ दिनुहुन्छ ?

..........................................................................................................

२९. तपाईको विचारमा संबन्धविच्छेदले सन्तानलाई कस्तो प्रभाव पार्छ ?

राम्रो ☐ नराम्रो ☐ थाहा नभएको ☐

३०. तपाईले संबनधविच्छेद गर्नु पर्ने कारणहरु के के हुन ? ................................

३१. तपाईलाई आफ्नो कमजोरी भए जस्तो लाग्छ कि लाग्दैन ? लाग्छ भने के ?

.......................................................................................................

३२. तपाईलाई संबन्धविच्छेद गर्न कसैले प्रेरित गरे कि गरेनन् ? गरे भने कसले र किन ?

......................................................................................................

३३. संबन्धविच्छेदको कानुनी प्रावधान र प्रकियाबारे केही भन्नुहुन्छ कि ?

.....................................................................................................

३४. संबन्ध विच्छेद पश्चात को संग बस्नु भएको छ ?

आमाबाबु वा माइतीसंग ☐ नयां दम्पत्ती संग ☐ अन्य ☐

३५. संबन्ध विच्छेद पश्चात तपाईले कस्तो महसुस गर्नु भएको छ ?

सुखी ☐ दु:खी ☐ ठिकै ☐

३६. पुनर्विवाह गर्ने सोचाईमा हुनुहुन्छ या हुनुहुन्न र किन ?..............................

३७. पुनर्विवाह पछि तपाई तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ?..............................

३८. संबन्धविच्छेद ले समाजमा कस्तो प्रभाव पार्ला जस्तो लाग्छ ?

व्यक्तिगत रुपमा ........................... .............................. ....................

पारिवारिक रुपमा ...................... .................................. ....................

समाजमा ............................ ......................... ...................... .........

३९. बच्चाबच्चीको भविश्यबारे के सोच्नु भएको छ ?............... ...................

४०. संबन्धविच्छेद संबन्धी अरु केही भन्न चाहनुहुन्छ ? .............. ................